सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ चैत २०७९, बुधबार (22 March 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३३२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

दुई दशकदेखि अलपत्र क्रिकेट पूर्वाधार

खेलाडीको लगनले एकपछि अर्को सफलता प्राप्त गरे पनि देशभित्र क्रिकेट पूर्वाधारको अवस्था दयनीय छ। अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न मिल्ने एउटा रंगशालासमेत छैन। निर्माणाधीन रंगशाला पनि अलपत्र छन्। नेपाल क्रिकेट संघ आन्तरिक विवादले आफैँ भद्रगोल छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

खेलाडीको लगनले क्रिकेटमा नेपालले एकपछि अर्को सफलता प्राप्त गरिरहेको छ। तर, देशभित्र क्रिकेट पूर्वाधारको अवस्था भने दयनीय छ। अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न मिल्ने एउटा पनि रंगशाला छैन। सम्बन्धित निकायको गैरजिम्मेवारीका कारण निर्माणाधीन रंगशाला पनि अलपत्र छन्। देशभित्र र अन्तर्राष्ट्रिय मञ्चमा क्रिकेटको विकास तथा खेलाडीको क्षमता अभिवृद्धिका लागि पहल गर्ने जिम्मेवारी बोकेको नेपाल क्रिकेट संघ (क्यान) आन्तरिक विवादले आफैँ भद्रगोल छ।

त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुरमा देशको एक मात्र अन्तर्राष्ट्रिय क्रिकेट मैदान छ, त्यो पनि त्रिविकै स्वामित्वमा। त्यसैले सरकारले १९ वर्षअघि ०६० मा काठमाडौंको कागेश्वरी-मनोहरा नगरपालिका- ६ स्थित मूलपानीमा अर्को अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउने गुरुयोजना ल्यायो। ०६० मै जग्गा प्राप्तिपछि ०७१ देखि ठेक्का लगाएर रंगशाला निर्माणको काम सुरु भयो। तर, राष्ट्रिय गौरवको आयोजनाभित्र समेटिएको यो क्रिकेट रंगशाला हालसम्म पनि अधुरै छ।

खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद्लाई रंगशाला निर्माणको जिम्मा दिएको छ। परिषद्ले प्रतिष्ठा सुनकोसी आर एन्ड सी जेभी कन्स्ट्रक्सनलाई ठेक्का दिएको छ। ०७३ असारसम्म सक्नुपर्ने पहिलो चरणको ठेक्का तीनपटक म्याद थपेर ०७५ मा मात्रै सकाएको कन्स्ट्रक्सनलाई नै दोस्रो चरणको ठेक्का सुम्पिँदा फेरि पनि ढिलासुस्ती गरेको छ। झन्डै १३ हजार दर्शक अट्ने क्षमताको रंगशालाको दोस्रो चरणमा ३५ प्रतिशत मात्रै काम भएको छ। जब कि १४ मंसिर ०७७ मा लागेको ठेक्का सम्झौताअनुसार आगामी असारसम्म सक्नुपर्नेछ। तर, तोकिएको समयमा निर्माण सकिन असम्भव छ। दुईवटा ब्लक, जनरल प्यारापिट, एउटा भिआइपी कक्ष, खेलाडीको

» पृष्ठ ११ मा क्रमशः



काठमाडौंको मूलपानीमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला। ०६० मा गुरुयोजना बनाएर ०७१ मा ठेक्का लगाएको रंगशाला अझै सम्पन्न हुन सकेको छैन। पहिलो चरणअन्तर्गत मैदान सम्याउने र तीनवटा प्यारापिट ब्लक निर्माण गर्ने काम भयो। दोस्रो चरणमा वरिपरि वाल लगाउने, जग्गा संरक्षण गर्ने, मुआब्जा विवाद सुल्झाउने र ग्राउन्ड क्लियर गर्ने काम सकिएको छ। पिच गर्ने, दुईवटा ब्लक बनाउने, जनरल प्यारापिट निर्माण गर्ने, एउटा भिआइपी कक्ष, खेलाडीको चेन्जिङ रुमलगायत संरचना बनाउन बाँकी छ। रंगशालाको पश्चिमतर्फ बाटो निर्माण र पार्किङ व्यवस्थापनको कार्य पनि बाँकी नै छ। यी काम गर्न झन्डै दुई वर्ष लाग्ने अनुमान छ। तर, ठेकेदारलाई दिइएको म्याद असार ०८० सम्म हो। अहिलेसम्मको भौतिक प्रगति हेर्दा अझै पनि तोकिएको समयभित्र निर्माण सम्पन्न हुने देखिँदैन। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका



ठेकेदारलाई पनि समयमै काम सक्न निर्देशन दिएका छौं

● लवराज जोशी, सूचना अधिकारी, खेलकुद मन्त्रालय

रंगशाला निर्माण गरेर व्यवस्थित तरिकाले सञ्चालन गर्ने जिम्मा खेलकुद परिषद्को हो। परिषद्ले लामो समयसम्म पनि रंगशाला निर्माण गरेको छैन। यसमा मन्त्रालयले निगरानी गरिरहेको छ। हामीले ठेकेदारलाई पनि समयमै काम सक्न निर्देशन दिएका छौं।



पूर्वाधार अभाव :

क्रिकेट विकासको चुनौती

● चतुरबहादुर चन्द, अध्यक्ष, क्यान

हामी आगामी दिनमा टेस्ट खेलिरहेका राष्ट्रसँग खेल्दै छौं। हामीले पनि टेस्ट खेल्ने हो भने कम्तीमा पनि अन्तर्राष्ट्रियस्तरका गतिला दुई रंगशाला चाहिन्छन्। त्यो नभए आइसिसीले टेस्ट राष्ट्रको मान्यता नै दिँदैन।

(अग्रलेख। पृष्ठ ६)

■ अभियानकर्ताले हात झिकेपछि खण्डहर बन्दै गौतमबुद्ध रंगशाला



धुर्मुस-सुन्तली फाउन्डेसनले गरेको निर्माणमा भरतपुर महानगरको लेखापरीक्षण प्रतिवेदन :

रंगशालामा खर्च ६३ करोड, ऋण १८ करोड

चितवनमा **विवेक पोखेल**

धुर्मुस-सुन्तली फाउन्डेसनले देश-विदेशमा रहेका नेपालीबाट सहयोग जुटाएर भरतपुरमा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण थाले पनि आर्थिक अभाव देखाउँदै डेढ वर्षदेखि काम रोकिएर अलपत्र छ। २० माघ ०७५ मा फाउन्डेसनका अध्यक्ष सीताराम कट्टेल (धुर्मुस) र उपाध्यक्ष कुञ्जना घिमिरे (सुन्तली)ले भरतपुर- १५ स्थित कृषि तथा वनविज्ञान विश्वविद्यालयको जग्गामा डोजर चलाउँदै रंगशालाको डिपिआर प्रक्रिया सुरु गरेका थिए। उनीहरूले ६ महिनाभित्र डिपिआर सकेर दुई वर्षभित्र रंगशाला तयार गर्ने उद्घोष पनि गरेका थिए। तर, अभियानकर्ताले नै हात झिकेपछि



● भरतपुरकी मेयर रेनु दाहाल भन्छिन्- ऋणका कारण समस्या भएको हो, अब गाँठो फुकाएर काम हुन्छ

» पृष्ठ ११ मा क्रमशः

सबैतिर अलपत्र

● ०७१ मा निर्माण थालिएको बैतडीको रंगशाला निर्माणको काम ठप्प

● रुपन्देहीमा अन्तर्राष्ट्रिय स्तरका दुई क्रिकेट रंगशाला निर्माण कछुवा गतिमा

● पोखरामा एक अर्ब ६३ करोडको रंगशाला बनाउन डिपिआर तयार, तर ६ वर्ष बित्दा पनि काम सुरु भएन

● बैजनाथपुर क्रिकेट रंगशालालाई स्पोर्टस् कम्प्लेक्स बनाउने चुनावी मुद्दा मात्र

● फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला : सरकारले पूर्वाधार समिति बनायो, डिपिआरका लागि बजेट दिएन, मैदान गौचरन बन्यो

● हेटौंडामा २५ हजार दर्शक क्षमताको क्रिकेट रंगशाला बनाउन डिपिआर तयार, काम सुरु भएन

● धरानमा बल्ल डिपिआर, क्रिकेट मैदान कि पार्क भन्नेमा पनि विवाद

● कोहलपुरमा क्रिकेट मैदानका लागि दुई करोड विनियोजन, तर अझै टेन्डर भएन

● कर्णालीमा क्रिकेटको एउटै रंगशाला छैन, जग्गा खोज्न बल्ल समिति गठन

कुपोषणले पाँचमहिने बालकको अस्पतालमै मृत्यु

बाजुरामा **गगन अयडी**

बाजुरामा कुपोषित पाँचमहिने बालकको अस्पतालमै मृत्यु भएको छ। बुढीनन्दा नगरपालिका- ६ की रमिता नेपालीका छोरा जनमको जिल्ला अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको हो।

पखाला लाग्ने र ज्वरो आउने समस्या भएपछि एक साताअघि अस्पतालको पोषणा पुनर्स्थापना केन्द्रमा ल्याइएका बच्चाको मंगलबार बिहान मृत्यु भएको अस्पतालका सूचना अधिकारी नृप गिरीले बताए। अस्पतालकी पोषण कार्यक्रम संयोजक निर्मला सुनारका अनुसार दुई महिनाअघि पनि दुई साता उपचार गरेर डिस्चार्ज गरिएको थियो।

> **बाजुरामा ४८.८% बालबालिकामा ख्याउटेपना, ३०.६% को कम तौल र ८.६% मा पुड्कोपना, १२ प्रतिशत मात्रै स्वस्थ**

'आमाको सानै उमेरमा विवाह भएको रहेछ। पर्याप्त पोषणयुक्त खानेकुराको अभावमा उनको कमजोर शारीरिक अवस्था र बच्चालाई चुसाउन पर्याप्त दूध पनि नआएका कारण कुपोषण भएको देखिन्छ,' संयोजक सुनारले भनिन्, 'पोषणयुक्त खानेकुराको अभावमा कुपोषित भएको बच्चाको उपचारकै क्रममा ज्यान गएको छ।'

आमा रमिताले आफ्नो दूध पनि नआएको र घरको कमजोर आर्थिक अवस्थाका कारण बच्चालाई अन्य पोषणयुक्त खानेकुरा दिन नसकेको बताइन्। 'मेरो दूध नआए पनि सुरुको एक महिना घरमै गाईको दूध खुवाइयो। तर, पछि गाईले दूध दिन छाड्यो। अर्को गाई किन्न पैसा भएन,' उनले भनिन्, 'आर्थिक कमजोरीका कारण दूधलगायत पोषणयुक्त खानेकुरा खुवाउन सकिएन।'

१९ वर्षको उमेरमा विवाह गरेकी उनी अहिले २१ वर्षकी भइन्। जनम उनको पहिलो सन्तान हो।

बाजुरामा कुपोषणको अवस्था भयावह छ। जिल्ला जनस्वास्थ्य अधिकृत महेश चन्दका अनुसार जिल्लाभर ४८.८% बालबालिकामा ख्याउटेपना, ३०.६% को कम तौल र ८.६ % मा पुड्कोपनाको समस्या छ। १२% मात्रै बच्चा स्वस्थ रहेको उनले बताए। जिल्लाका नौवटै स्थानीय तहका स्वास्थ्य शाखाले उपलब्ध गराएको तथ्यांकका आधारमा यस्तो रिपोर्ट निस्किएको चन्दको भनाइ छ।

१० वर्षपछि मधेसकेन्द्रित दल एकैपटक सरकारमा

रणनीति कि बाध्यता ?



अनिल यादव/नयाँ पत्रिका

गज्जबको संयोग बनेको छ- १० वर्षपछि मधेसकेन्द्रित दल एकैपटक एउटै सरकारमा सहभागी हुँदै छन्। ०६८/६९ मा तत्कालीन माओवादी नेता डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा एकैपटक सहभागी उनीहरू अहिले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा जोडिने तयारीमा छन्। मधेसकेन्द्रित सबै दलले सोमबार संसद्मा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएका छन्।

उपराष्ट्रपति मुद्दामा उनीहरूबीच मतभेद भए पनि सरकारमा सहभागी हुने विषयमा भने एकरूपता छ। ०७२ को संविधानपछि पटक-पटक विभाजित भएका दल एक

» पृष्ठ ११ मा क्रमशः

● **राजकिशोर यादव**, जसपा सांसद



संविधानको कार्यान्वयन र त्यसको नेतृत्व प्रचण्डले गरेका हुनाले हामी एउटै सरकारमा जान तयार भएका हौं। संघीयताविरोधी शक्तिविरुद्ध लड्न संघीयता र गणतन्त्र पक्षधर एकै ठाउँमा उभिनुपर्ने कारण पनि छ। र, मधेसकेन्द्रित दलहरू गत निर्वाचनमा कमजोर अवस्थामा देखिए, त्यसले बाहिर बसेर आन्दोलन उठान गर्ने स्थिति पनि भएन।

● **सिके राउत**, अध्यक्ष, जनमत

धेरै समय छिन्नभिन्न भएका मधेसकेन्द्रित दल अहिले संसद्मा खुम्चिएका कारण पनि एकै ठाउँ हुनुपर्छ भन्ने महसुस भएको हुनुपर्छ। तर, एउटै गठबन्धनमा भए पनि लोसपा, नागरिक उन्मुक्ति र जनमत एकै ठाउँमा छौं। कार्यगत एकता पनि छ। जसपा गठबन्धनभित्रै पनि अर्कोतिर छ, योचाहिँ दुर्भाग्य नै हो। शक्ति सञ्चय गर्न पनि सबै सरकारमा सहभागी हुन बाध्य भएको हुनुपर्छ।

● **लक्ष्मण जगेठवा थारू**, संगठन विभाग प्रमुख, नागरिक उन्मुक्ति



अहिलेको नयाँ गठबन्धनमा लोकतान्त्रिक धार र संघर्ष गरेर आएका दल मात्रै समावेश छन्। गणतन्त्र, संघीयता र व्यवस्थाविरोधी दल बाहिरिएका छन्। परिस्थिति फरक बनेकाले हाम्रो मागको सुनिश्चितता भएको अवस्थामा सरकारमा जान सकिन्छ। सरकारलाई समर्थन गरेपछि जान पनि त पऱ्यो।



● **डा. सुरेन्द्र झा**, लोसपा नेता

अहिले संसद्भित्रै रहेको दल राप्रपाले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा सहभागी नभएर गणतन्त्रलाई प्रस्टसँग चुनौती दिएको देखियो। एमालेले राप्रपासँग साँठगाँठ गरिरहेको छ। उनीहरूले संघीयता सहजै स्विकार्ने नमानिरहेको देखिन्छ। त्यसै कारण देशमा संघीयता र समावेशिता हुनुपर्छ भन्ने गणतन्त्र पक्षधर शक्तिहरू एक ठाउँमा उभिनुपर्ने बाध्यात्मक परिस्थिति बनेको हो।

■ विश्लेषक विजयकान्त कर्ण भन्छन्- **कुनै पनि राजनीतिक सन्देश बोकेको छैन**



मधेसकेन्द्रित दल अहिले एकै गठबन्धनमा हुनु या एकैपटक सरकारमा जानुले कुनै पनि राजनीतिक सन्देश बोकेको छैन। यो उनीहरूको पतनको बाटो मात्रै हो। मधेसी दलहरू सत्तामा जाँदा मधेसको कुनै पनि एजेन्डा सम्बोधन हुँदैन। जनतामा नैराश्यता झन् बढेर जान्छ। मधेसकेन्द्रित दल मात्रै किन ? कांग्रेस, एमाले, माओवादीलगायत नेपालको कुनै पनि राजनीतिक दललाई सत्ताबाहिर प्रतिपक्षमा बसेर पनि काम गर्न सकिन्छ भन्ने कुरामा विश्वास छैन। सत्ताबाहिर बसेर जनताको सेवा गर्न सकिन्छ, संसद्मा भूमिका निर्वाह गर्न सकिन्छ भन्ने कसैलाई विश्वास छैन।

वडा प्रहरी कार्यालय हटाएर व्यापारिक कम्प्लेक्स बनाउँदै ललितपुर महानगर

ललितपुर महानगरले वडा नम्बर १२ लगनखेलस्थित वडा प्रहरी कार्यालय जबर्जस्ती हटाउन खोजेपछि स्थानीय र कार्यरत प्रहरीले विरोध जनाएका छन्। ०४६ देखि प्रहरी कार्यालयका रूपमा रहेको सरकारी भवन भत्काएर व्यापारिक कम्प्लेक्स बनाउन लागेपछि विरोध भएको हो।



महानगरका प्रवक्ता राजु महर्जन भन्छन्- **नयाँ भवनमा प्रहरीलाई पनि ठाउँ दिइन्छ**

(विस्तृत पृष्ठ २)

■ बागमतीका मुख्यमन्त्रीले पुनः विश्वासको मत लिँदै

सरकारमै रहेको एमाले अन्योलमा, मुख्यमन्त्रीमा कांग्रेसको दाबीले जम्कट्टेल दबाबमा

(विस्तृत पृष्ठ ३)

तीन दशकदेखि बन्द वीरगन्ज कृषि कारखानामा आविष्कार केन्द्रले गरेको परीक्षण उत्पादन सफल



सरकारले प्रतिबद्धता जनाएको रकम निकासा गरे उद्योग पूर्ण रूपमा सञ्चालन गर्ने राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख महावीर पुनको भनाइ

(विस्तृत पृष्ठ ९)

पुटिन हेगको कठघरामा उभिने सम्भावना कति ?



युक्रेनी बालबालिकालाई तिनका घरबाट बलजफ्ती अपहरण गरेर रुस लगेर मानवताविरुद्धको अपराध गरेको आरोपमाथिको सुनुवाइका लागि पुटिनलाई आइसिसीले हेगमा उपस्थित गराउन सक्ला वा पुटिनको उपस्थितिविनै उनीमाथिको मानवताविरुद्धको अपराधको मुद्दा अघि बढाउला ?

(विस्तृत पृष्ठ ७)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निकुञ्जभित्रका बस्तीको सकस

विकास निर्माण ठप्प, स्थानीय धमाधम विस्थापित हुँदै

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

वन र वन्यजन्तु संरक्षणका लागि स्थापित लाङटाङ राष्ट्रिय निकुञ्जले सरकारी ऐन-नियम कार्यान्वयन गर्दा हेलम्बु गाउँपालिका- १ मा सात सय घरधुरी सकसमा परेका छन्। वनको ठूलो क्षेत्रफल बस्तीभन्दा माथि छ। तर, निकुञ्जले सिमाना तोक्दा वडा नम्बर १ को पूरै बस्तीलाई बफरजोन बनाएकाले ह्योल्मोवासी मर्कामा परेका हुन्।

केही वर्षयता निकुञ्जको ज्यादती खप्न नसकेर मेलम्ची घ्याङ र तार्केघ्याङका धेरै स्थानीय गाउँ छोडेर अन्यत्र गएका छन्। तार्तोङ, निमाडोङ्बु, मेलम्ची घ्याङ, तार्केघ्याङ, तिम्बु, सर्काथली, सेतेघ्याङ, टासीथाङ, नाकोते, चिरीघ्याङ, पाँचपोखरी थाङपाल गाउँपालिका- ७ को गोब्रे, २ को गङखर्क र रिबर्मा गाउँलगायत बस्ती निकुञ्जभित्र पर्छन्। ०३२ मा स्थापना भएको लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्र सुरुमा बस्तीतिर थिएन। धेरैपछि नापी गरेर हेलम्बु र

» पृष्ठ ११ मा क्रमशः



हेलम्बु गाउँपालिका- १ स्थित मेलम्ची घ्याङ गाउँ। केही वर्षयता निकुञ्जको ज्यादती खप्न नसकेर धेरै स्थानीय बसाइँ गएका छन्।



● **निमा ग्याल्जेन शेर्पा**
अध्यक्ष, हेलम्बु गाउँपालिका

गाउँपालिका सरकारबाट विनियोजन भएका ५-१० लाख बजेटको काम उपभोक्ता समितिले गर्ने परिपाटी छ। तर, निकुञ्जले इआइए प्रमाणपत्र नभए काम गर्न दिँदैन। निकुञ्जको ज्यादतीले बस्तीहरू विस्थापित हुने खतरा बढेको छ।

तीन करोडमा आठवटा गाडी खरिद गर्दै काठमाडौं महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाले आठवटा नयाँ गाडी किन्ने योजना अघि सारेको छ। दुई करोड १० लाख रुपैयाँमा ६ वटा विद्युतीय कार र एक करोडमा दुईवटा जिप खरिद गर्न लागेको हो।

महानगरसँग हाल सबै प्रकारका गरी एक सय ३४ वटा गाडी छन्। त्यसमध्ये फोहोर बोक्ने कन्टेनर ७० वटा, कार २० वटा, जिप १५ वटा, पानीको ट्यांकर २० वटा र पाँचवटा ब्रमर चालू अवस्थाका छन्। बाँकी गाडी मर्मत गर्नुपर्ने अवस्थाका छन्, जुन टेकुस्थित वातावरण विभागपरिसरमा लिलामका लागि राखिएको छ। यी गाडीको लिलाम प्रक्रिया भने सुरु नगरिएको वातावरण विभाग प्रमुख रविमान श्रेष्ठले जानकारी दिए। उनका अनुसार महानगरमा हाल प्रयोग भइरहेका अधिकांश गाडी पनि पुराना भइसकेका छन्। 'महानगरका सीमित कर्मचारी र जनप्रतिनिधिले चढ्नेबाहेकका अन्य गाडी थोत्रा भइसकेका छन्,' उनले भने, 'धुवाँ धेरै फाल्ने र ब्रेक नलाग्ने भएकाले बिस्तारै हटाउँदै जानुपर्छ।' कतिपय त ३० वर्ष पुराना गाडीसमेत रहेको उनले बताए। प्रयोगमा रहेकामध्ये फोहोर संकलन गर्ने तीनवटा भ्यान, पाँचवटा जिप, तीनवटा ट्यांकर ३० वर्षभन्दा पुराना छन्।

खरिद गर्न लागिएका नयाँ गाडी बजार अनुगमन र विभागीय प्रमुखहरूका लागि हो। तीनवटा कार वातावरण विभाग, सहरी व्यवस्थापन विभाग र वित्त विभागका लागि हुन् भने अन्य दुईवटा जिप महानगर प्रहरीका लागि हो। त्यसबाहेक अन्य तीनवटा कार बजार अनुगमनका लागि हो। उपमेयर सुनीता डंगोलले सबै विभाग तथा शाखाहरूबाट बजार अनुगमनका लागि गाडी अपुग भएकाले नयाँ गाडी खरिद गर्न माग गरेकी थिइन्।

वैशाखभित्रै नयाँ गाडी आइसक्ने

नयाँ गाडी खरिदका लागि एक साताअघि टेन्डर आह्वान गरिएको महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। आगामी वैशाखसम्म नयाँ गाडी खरिद गरिसक्ने महानगरको योजना छ। 'केही विभाग र कर्मचारीका लागि गाडी अपुग छ, नगर प्रहरीलाई पनि गाडी चाहिएको छ, यही कारण नयाँ खरिद गर्न लागेका हौं,' प्रवक्ता मानन्धरले भने। महानगरका मेयर बालेन्द्र साह पाँच वर्षअघि खरिद गरेको करिब दुई करोड पर्ने टोयटा कम्पनीको कार चढ्छन्। उपमेयर सुनीता डंगोल ८० लाख पर्ने गाडी चढ्छिन्। मेयर र उपमेयरले विभाग, नगर प्रहरी र बजार अनुगमनका लागि चाहिने गाडी खरिद प्रक्रिया अघि बढाउन जिन्सी तथा खरिद शाखालाई निर्देशन दिएपछि टेन्डर आह्वान गरिएको हो।

ललितपुरमा आगामी साता बुस्टर खोप लगाइँदै

ललितपुर/ ललितपुरमा आगामी बिहीबार र शुक्रबार कोरोनाको पहिलो र दोस्रो बुस्टर डोज खोप प्रदान गरिने भएको छ। यसअघि पहिलो बुस्टर खोप लगाउन छुटेका, ५५ वर्षमाथिका, दीर्घरोगी र फन्टलाइनरहरूलाई फाइजरको बायोएनटेक खोप दिन लागिएको हो।

स्वास्थ्य कार्यालय ललितपुरले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै जिल्लाभरि पहिलो र दोस्रो बुस्टर खोपअन्तर्गत ३१ हजार खोप प्रदान गर्न लागिएको जनाएको छ। कार्यालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्टले जिल्लाका ६ वटै स्थानीय तहबाट खोप प्रदान गर्न लागिएको जानकारी दिए। उनका अनुसार पहिलो बुस्टर लगाउन छुटेका र दोस्रो बुस्टर लगाउनुपर्ने ५५ वर्षमाथिका र दीर्घरोगीको संख्या करिब ६४ हजार छ। जिल्लाका वडा स्वास्थ्य चौकी, विद्यालय र यसअघि खोप लगाएका ठाउँहरूबाट बुस्टर खोप लगाइनेछ।

हाल ३१ हजार खोप स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई स्वास्थ्य कार्यालयलाई प्रदान गरिसकेको छ। यसबाहेक बाँकी खोप पुनः माग गरिनेछ। उनले पहिलो बुस्टर मात्रा लगाएको ६ महिना र पहिलो तथा दोस्रो नियमित मात्रा लगाएको तीन महिनापछि बुस्टर खोप लगाउन मिल्ने बताए। यो खोप यसअघि जुनसुकै खोप लगाएकाले पनि लगाउन मिल्छ।

जिल्ला स्वास्थ्य कार्यालयले पहिलो चरणमा ललितपुर महानगरलाई १४ हजार सात सय १८, महालक्ष्मी नगरपालिकामा पाँच हजार सात सय २४, गोदावरी नगरपालिकामा तीन हजार एक सय ८८, महाँकाल गाउँपालिकामा आठ सय ८६, कोन्ज्योसोम गाउँपालिकामा सात सय ४९ र बागमती गाउँपालिकामा चार सय ९० जनामा बुस्टर खोप लगाइनेछ। यसमध्ये महाँकाल गाउँपालिकाले १०, ११ र १२ चैतमा खोप कार्यक्रम राखेको छ। नेपालमा हालसम्म, फाइजर बायोएनटेक, मोर्डना, जोनसन, भेरोसेल साइनोफम, एक्ट्राजेनिका र कोभिसिल्ड खोप लगाइएको छ।

वडा प्रहरी कार्यालय हटाएर व्यापारिक कम्प्लेक्स बनाउँदै ललितपुर महानगर, स्थानीय र प्रहरीको विरोध

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुर महानगरपालिकाले वडा नम्बर १२ लगनखेलस्थित वडा प्रहरी कार्यालय जबर्जस्ती हटाउन खोजेपछि स्थानीय र कार्यरत प्रहरीले विरोध जनाएका छन्। ०४६ सालदेखि प्रहरी कार्यालयका रूपमा रहेको सरकारी भवन भत्काएर महानगरले व्यापारिक कम्प्लेक्स बनाउन लागेपछि त्यसको विरोध भएको हो।

लगनखेल क्षेत्रमा रहेका टोल सुधार समिति, स्थानीय नागरिक समाज गरी २० वटा संघ-संस्थाले ललितपुर महानगरलाई प्रहरी कार्यालय नहटाउन मागसहित ज्ञापनपत्र पनि बुझाएका छन्। बसपार्क र घनाबस्तीमा रहेको प्रहरी कार्यालय हटाएपछि शान्ति सुरक्षामा असर पर्ने भन्दै टोल सुधार समितिसहितका संस्थाले विरोध जनाउँदै नहटाउन माग गरेका हुन्। लगनखेल समाज, लगनेश्वर महादेव यातायात प्रालि, करुणा टोल सुधार समिति, श्रीकुमारी पार्टी क्लब, लगनखेल भजनमण्डल, थटी टोल सुधार समिति, पाटन अस्पताललगायतले प्रहरी बसेको दुईतले भवन नभत्काउन महानगरको ध्यानाकर्षण गराएका छन्।

ललितपुर महानगरपालिका वडा नम्बर ५, ६, १२, १३, १४, १५, १९ र २० भित्रको शान्ति सुरक्षाको जिम्मा यही कार्यालयलाई दिइएको छ। वरिष्ठ सइको कमान्डमा ३५ जना प्रहरी दरबन्दी रहेको यस कार्यालयमा हाल ४८ जना प्रहरी कार्यरत छन्। यस क्षेत्रमा जुवा, पकेटमार, लुटपाट, चोरी, बलात्कारजस्ता घट्ना धेरै हुने भएकाले जिल्ला प्रहरी परिसर जावलाखेलले दरबन्दीभन्दा बढी सुरक्षाकर्मी यस कार्यालयमा राखेको छ। तर, महानगरपालिका प्रहरी कार्यालयमा डोजर लगाउन तम्तयार भएपछि स्थानीय र प्रहरीले असन्तुष्टि व्यक्त गरेका हुन्।

प्रहरी कार्यालयको आडैमा लगनखेल बसपार्क छ। बसपार्क आसपासमा धेरै होटेलहरू छन्। दक्षिण ललितपुर तथा छोटो रुटका सवारीसाधन यहाँबाट छुट्छन्। दक्षिण ललितपुरसम्मका मानिस लगनखेलमै किनमेल गर्न आउँछन्। यो क्षेत्रमा ऐतिहासिक मठ-मन्दिर र अन्य सम्पदा छन्। यहाँबाट प्रहरी कार्यालय हटे, पुरातात्त्विक महत्त्वका मूर्ति तथा अन्य बहुमूल्य वस्तु हराउने जोखिम रहेको बटुक भैरव टोल सुधार समितिका अध्यक्ष राजन ठकुरीले बताए। 'सुरक्षाको हिसाबले यो क्षेत्र संवेदनशील मानिन्छ। बसपार्क, होटेलहरू र व्यापारिक क्षेत्र भएकाले मानिसहरूको ज्यादै भिडभाड हुन्छ,' उनले भने, 'यहाँबाट प्रहरी हटे, यस क्षेत्रको शान्ति सुरक्षामा समस्या आउँछ।'

■ महानगरले हस्तक्षेप गर्न खोजेको आरोप

महानगरपालिकालाई सरकारी जग्गाको अभिलेख राख्नेबाहेक अन्य अधिकार हुँदैन। सरकारी जग्गाको संरक्षण, रेखदेख र मर्मत-सम्भारको अधिकार जिल्ला प्रशासन कार्यालयमा रहने कानुनी व्यवस्था छ। यदि ललितपुर महानगरपालिकाले उक्त जग्गा प्रयोग गर्न चाहे नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्नेछ। यसबारे मन्त्रिपरिषद्मा हालसम्म कुनै पनि प्रस्ताव गएको छैन।

ललितपुरका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले पनि उक्त जग्गा जिल्ला प्रशासनको अधिकारभित्र पर्ने बताए। महानगरले जबर्जस्ती गर्न खोजेको बारेमा जानकारी लिने उनले बताए। 'यो स्थानमा व्यापारिक भवन बनाउने योजना नै छैन,' उनले भने, 'यसबारे मेयरसाबसँग कुराकानी गर्छु। प्रहरी कार्यालयलाई नहटाउन भनिसकेको छु।'



लगनखेलमा रहेको वडा प्रहरी कार्यालय। तस्बिर : नयाँ पत्रिका

तीन गाउँपालिकाको सुरक्षामा ६५ प्रहरी

दक्षिण ललितपुर क्षेत्रमा तीनवटा गाउँपालिका छन्। ती गाउँपालिकामा करिब ४२ हजार जनसंख्या छ। भौगोलिक र जनसंख्याका हिसाबले यति ठूलो क्षेत्रमा जम्मा ६५ जना प्रहरी कार्यरत छन्। तीन गाउँपालिकाका भट्टेडाँडा आश्राङ, गिम्दी र कालेश्वरका चारवटा चौकीमा ४० जना र कोन्ज्योसोम र गोटीखेल इलाका प्रहरी कार्यालयमा २५ जना गरी ६५ जना प्रहरी कार्यरत छन्। चौकीमा वरिष्ठ सइ र इलाकामा इन्सपेक्टरको कमान्ड छ।

भूभाग र जनसंख्याको हिसाबले दक्षिण ललितपुरका तीनवटा गाउँपालिकाको हालको सुरक्षा जनशक्ति र कार्यालय निकै कम हो। यी चौकी तथा इलाका प्रहरी कार्यालयहरू प्रहरी वृत्त चापागाउँमातहत रहेका छन्। थप प्रहरी परिचालन गर्नुपरे यही वृत्तबाट खटाइन्छ। तर, विकट क्षेत्र भएकाले चापागाउँदेखि प्युटार, आश्राङ, कालेश्वर, गिम्दी र ठूलादुर्लुङ पुग्न दुईदेखि पाँच घन्टा लाग्छ। अझ बर्सातका बेला ग्रामीण सडक अवरुद्ध हुने भएकाले ओहोरदोहोरमा समस्या हुने गर्छ।

१ मंसिर ०६३ मा महानगरीय प्रहरी अवधारणाअनुसार महानगरीय प्रहरी प्रभाव लगनखेल नामकरण भएको थियो। ०७८ मा पुनः नामकरण भई हालको वडा प्रहरी कार्यालय कायम भएको हो। यो प्रहरी कार्यालय करिब पाँच रोपनीमा छ। यस क्षेत्रमा आपराधिक गतिविधि बढेको र त्यसलाई नियन्त्रण गर्न प्रहरी दरबन्दी थपेर डिएसपीको कमान्डमा वृत्तका रूपमा विकास गर्ने जिल्ला प्रहरी परिसरको योजना छ। ललितपुरमा हाल दुईवटा मात्रै वृत्त छन्।

■ प्रहरी भवन भत्काउनेबारे सात महिनाअघि नै निर्णय

१ भदौ ०७९ मा ललितपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय, महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, उपप्रमुख मञ्जली शाक्य, प्रमुख प्रशासकीय अधिकृत गणेश अर्याल, एसएसपी यज्ञविनोद अधिकारी, वडा ९ र १२ का अध्यक्ष, महानगरका पूर्वाधार निर्माण महाशाखा प्रमुख रुद्र गौतमलगायत सहभागी बैठकले वडा प्रहरी कार्यालय रहेको भवन भत्काउने निर्णय गरेको थियो। त्यतिवेला प्रहरीलाई लगनखेलनजिकै भाडाको घर खोजिदिने निर्णय भएको पनि थियो। तर, हालसम्म वैकल्पिक ठाउँ तोकिएको छैन। महानगरले आफ्नो स्वामित्वमै नभएको जग्गामा व्यापारिक कम्प्लेक्स बनाउन ठेक्का सम्झौतासमेत गरिसकेको छ। यहाँबाट सातले भवन बनाउने गरी गत १२ असारमा ठेक्का सम्झौतासमेत भइसकेको छ। ठेक्का सम्झौता भएपछि महानगरले प्रहरी कार्यालय हटाउन वडा प्रहरी कार्यालय लगनखेल र प्रहरी परिसरलाई बारम्बार पत्राचार र निर्देशन दिँदै आएको छ।

महानगरका मेयर चिरिबाबु महर्जनले परिसरका एसएसपी सिद्धिविक्रम शाहलाई वडा प्रहरी कार्यालयका सामान हटाएर खाली गरिदिन आग्रह गर्दै आइरहेका छन्। तर, प्रहरीले कार्यालय अन्यत्र सार्न मिल्ने ठाउँ नभएको जनाएको छ। ललितपुरका तत्कालीन प्रहरी प्रमुख यज्ञविनोद पोखरेलले उक्त जग्गा ललितपुर महानगरको नभएको र प्रहरीले छाड्न नहुने बताए। तर, १ भदौ ०७९ मा भएको मेयर र प्रमुख जिल्ला अधिकारीसहितको बैठकमा भने उनैले हटाउनुपर्छ भनेर हस्ताक्षर गरेका छन्। 'बुझ्दै जाँदा उक्त जग्गा नेपाल सरकारको रहेछ, महानगरको नामको जग्गा होइन,' उनले भने, 'महानगरवासीकै सुरक्षामा खटिने प्रहरीलाई त्यसरी हटाउनुहुँदैन।'

महानगरका प्रवक्ता भन्छन्-
नयाँ भवनमा प्रहरीलाई पनि ठाउँ दिइन्छ



ललितपुर महानगरका प्रवक्ता राजु महर्जनले हाल प्रहरी कार्यालय रहेको भवन भत्काएर नयाँ भवन निर्माण गरेपछि प्रहरीलाई पुनः सोही भवनमा ठाउँ दिने बताए। 'केही समयका लागि प्रहरीलाई अन्यत्र सर्न भनेका हौं,' उनले भने, 'त्यहाँ अग्लो भवन बनाउने ठेक्का भइसकेको छ, त्यो भवन निर्माण सकेपछि प्रहरीलाई पनि त्यहाँ ठाउँ दिन्छौं।'

■ दुर्गमका प्रहरी चौकीसमेत भाडाको जग्गामा

ललितपुरको ग्रामीण क्षेत्रमा रहेका अधिकांश प्रहरी चौकीसमेत दयनीय अवस्थामा छन्। जिल्लाका तीन स्थानीय तह बागमती, कोन्ज्योसोम र महाँकाल गाउँपालिकामा (भट्टेडाँडा, आश्राङ, गिम्दी र कालेश्वर) जम्मा चारवटा प्रहरीचौकी छन्। कोन्ज्योसोम र गोटीखेलमा रहेका ०७१/७२ मा स्थापना भएका इलाका प्रहरी कार्यालयसमेत भाडाको जग्गामा छन्। भट्टेडाँडाको प्रहरीचौकी मात्रै आफ्नै भवनमा छ।

स्थानीय व्यक्तिको जग्गा भाडामा लिएर निर्माण गरिएका प्रहरी कार्यालयबाट प्रहरीले ग्रामीण क्षेत्रमा शान्ति सुरक्षा दिँदै आइरहेको छ। यहाँका प्रहरी कार्यालय कमजोर नरहेको ललितपुरका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जानकारी दिए। सर्वसाधारणको शान्ति सुरक्षामा खटिने प्रहरीको बसोवास सहज बनाउन आवश्यक रहेको उनले बताए।

ललितपुर महानगरपालिका वडा नम्बर ५, ६, १२, १३, १४, १५, १९ र २० भित्रको शान्ति सुरक्षाको जिम्मा यही प्रहरी कार्यालयअन्तर्गत छ

दक्षिण ललितपुरमा प्रहरीको स्थायी वास नहुँदा प्रहरीले शान्ति सुरक्षाका लागि चाहिने सामग्रीसमेत सुरक्षित राख्न सकेका छैनन्। लट्ठीका भरमा शान्ति सुरक्षामा खटिने गरेका छन्। यस क्षेत्रका ठूलादुर्लुङ क्षेत्रमा टेलिफोन र वाकीटकी सेटले समेत काम गर्दैन। प्रविधिको समेत सहज सुविधा नपुगेका कारण ग्रामीण भेगमा सुरक्षा प्रवाह गर्न कठिन भइरहेको सुरक्षामा खटिएका प्रहरी बताउँछन्। सीमित स्रोत-साधनका भरमा ग्रामीण क्षेत्रमा खटिनुपरेको प्रहरी चौकी भट्टेडाँडाका इन्चार्ज माधव सिलवालले बताए।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २४०४१२/०७५/०७८ अर्न्तगत मिति २०७७/०४/२७ मा कम्पनी ऐन, २०६३ को बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित **हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि.** **संचालक तथा जमानीकर्ता: सुरज सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, घनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१) सम्सेर बहादुर सिंहको नाति, किशोर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घनगढी उ.म.न.पा. वडा नं. १ बस्ने सुरज सिंहको नाममा मालपोत कार्यालय घनगढी, कैलालीको लगातमा दर्ता कायम रहेको कैलाली जिल्ला, उर्मा गा.वि.स. वडा नं २ (हाल घनगढी उ.म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. ६०८ को क्षेत्रफल २६८० १०० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल: ISUZU S-CAB | चेसिस नं.: M3GTFR54JKB000860 इन्जिन नं.: A2A895 | सवारी दर्ता नं.: प्र ३-०१ ०२४ च २६७२ ३) हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण	
	२) सुमन सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, घनगढी उ.म.न.पा. वडा नं १ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, वसुन्धरा बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	
	जमानीकर्ताहरुको विवरण	
	१) किशोर बहादुर सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, घनगढी न.पा. वडा नं. १ बाबु: सम्सेर बहादुर सिंह बाजे: भैरव बहादुर सिंह	२) सुरज सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, घनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह
	ऋणीको विवरण	
	३) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २२०१२१/०७६/०७७ अर्न्तगत मिति: २०७६/०४/१६ मा कम्पनी ऐन, २०६३ को बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, महाराजगंज स्थित **लाटिनाथ मल्टिप्रपोज ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: सुरज सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, घनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	
	जमानीकर्ताहरुको विवरण	
	१) किशोर बहादुर सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, घनगढी न.पा. वडा नं. १ बाजे: सम्सेर बहादुर सिंह बाबु: भैरव बहादुर सिंह	२) सुमन सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, घनगढी उ.म.न.पा. वडा नं. १ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, वसुन्धरा बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह
	धितोको विवरण	
	१) भैरव बहादुर सिंहको नाति, सम्सेर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, मालासेती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घनगढी न.पा. वडा नं. १ बस्ने किशोर बहादुर सिंहको नाममा मालपोत कार्यालय घनगढी, कैलालीको लगातमा दर्ता कायम रहेको कैलाली जिल्ला, घनगढी न.पा. वडा नं. १ (हाल घनगढी उ.म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १३५ को क्षेत्रफल ६४४।०० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) लाटिनाथ मल्टिप्रपोज ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

महानगरको कल सेन्टरमा प्रत्येक महिना ११ सय फोन

काठमाडौं/ काठमाडौं महानगरपालिकाले स्थापना गरेको कल सेन्टर (सोधपुछ तथा गुनासो)मा हरेक महिना ११ सयभन्दा धेरै फोन आउन थालेको छ। महानगरकाका अनुसार पछिल्लो तीन महिनामा कल सेन्टरमा साढे ३४ सय कल फोन आएको छ।

पुस महिनामा १२ सय ४७, माघमा ११ सय र फागुन महिनामा ११ सय १७ फोन कल आएको महानगरले जनाएको छ। कलसेन्टर स्थापना भएयता २७ हजार नौ कल फोन आएको छ। जसमध्ये २४ सय १५ वटा गुनासो रहेका छन्। ती गुनासोमध्ये १४ सय १६ सम्बोधन भइसकेको छ भने नौ सय ९७ सम्बोधनको चरणमा छ। नवनिर्वाचित जनप्रतिनिधिहरूले पदबहाली गरेपछि १६ जेठमा बसेको कार्यपालिकाको पहिलो बैठकले सात दिनभित्र कल सेन्टर सञ्चालन गर्ने निर्णय गरेको थियो। सोही निर्णय कार्यान्वयन गर्दै २४ जेठदेखि राष्ट्रिय सभागृहमा कल सेन्टर सञ्चालन गरिएको थियो।

महानगरसँग कुनै गुनासो भए वा सोधपुछ गर्नुपरे टेलिफोन नम्बर १६६००१०५५११ मा निःशुल्क सम्पर्क गर्न सकिने व्यवस्था छ। टोल फ्री नम्बरबाहेक अब इमेल, वेबसाइटमार्फत पनि सुझाव, समस्या पठाउन सकिने व्यवस्था गरेको छ। कल सेन्टरमा सबैभन्दा धेरै गुनासो महानगरअन्तर्गतको नगर प्रहरीका लागि हुने गरेको छ। नगर प्रहरीका लागि आएको नौ सय गुनासोमध्ये आठ सय ७६ समाधान भइसकेको छ।

वातावरण विभागका लागि चार सय ८० गुनासो आएका थिए। गुनासोमध्ये दुई सय ३१ को सम्बोधन भइसकेको छ भने दुई सय ४९ सम्बोधन हुन बाँकी छ। सार्वजनिक निर्माण विभागका लागि चार सय ५० गुनासोमध्ये एक सय ७८ सम्बोधन हुँदा दुई सय ७२ गुनासो सम्बोधन हुन बाँकी छ। प्रमुखको सचिवालयका लागि आएका पाँच सय ३२ गुनासोमध्ये दुई ५९ सम्बोधन भएका छन् भने दुई सय ७३ गुनासो सम्बोधन हुन बाँकी छन्। जनस्वास्थ्य विभागका लागि एक सय ५५ गुनासो आएका थिए।

मंगलबार उपत्यकामा

टोखा : टोखा नगरपालिका-११, गोंगबु मनमैजु पुलबाट दुर्लभ वन्यजन्तु सालकको साढे दुई किलो खपेटासहित रामेछापकी ३४ वर्षीया सन्तोषी श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले उनलाई एसएस फेन्सी कलेक्सनबाट पक्राउ गरेको हो। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

दक्षिणकाली : दक्षिणकाली नगरपालिका-८, शीतलचोकमा हेटौंडाबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१भ ३४२४ नम्बर को जिप दुर्घटना हुँदा एक पुरुषको घटनास्थलमै मृत्यु भएको छ। उनको पहिचान नभएको प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते अन्य आठजनालाई उपचारका लागि मनमोहन अस्पताल लगिएको छ। जिपचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

महाराजगन्ज : नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरी टोलीले बैंकिङ कसुर मुद्दाका एकजना फरार प्रतिवादी पक्राउ गरेको छ। पक्राउ पर्नेमा दोलखा भीमेश्वर नगरपालिका-१, चरिकोट घर भई हाल काठमाडौंस्थित बुढानीलकण्ठ नगरपालिका-१३, माइक्रोपार्कनजिकै बस्ने ४४ वर्षीय रमेशकुमार श्रेष्ठ रहेका छन्। उच्च अदालत पाटनको २९ पुस ०७९ को फैसलाले बैंकिङ कसुर मुद्दामा १० दिन कैद र १३ लाख ५० हजार जरिवाना सजाय ठहर भएको थियो। उनलाई केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले सोमबार काठमाडौंको कोटेश्वरबाट पक्राउ गरेको हो।

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७९/१२/०८

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार विभिन्न निर्माण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रहरुबाट निम्नानुसारको स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न ७ दिन आशयको सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	योजनाको नाम	बेलपत्रपत्र नं.	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु. मु.अ.क.तथा पि.एस. सहित
1	Construction of and upgrading of footpath Radha Krishna mandir to north at duhabi ward no.-6	DM/SQ/WORK/ 2079/080-25	**Radhika Nirman sewa**	**1562619.75**

दुहवी नगरपालिका
प्रमुख प्रशासकिय अधिकृत

मन्त्रिपरिषद् विस्तारका लागि दलहरू आन्तरिक गृहकार्यमा

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका
काठमाडौं, ७ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिई सरकारमा सहभागी हुने तयारीमा रहेका दलहरू व्यक्ति छनोटको आन्तरिक गृहकार्यमा जुटेका छन् । सत्तागठबन्धनभित्र कसले कति मन्त्रालय लिने भन्ने नटुंगिए पनि दलहरूले अनौपचारिक रूपमा पात्रको खोजी सुरु गरेका हुन् ।

एकीकृत समाजवादीले सरकारमा सहभागी हुने विषयमा गृहकार्य गर्न कार्यदल गठन गरेको छ । मंगलबार सचिवालय बैठकले पार्टी अध्यक्ष माधवकुमार नेपाल, उपाध्यक्ष प्रमेश हमाल र महासचिव घनश्याम भुसाल रहेको कार्यदल बनाएको हो । सरकार विस्तारमा एकीकृत समाजवादीले तीन मन्त्रालयको दाबी गरेको छ ।

एकीकृत समाजवादीका उपमहासचिव तथा प्रवक्ता जगन्नाथ खतिवडाले विश्वासको मत दिएर पार्टी सत्तापक्षमा बसिसकेको र सरकारमा जानेबारे छलफल भएको बताए । सरकारमा जाँदा कस्ता नीति कार्यक्रम लिएर जाने भन्नेबारे पनि छलफल भएको बताए । बैठकमा सम्मानित नेता झलनाथ खनालले सरकारमा जानुपर्ने कारण, नीति तथा कार्यक्रममा स्पष्ट भएपछि मात्रै सहभागी हुँदा उपयुक्त हुने धारणा राखेका थिए ।

प्रचण्ड नेतृत्वको सरकारमा सहभागी हुने निर्णय गरेको गठबन्धनको ठूलो दल कांग्रेसले नौ मन्त्रालयमा दाबी गरेको छ । तर, उसले सरकामा जाँदा कुन मन्त्रालय लिने र कसलाई पठाउने भन्नेबारे औपचारिक छलफल भने गरेको छैन । यद्यपि, कांग्रेसको ५ चैतमा बसेको कार्यसम्पादन समिति बैठकले सरकारमा सहभागी हुने मन्त्रीको चयन गर्दा योगदान र योग्यतालाई मुख्य आधार मान्ने साथै समावेशिता र प्रादेशिक सन्तुलनलाई ध्यान दिइने मापदण्ड तय गरेको छ ।

पार्टीमा सैद्धान्तिक निर्णय गराएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले नेताहरूसँग परामर्श जारी राखेका छन् । देउवाले पार्टीका विभिन्न समूहका नेताहरूसँग सरकारमा सहभागी हुने पात्रबारे छलफल गरेका छन् । तर, अर्थ वा गृहमध्ये कुन लिने भन्नेबारे देउवा अझै टुंगोमा पुगेका छैनन् ।

कांग्रेस महामन्त्री गगन थापाले पार्टीभित्र औपचारिक रूपमा सरकारमा कुन-कुन मन्त्रालय लिने र को-को जाने भन्नेबारे छलफल नभएको बताँउछन् । 'भागबन्डाको बिषय छलफल प्रवेश गरेका छैनौं । पार्टी सभापतिले नेताहरूसँग छलफल गरिरहनुभएको छ,' महामन्त्री थापाको भनाइ छ ।

महामन्त्री थापाले दलहरूबीच छलफल अगाडि बढेको र केही दिनमा टुंगो लाग्ने बताउँछन् । गिरिजाप्रसाद कोइरालाको स्मृति दिवसमा गौशालामा आयोजित कार्यक्रममा प्रतिक्रिया दिँदै उनले गठबन्धन र दलहरूमा समानान्तर रूपमा छलफल हुने बताए । 'धेरै दल भएकाले मिलाउन गाह्रो छ । दलहरूभित्र पनि आकांक्षी धेरै छन् । केही दिन त लाग्छ नै, तर लामो समयदेखि मन्त्रालय नेतृत्वविहीन भएकाले समयको दबाबलाई पनि ध्यान दिनुपर्छ,' उनले भने ।

सरकारको नेतृत्व गरेको माओवादी मन्त्रिपरिषद् विस्तारमा गृह वा अर्थमध्ये एक मन्त्रालय आफैंसँग राख्ने दाउमा छ । माओवादी उपमहासचिव गणेश साहले भने, 'अर्थ या गृहमध्ये एक मन्त्रालय लिने विषय उठेको छ । गठबन्धनका अरू दलको विषय पनि टुंग्याउन बाँकी छ । गठबन्धनमा धेरै दल र दाबी भएकाले टुंग्याउन सहज छैन । तर, पार्टीमा औपचारिक रूपमा छलफल भएको छैन ।

राष्ट्रिय स्वतन्त्र पार्टीभित्र पनि सरकारमा सहभागी हुने विषयमा अनौपचारिक छलफल जारी छ । स्रोतका अनुसार यो पार्टीमा सरकारमा सहभागी हुनुपर्ने मत बलियो छ । तर, अहिले वा चुनावपछि र कुन-कुन मन्त्रालय लिएर जाने भन्ने टुंगो छैन । छलफलका लागि मंगलबार बैठक बस्ने भनिए पनि बस्न सकेन ।

संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ पार्टीमा छलफलपछि सबै विषय टुंगो लाग्ने बताए । उनी कार्य-व्यस्तताका कारण मंगलबार बैठक बस्न नसकेको र छिट्टै बैठक बसेर टुंगो लाग्ने बताँउछन् । 'हामीले पार्टीमा छलफल गरेका छैनौं छलफलपछि मात्रै सरकारमा जाने-नजाने र गएको अवस्थामा कहिले र को-को जाने भन्ने सबै विषयको टुंगो लगाउँछौं,' उनले भने । सरकारलाई समर्थन दिएको जनमोर्चाले विश्वासको मत दिए पनि सरकारमा सहभागी हुनेमा छैन ।

संघ सरकारलाई पूर्णता दिने र प्रदेश सरकारमा आलोपालो गर्नेबारे संवाद सुरु : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारलाई पूर्णता दिनेबारे छलफल सुरु भएको बताएका छन् । मंगलबार पालुङटार नगरपालिका- २ बिमिरेमा पन्थहिटी-कटहरे-हर्मी-साहिलिटार सडकको शिलान्यास कार्यक्रममा बोल्दै प्रधानमन्त्री प्रचण्डले संघ सरकारलाई पूर्णता दिने र प्रदेश सरकारमा आलोपालो गर्नेबारे संवाद सुरु भएको बताए । 'सरकारले विश्वासको मत पाएसँगै राजनीतिक वातावरण बनेको छ र लय पत्रेको छ । संसद्मा भएका ११ पार्टीले विश्वासको मत दिएपछि सरकारलाई पूर्णता दिने प्रयत्नमा छौं । मंगलबार बिहानदेखि वार्ता र संवाद सुरु भएको बताए । सरकार गठन र पुनर्गठन गर्नेबारे छलफल भइरहेको छ । प्रदेश सरकारलाई आलोपालो प्रणालीबाट पूर्णता दिने विषयमा छलफल चल्दै छ ।'

■ बागमतीका मुख्यमन्त्री पुनः विश्वासको मत लिँदै

सरकारमै रहेको एमाले अन्योलमा, मुख्यमन्त्रीमा कांग्रेसको दाबीले जम्कट्टेल दबाबमा

हेटौंडामा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बुधबार दोस्रोपटक विश्वासको मत लिँदैछन् । तर, न अहिलेको सत्तासाझेदार दल एमालेले मत दिने देखिन्छ, न केन्द्रीय सरकारको साझेदार कांग्रेसले नै मत दिने निर्णय गरेको छ । आवश्यक गृहकार्यबिनै प्रदेशसभामा विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्न लागेका जम्कट्टेले दबाबमा देखिएका छन् । बुधबार मध्याह्नसम्म पनि विश्वासको मत पाउने आधार स्पष्ट हुन नसके उनले प्रदेशसभामा प्रस्ताव पेस गर्न अर्को मिति तय गर्न सक्ने सम्भावना देखिएको छ ।

केन्द्रमा प्रतिपक्षमा बसिसकेको एमाले बागमती प्रदेशमा सत्तापक्ष नै छ । तर, उसले मंगलबारसम्म पनि मुख्यमन्त्रीलाई विश्वासको मत दिने-नदिने निर्णय गरिसकेको छैन । सरकारबाहिर रहँदा पनि यसअघि विश्वासको मत दिएको कांग्रेसले पनि मंगलबारसम्म कुनै निर्णय गरेको छैन । केन्द्रमा समीकरण बदलिएकाले बागमती प्रदेशको मुख्यमन्त्रीमा आफ्नो दाबी रहेको कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले बताएका छन् । मुख्यमन्त्रीले हतारमा विश्वासको मत लिन लागेको भन्दै एक-दुई दिन पर सारेर नयाँ सहमति टुंगो लगाउनुपर्ने उनको भनाइ छ । प्रदेशसभाका यी प्रमुख दुईमध्ये कुनै एक दलको सहयोगबिना मुख्यमन्त्रीले विश्वासको मत आर्जन गर्नसक्ने अवस्था छैन । त्यसैले जम्कट्टेल दबाबमा परेका हुन् ।

गत २५ पुसमा एमाले र राप्रपासमेतको समर्थनमा माओवादी संसदीय दलका नेता जम्कट्टेल मुख्यमन्त्री बनेका थिए भने ३ माघमा उनले विश्वासको मत लिएका थिए । त्यसक्रममा उनलाई कांग्रेसको समेत समर्थन प्राप्त भएको थियो । तर, राष्ट्रपति निर्वाचनको दौरान नयाँ समीकरण बन्ने टुंगो लागेपछि १३ फागुनमा सत्तासाझेदार दल राप्रपा समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि जम्कट्टेलले पुनः विश्वासको मत लिन लागेका हुन् ।

मुख्यमन्त्री जम्कट्टेलले बुधबार विश्वासको मत लिने तयारीका लागि प्रदेश सभा सचिवालयलाई पत्रसमेत पठाइसकेका छन् । उनले नेपालको संविधानको धारा १८८ को २ बमोजिम संसद्बाट विश्वासको मत लिने तयारी गरेका हुन् । सोहीअनुसार प्रदेशसभा सचिवालयले ८ चैत दिउँसो ३ बजेका लागि प्रदेशसभाको बैठक बोलाएको प्रदेश सभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए ।

केन्द्रमा परिवर्तन भएको सत्तासमीकरणको पूर्ण प्रभाव भने अहिलेसम्म बागमती प्रदेशमा परेको छैन । राप्रपाले सरकार छाडे पनि एमाले सरकारमै छ । संघीय सरकारमा एमाले प्रमुख प्रतिपक्षी दल बनेको छ । तर, बुधबार बागमती प्रदेशको हकमा एमालेले के गर्छ भन्ने चासो छ । एमाले बागमती प्रदेश संसदीय दलका नेता एवं प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले सरकार छोड्ने कि नछोड्ने र विश्वासको मत दिने कि नदिने भन्ने विषयमा बुधबार मात्रै निर्णय गर्ने बताए । 'यो सरकार हामीले समर्थन गरेर बनेको हो । यसलाई निरन्तरता दिने कि नदिने भन्ने विषयमा भोलि मात्रै निर्णय गर्छौं । हामी पार्टीको आन्तरिक छलफलमै छौं,' उनले भने, 'हामी सरकारको नेतृत्व गरिरहेको माओवादीसँग पनि छलफलमै छौं ।' केन्द्रदेखि नै सत्तासमीकरणमा धेरै कुरा परिवर्तन भइसकेकाले केन्द्रको निर्णयले पनि महत्व राख्ने भएकाले आफूहरू केन्द्रीय निर्णयको पर्खाइमा रहेको पनि उनले बताए ।



■ जम्कट्टेललाई कांग्रेस र एकीकृत समाजवादीको समर्थनले पुग्ने

सात दलको प्रतिनिधित्व रहेको बागमतीमा एक सय १० सांसद छन् । एक सय १० सदस्यीय प्रदेशसभामा मुख्यमन्त्रीलाई विश्वासको मतका लागि ५६ जना सांसदको समर्थक आवश्यक पर्छ । यसअघि ३ माघमा प्रदेशसभाबाट विश्वासको मत लिएका मुख्यमन्त्री जम्कट्टेललाई ६ दलका एक सय पाँचजना सांसदले विश्वसको मत दिएका थिए । गत २५ पुसमा ५ दलका ७० जना सांसदहरूको समर्थनमा मुख्यमन्त्री बनेका जम्कट्टेललाई नेमकिपाका तीनजना सांसदले भने विश्वासको मत दिएका थिएनन् । प्रदेशमा सबैभन्दा ठूलो दल कांग्रेसका ३६, एमालेका २७, माओवादी केन्द्रका २१, राप्रपाका १२, एकीकृत समाजवादीका सात, नेमकिपाका तीन र हाम्रो नेपाली पार्टीका दुईजना सांसद रहेका छन् । मुख्यमन्त्री जम्कट्टेललाई केन्द्रीय सत्तासमीकरणमा रहेका दलहरू कांग्रेस, माओवादी र एकीकृत समाजवादीका सांसदहरूले मात्रै विश्वासको मत दिए पुग्छ ।



हामीले पार्टीमा आन्तरिक छलफल गर्न भ्याएका छैनौं । केन्द्रमा समीकरण परिवर्तन भएपछि उहाँले विश्वासको मत लिने विषयमा हामीसँग छलफल गर्नुपर्ने थियो । तर, छलफलविनै मुख्यमन्त्रीले विश्वासको मत लिने मिति तय गर्नुभयो । एक-दुई दिन अझै पर सारेर पहिले अन्य विषयमा छलफल गरौं भनेका छौं ।

● **बहादुरसिंह लामा**, दलका नेता
कांग्रेस बागमती प्रदेश

मुख्यमन्त्री भन्छन्-

पहिले विश्वासको मत, नेतृत्व परिवर्तनमा केन्द्रको निर्णय



प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भने पहिले विश्वासको मत लिएर मात्रै बाँकी कुरामा छलफल हुने बताएका छन् । प्रदेश सरकारको नेतृत्व कसले गर्ने भन्ने कुरा केन्द्रीय सहमतिअनुसार नै हुने भएकाले आफू केन्द्रको निर्णय मान्न तयार रहेको बताए । 'सरकारको नेतृत्व परिवर्तनको विषयमा केन्द्रले जे निर्णय गर्छ त्यही हुन्छ । तर, पहिला विश्वासको मत लिने काम सक्नुपर्छ । हामीले गठबन्धन दलहरूसँग यही विषयमा कुराकानी गरेका छौं,' उनले भने, 'केन्द्रमा समीकरण परिवर्तन भएसँगै स्वाभाविकै रूपमा यसको प्रभाव प्रदेशमा पर्ने भएकाले हामी तयारी अवस्थामै छौं ।' जम्कट्टेलले चैत १३ गतेसम्म विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता रहेकाले पहिला विश्वासको मत लिन चाहेको बताए । विश्वासको मत लिने विषयमा पनि सबै दलसँग छलफल भइरहेको जानकारी दिए । उनले कांग्रेसले विश्वासको मत लिने दिन केही सार्न प्रस्ताव गरेको बताए ।

■ मुख्यमन्त्रीमा कांग्रेसको पनि दाबी

केन्द्रमा सत्तासमीकरण बदलिएसँगै विश्वासको मत लिन लागेका मुख्यमन्त्री जम्कट्टेललाई कांग्रेसले मत दिने नदिने अझै टुंगो भइसकेको छैन । कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले केन्द्रमा सत्तासमीकरण परिवर्तन भएसँगै बागमती प्रदेश सरकारको नेतृत्वका लागि कांग्रेसको दाबी रहेको बताएकाले अवस्था अझै स्पष्ट हुन नसकेको हो । नयाँ पत्रिकासँग कुरा गर्दै उनले प्रदेशमा ठूलो दलको हैसियतमा बागमतीमा सरकारको नेतृत्व कांग्रेसले पाउनु स्वाभाविक भएको बताए । 'यस विषयमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलसँग पनि कुरा भइसकेको छ । उहाँले पहिले आफ्नो सरकारलाई विश्वासको मत दिएर वैधानिकता दिन आग्रह गर्नुभएको छ । त्यसपछि नेतृत्व परिवर्तनको विषयमा पनि छलफल गरौंला भन्नुभएको छ,' नेता लामाले भने ।

नेता लामाले मुख्यमन्त्रीसँग विश्वासको मत लिने दिन अझै एक-दुई दिन पर सार्न आग्रह गरेको पनि बताए उनले विश्वासको मत लिने विषयमा छलफल नै नगरी मुख्यमन्त्री जम्कट्टेलले मिति तय गरेको भन्दै असन्तुष्टिसमेत व्यक्त गरे । 'हामीले पार्टीमा आन्तरिक छलफल गर्न भ्याएका छैनौं। केन्द्रमा सत्तासमीकरण परिवर्तन भएपछि उहाँले विश्वासको मत लिने विषयमा हामीसँग छलफल गर्नुपर्ने थियो । तर, छलफलविनै मुख्यमन्त्रीले विश्वासको मत लिने मिति तय गर्नुभयो,' उनले भने, 'हामीले आठ गतेभन्दा एक-दुई दिन अझै पर सारेर पहिले अन्य विषयमा छलफल गरौं भनेका छौं ।' उनले प्रदेशमा अहिले पनि एमाले सरकारमा रहेकोले अन्योल भएको बताए ।

संक्षेप

'दलित समुदायको हक-अधिकारका लागि राज्य जिम्मेवारपूर्ण ढंगले लाग्छ'

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जातीय विभेद, ज्यादती र उत्पीडनमा परेको दलित समुदायको हक-अधिकारका निम्ति सिंगो राज्य र निकाय जिम्मेवारपूर्ण ढंगले प्रस्तुत हुने बताएका छन् । अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले दलित समुदायको बृहत्तर विकास र उन्नतिका लागि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र समानताका निम्ति राज्यले क्षतिपूर्तिसहितको विशेषाधिकार एवं सकारात्मक विभेदको प्रक्रियाबाट मात्रै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समानताको आधारशिला खडा गर्न सकिने बताए ।

'यसका निम्ति कानुन निर्माण, संशोधन एवं व्यवस्थापकीय पक्षमा सुधारका निम्ति खेल्नुपर्ने भूमिकाका लागि नेपाल सरकार प्रतिबद्ध रहेको छ', उनले भने । अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस हरेक वर्ष २१ मार्चमा विश्वभर मनाइन्छ । यस वर्षको नारा 'संवैधानिक तथा कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गरौं, जातीय छुवाछुत तथा भेदभावविरुद्ध प्रतिरोध गरौं' रहेको छ । प्रधानमन्त्री प्रचण्डले अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसको दिनमा न्याय र स्वतन्त्रताको चेतसहित समानताको भावना विकसित गर्न एवं छुवाछुतमुक्त समाज र राष्ट्र-निर्माणको प्रतिबद्धता व्यवहारमा कार्यान्वयन गर्न सबैलाई प्रेरणा मिलोस् भनी कामनासमेत गरे ।

भ्रष्टाचार मुद्दामा डिएसपी केसीविरुद्ध छानबिन गर्न अख्तियारलाई सिफारिस

काठमाडौं/ व्यवसायीको सुन गायब बनाएको आरोप लागेका इलाका प्रहरी कार्यालय बुटवलका तत्कालीन डिएसपी ठगबहादुर केसीमाथि भ्रष्टाचारसम्बन्धी कसुरमा छानबिन गर्न प्रहरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गरेको छ । प्रारम्भिक छानबिनमा उनले गलत नियतले सुन राखेको पाइएपछि भ्रष्टाचारसम्बन्धी कसुर आकर्षित भएको हो ।

एसएसपी चन्द्रकुवेर खापुङ नेतृत्वको छानबिन टोलीले गत साता प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहलाई प्रतिवेदन बुझाउँदै डिएसपी केसीको बदनियत देखिएको निष्कर्ष निकालेको थियो । समितिले उनीमाथि विभागीय मात्र नभई कानुनी कारबाही नै गर्नुपर्ने औंल्याएको थियो । सोही आधारमा प्रतिवेदनसहित प्रहरी प्रधान कार्यालयले आयोगलाई पत्राचार गरेको छ । गत ११ पुसमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट खटिएको टोलीले केसीको निवासबाट स्रोत नखुलेको ३५ तोला सुन बरामद गरेको थियो । सो सुन बरामद गर्दा प्रक्रिया पूरा नगरेको र बदनियत राखी डिएसपी आफैंले राख्दै आएको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । उनले बुटवलकै एक पसलेको सुन तस्करीको आरोपमा बरामद गरेका थिए । अवैध भएको पुष्टि भए राजस्व तथा कार्यालय बुझाउनुपर्ने तथा वैध देखिएमा सम्बन्धित व्यक्तिलाई नै बुझाउनुपर्नेमा आफैंसँग राखेकाले उनको बदनियत देखिएको छानबिनको निष्कर्ष छ ।

१३ पुसदेखि नै डिएसपी केसी निलम्बनमा छन् । उनीमाथि सोही घटनाको विषयमा अख्तियारले पहिलेदेखि नै छानबिन गरिरहेको स्रोत बताउँछ । आयोगको छानबिनका क्रममा श्रीमतीको बैंक खातामार्फत उनले शंकास्पद कारोबार गरेको पाइएको छ । उनका तीनवटा घर र सम्पत्तिउपरसमेत छानबिन चलिरहेको आयोगका एक अधिकारीले बताए ।

ढकालसहित २१ जनाले त्यागे एकीकृत समाजवादी

काठमाडौं/ एकीकृत समाजवादीका काठमाडौं जिल्ला सदस्य तथा पूर्वस्वास्थ्यमन्त्री विरोध खतिवडाका स्वास्थ्य सल्लाहकार डा. रमेश ढकालसहित २१ जना जिल्ला सदस्यले पार्टी त्यागेका छन् । एकीकृत समाजवादीको कागेश्वरी मनोहरा नगरपालिका इन्चार्जसमेत रहेका ढकालसहित जिल्ला सदस्य तथा काठमाडौं- २ का क्षेत्रीय संयोजक गोपीकृष्ण रिजाल, शंकरापुर नगरपालिका कमिटीका सचिव अमृत दंगालसहित २१ जना जिल्ला कमिटी सदस्यले मंगलबार पार्टी परित्याग गरेका हुन् ।

एमालेबाट विद्रोह गरेर एकीकृत समाजवादी गठन गर्नुको उद्देश्य र औचित्य पुष्टि हुन नसकेको र पार्टीका नेताहरू सत्ता लिप्सामा केन्द्रित भएकाले मंगलबारबाटै लागू हुने गरी राजीनामा दिएको डा. ढकालले जनाएका छन् । 'पार्टी गठन गर्नुको मिसन, भिजन केही पनि देखिएन, पार्टी खाली सत्ताको विषयमा मात्र केन्द्रित रहेका कारण बसिरहनुको औचित्य देखिएन,' उनले आफ्नो राजीनामापत्रमा उल्लेख गरेका छन् ।

राष्ट्रपति पौडेल परिमार्जित 'कारकेड'सहित घोडेजात्रामा सहभागी

सवारीमा प्रयोग हुने अगुवा-पछुवा गाडी, जगेडा कार, एम्बुलेन्स, राष्ट्रपति सवार गाडीको दायाँबायाँ गुड्ने मोटरसाइकल हटाइयो

नयाँ पत्रिका
काठमाडौं, ७ चैत

राष्ट्रपति रामचन्द्र पौडेल परिमार्जित 'कारकेड'सहित घोडेजात्रामा सहभागी भएका छन् । गत शनिबार विना 'कारकेड' वसन्तपुरस्थित कुमारीघरको दर्शन गर्न पुगेका पौडेल मंगलबार टुँडिखेलस्थित सैनिक मञ्चमा भएको घोडेजात्रा समारोहमा राष्ट्रपति पौडेल चारवटा गाडीसहित सहभागी भएका थिए । सवारीमा प्रयोग हुने अगुवा-पछुवा गाडी, जगेडा कार, एम्बुलेन्स, राष्ट्रपति सवार गाडीको दायाँबायाँ गुड्ने मोटरसाइकल भने 'कारकेड'बाट हटाइएका थिए ।

राष्ट्रपति पौडेल शीतलनिवासबाट पानीपोखरी, हात्तीसार, केशरमहल हुँदै सैनिक मञ्चमा पुगेका थिए । रुटआसपासका सडकमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति थियो । सर्वसाधारणलाई सडकमा आउजाउ गर्न रोक लगाइएको थियो । सडकमा सावरीसाधन गुड्न बन्द गरिएका थिए । मंगलबार सार्वजनिक बिदा भएको हुँदा सडक किनारमा सर्वसाधारणको सहभागिता भने कम देखिन्थ्यो ।

राष्ट्रपति पौडेलको प्रेससमेत हेर्दै आएका स्वकीय उपसचिव खिला कार्कीले राष्ट्रपति पौडेलको सवारी पुरानै कार्यविधिअनुसार चलाइएको जानकारी दिए । नयाँ कार्यविधि कार्यान्वयनमा आइनसकेको हुँदा सवारी पुरानै कार्यविधिअनुसार चलाइएको उनको भनाइ छ । 'मंगलबार राष्ट्रपति सैनिक मञ्चमा आयोजित घोडेजात्रामा सहभागी हुने कार्यक्रम थियो । औपचारिक किसिमको कार्यक्रम भएकाले उहाँको सवारी पनि औपचारिक ढंगले नै सञ्चालन भयो । नयाँ कार्यविधि कार्यान्वयनमा आइसकेको छैन । उहाँको सवारी पुरानै कार्यविधिअनुसार चलाइएको छ,' उनले भने । राष्ट्रपति पदको शपथपछि पौडेलको पहिलो औपचारिक सवारी पशुपतिनाथ मन्दिर दर्शनका लागि सञ्चालन गरिएको थियो । सडक खाली गराइएपछि सवारीको सम्बन्धमा सर्वसाधारणबाट व्यापक आलोचना भएको थियो । त्यसलगत्तै वसन्तपुरस्थित कुमारीघरको दर्शनका लागि चलाइएको सवारीमा भने सडक खाली गराइएको थिएन । न सवारीमा मोटरसाइकलको 'कारकेड' नै प्रयोग गरिएको थियो ।



तस्बिर : संजित परियार/नयाँ पत्रिका

विशिष्ट व्यक्तिको सवारीका क्रममा सर्वसाधारणले दुःख पाउन थालेपछि सरकारले 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि-०७७' परिमार्जन अन्तिम चरणमा पुऱ्याएको छ । मन्त्रिपरिषद् बैठकले निर्णय गरेपछि कार्यविधि कार्यान्वयनमा आउनेछ । त्यसपछि भने भिभिआइपीको सवारीमा सडक पूर्ण रूपमा खाली गराइनेछैन । गृह मन्त्रालयका अनुसार कार्यविधिमा विशेष गरी विशिष्ट व्यक्तिको राजकीय, औपचारिक र कार्यालयीय सवारीलाई परिमार्जन गरिएका छन् । परिमार्जित कार्यविधिअनुसार अब राजकीय, औपचारिक र कार्यालयीय सवारीमा सडक खाली गरिँदैन । सडकको आवागमन अवरुद्ध गरिँदैन । । 'कारकेड'मा मोटरसाइकल र गाडीका लावालस्कर हुनेछैनन् । तर, सवारी हुने रुटमा सुरक्षा व्यवस्था भने कडा तुल्याइनेछ । सवारी हुने रुटमा देखिनेभन्दा पनि नदेखिने सुरक्षाकर्मी ज्यादा परिचालन हुनेछन् ।

प्रहरीको सुझबुझ निर्णयले गुमेको २७ लाख फिर्ता

सस्तो मूल्यमा जग्गा मिलाइदिने भन्दै छोरालाई जग्गाधनी बनाएर नेपालीसँग रकम लिई फरार भारतीय नागरिक पक्राउ

नयाँ पत्रिका
काठमाडौं, ७ चैत

सस्तोमा जग्गा खरिद गर्ने प्रलोभनमा २७ लाख गुमेपछि बाग्लुङ नगरपालिका- १४ का ४२ वर्षीय सूर्य सुवेदी छाँगाबाट खसेझैं भएका थिए । तर, प्रहरीको चालाखीपूर्ण कदमले गुमेको सबै रकम फिर्ता पाएपछि सुवेदी दंग मात्रै परेनन्, प्रहरीप्रति नतमस्तक नै बने । भारत बिहार चैनपुर कुंपडवाका प्रमोद सिंहले बारास्थित निजगढमा सस्तो मूल्यमा जग्गा मिलाइदिने प्रलोभन दिएपछि सुवेदी गत फागुनको अन्तिम साता काठमाडौंबाट हान्निएर निजगढ पुगे । जग्गा चित्त बुझेपछि जग्गाको मूल्य 'फिक्स' भयो । ४४ लाख रुपैयाँ ठीक पार्न सिंहले भने । जब रकम बैंकबाट झिकियो, सुवेदीलाई अनेक बहाना देखाएर सिंहले रौतहट इसानाथ गाउँपालिकास्थित बन्जार पुऱ्याए ।

जग्गाधनीको आवरणमा सिंहले आफ्नै दुई छोरासँग परिचय गराए । केहीबेर द्विपक्षीय छलफल भयो । सिंहले जग्गाधनीलाई रकम दिन सुवेदीलाई भने । आलटाल भएपछि सिंह दबाबमा उत्रिए । केही सीप नचलेपछि सुवेदीले १० लाख रुपैयाँको चेकसहित २७ लाख रुपैयाँ सिंहले भनेको जग्गाधनीलाई दिए । रकम हात पर्नासाथ जग्गाधनी घटनास्थलबाट सुटुक्क हिँडे ।

अलमलिएका सुवेदीले जब जग्गा पास गर्ने विषय झिके, सिंहले अर्को दिनको भाका दिए । मनमा चिसो परेपछि सुवेदीले जग्गाधनीसँग तुरुन्तै टेलिफोन सम्पर्क गरे । सम्पर्क नभएपछि उनी सोधखोजमा जुटे । यही क्रममा जग्गाधनी नक्कली मात्र होइन, उनीहरू सिंहकै छोरा राजन र साजन रहेको खुल्यो । रकम हात पर्नेबित्तिकै उनीहरू भारतको बिहारतर्फ फरार भएको खुलेपछि सुवेदी छाँगाबाट खसेझैं भए ।

उनी उजुरी लिएर जिल्ला प्रहरी कार्यालय रौतहट पुगे । सुरुमा प्रहरीले उजुरीप्रति चासो देखाएन । हारगुहार गर्दै उनी जिप्रकामा कार्यरत इन्सपेक्टर दिनेश कुँवरकहाँ पुगे । उनले घटनाको बेलिबिस्तार इन्सपेक्टर कुँवरलाई सुनाए । ठगीमा संलग्न अभियुक्त भारतीय नागरिक थिए । र, रकम लिएर उनीहरू भारततर्फ फरार भइसकेका थिए । त्यसो हुँदा उनीहरूलाई पक्राउ गरेर रकम फिर्ता गराउनु चुनौतीपूर्ण कदम थियो ।

तर, प्रहरी निरीक्षक कुँवर चुनौती मोल्न तयार भए । उनी भारतको बिहारतर्फ जान तत्काल तयार भए । घटनामा संलग्न अभियुक्तको नाम, हुलिया र ठेगाना लिए । टोली लिएर उनी भारतको बिहारतर्फ छिरे । नभन्दै ठगीमा संलग्न सिंहलाई पक्राउ गरेर नेपाल ल्याउन उनी सफल भए । र, गुमेको सबै रकम पीडितलाई फिर्ता दिलाए । रौतहट जिल्ला प्रहरी कार्यालयका अनुसार सिंहको समूहले सुवेदीलाई गत १ चैतमा रौतहट इसानाथ गाउँपालिकास्थित बन्जराबाट लुटेका थिए । सिंहलाई प्रहरीले बिहारबाट ३ चैतमा पक्राउ गरेको थियो । उनले लुटेको रकम ४ चैतमा फिर्ता गरेका थिए ।

जिप्रका रौतहट प्रमुख एसपी वीरबहादुर बुढामगरले ठगी घटनामा भारतीय नागरिक प्रयोग भएको र उनीहरूलाई भारतबाटै पक्राउ गरेर ल्याई पीडितको रकम फिर्ता गरिएको बताए । 'सस्तोमा जग्गा मिलाइदिने प्रलोभनमा पीडितबाट २७ लाख रुपैयाँ लिएर भारतीय नागरिक फरार भएका रहेछन् । हामीले उनीहरू बस्ने ठाउँ पत्ता लगायौं । घटनास्थलतर्फ सिभिल ड्रेसमा प्रहरी पठायौं । ठगीमा संलग्न अभियुक्त पहिचान भएपछि अनेक उपाय लगाएर नेपालको बोर्डरसम्म ल्यायौं र पक्राउ गऱ्यौं । ठगीको रकम बरामद गरेर पीडितलाई फिर्ता गरिसकेका छौं,' उनले भने ।

गुमेको रकम फिर्ता पाउँदा पीडित सुवेदी दंग परेका छन् । नयाँ पत्रिकासँगको कुराकानीमा उनले भने, 'सस्तोमा जग्गा खरिद गर्ने प्रलोभनमा मलाई रौतहट पुऱ्यायो । जालसाजीपूर्वक मसँग रहेको २७ लाख रुपैयाँ लिएर ठग भारततर्फ फरार भयो । रकम फिर्ता होला भनेर मैले त सोचेकै थिइनँ । प्रहरीको चलाखीपूर्ण कदमले गुमेको रकम फिर्ता भयो ।'

लमजुङका सात स्थानीय तह दमकलविहीन

लमजुङ/ चार नगरपालिका र चार गाउँपालिका गरी आठ स्थानीय तह रहेको लमजुङमा बँसीसहर नगरपालिकासँग मात्रै अग्नि नियन्त्रणका लागि दमकल छ । बाँकी सात स्थानीय तहसँग दमकल छैनन् । कुनै पनि स्थानीय तहले दमकल खरिद गर्ने तयारी गरेका छैनन् । आगलागी भएका बेला समयमा चाँडै र दक्ष कर्मचारी पठाउने गरिएको बँसीसहर नगरपालिकाका नगरप्रमुख गुमानसिंह अर्यालले बताए । 'ठूलो आगलागी भएका बेला अन्य स्थानीय तहले हाम्रै नगरको दमकल प्रयोग गर्ने गरेका छन्,' उनले भने ।

सबै स्थानीय तहको अधिकांश बस्ती तथा भागमा सडक पुगे पनि भौगौलिक संरचनाका कारण सबै ठाउँमा आगलागी हुँदा दमकल पुग्न सम्भव छैन । जिल्लामा आगलागी हुँदा दमकलविनै प्रहरीले आगो नियन्त्रण गर्ने गरेको र ठूलो आगलागी हुँदा प्रहरी बेलैमा पुगे पनि दमकल पुग्न समय लाग्ने भएकाले क्षति बढी हुने गरेको स्थानीय बताउँछन् । स्थानीय तहमा आपत परेका बेलामा अत्यावश्यक दमकलको व्यवस्था छैन ।

जातीय विभेद तथा रंगभेद उन्मूलन दिवसमा पाँच किलोमिटर च्याली



जातीय छुवाछुत तथा विभेदजन्य घटनाविरुद्ध समुदायको तल्लो तहसम्म सन्देश पुऱ्याउने उद्देश्यले मंगलबार सिराहाको धनगढीमाई नगरपालिकामा करिब पाँच किलोमिटर च्याली निकालिएको छ । च्यालीमा सहभागीले संवैधानिक तथा कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर, जातीय भेदभाव गर्नेविरुद्ध कानुनी कारबाही गरलगायतका नारा लगाएका थिए । **तस्बिर : मणिलाल विश्वकर्मा/नयाँ पत्रिका**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

SAGARMATHA JALABIDHYUT COMPANY LIMITED
सगरमाथा जलविद्युत कम्पनी लिमिटेड
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२९, काठमाण्डौ
(आयोजनाको नाम : सुपर माई ए जलविद्युत आयोजना)
www.sagarmathajbc.com.np Email: sagarmathahydropower@gmail.com

को

साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना ।

सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको जारी पूँजी रु. १,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड) मध्ये ४९% अर्थात् रु.५४,८८,००,०००/- (चौउन्न करोड अठासी लाख) रकम बराबरको रु.१००/- अंकित दरका ५४,८८,००० (चौउन्न लाख अठासी हजार) कित्ता शेयरहरु मध्ये जारी पूँजीको १०% अर्थात रु.११,२०,००,०००/- (एघार करोड बिस लाख) रकम बराबरको रु. १०० अंकित दरका ११,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु (ईलाम जिल्लाको बासिन्दा) को निमित्त तथा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.४,३६,८०,०००/- (चार करोड छत्तीस लाख असी हजार) रकम बराबरको रु.१००/- अंकित दरका ४,३६,८०० (चार लाख छत्तीस हजार आठ सय) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि बाँडफाँड गरिएको र बाँडफाँड गरे पश्चात जारी पूँजीको ३९% अर्थात् रु.४३,६८,००,०००/- (त्रिचालीस करोड अठसी लाख) रकम बराबरको रु.१००/- अंकित दरका ४३,६८,००० (त्रिचालीस लाख अठसी हजार) कित्ता शेयरहरु मध्ये २,१८,४०० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ५%) सामूहिक लगानी कोषका योजनाहरुको लागि र १,३१,०४० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ३%) कर्मचारीहरुको लागि बाँडफाँड गरी बाँकी रहेको ३५,८१,७६० कित्ता साधारण शेयर **आज मिति २०७९ चैत्र ०८ गते बुधबार**देखि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १०	कित्ता दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्या: १०,००० कित्ता

दरखास्त साथ प्रति शेयर १००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्नेछ ।

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
क.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट: www.prabhucapital.com, फोन नं.: ०१-४१६९१००, ०१-५९७०२००
ख.	सगरमाथा जलविद्युत कम्पनी लिमिटेड, का.म.पा-२९, अनामनगर, काठमाण्डौं, www.sagarmathajbc.com.np
ग.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
क.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आश्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सी-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

सर्वसाधारणको लागि साधारण शेयर बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति	: २०७९/१२/०८ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७९/१२/१२ गते (बैकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७९/१२/२२ गते (बैकिङ्ग समय पश्चात) सम्म

नेटवर्थ सम्बन्धी विवरण:

विवरण	वास्तविक				प्रक्षेपित		
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८० (आश्विन मसान्त)	२०७९/८०	२०८०/८१	२०८१/८२
प्रति शेयर आम्दानी रु.	३.७०	११.३९	११.६५	८.२४	७.२२	१०.३६	११.२३
प्रति शेयर नेटवर्थ रु.	१००.७६	११२.१३	१११.४१	१०९.१३	१०७.६८	११८.०४	१२९.२७
संचित नाफा नोक्सान (हजारमा)	३,३६६.०७	५४,८११.९०	६५,२०१.३४	५२,१३९.५९	८५,९६२.९३	२०२,०३३.१२	३२७,७७७.५०

प्रति मेगावाट लागत सम्बन्धि विवरण:
कम्पनीले निर्माण गरी संचालन गरेको सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को कुल (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.१९,८४,३३,०७७/- रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण:
सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७४/११/१८ देखि २१०९/११/१७ गते सम्म रहेकोले ३० वर्ष ७ महिना बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:
आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ९.०४ वर्ष र Discounted Pay Back Period १९.४०.वर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कुल लागत विवरण:
सुपरमाई ए जलविद्युत आयोजना (९.६ मे.वा.) कुल लागत (Interest During Construction (IDC) सहित १,९०,४९,५७,५३७/- रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई "(ICRANP-IR)BBB- [Triple B Minus)] रेटिङ्ग प्राप्त गरेको छ । ICRA -NP BBB-(Is) ले" Considered to have moderste degree of safety regarding timely servicing of financial obligations" रहेको जनाउँदछ । यसको अर्थ वित्तीय दायित्वहरुको समयमै सेवा गर्ने सन्दर्भमा मध्यम स्तरको सुरक्षा भएको मानिन्छ । ईक्रा नेपाल लिमिटेडले ICRANP-IR] AAA b]lv [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ । [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ ICRA-NP BBB(Is) को स्थिति ICRA-NP BB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०७९/०३/०१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८०/०३/३०

लागानीकर्ताले धितोपत्र सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण-पत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

*यस निष्काशन सम्बन्धि विस्तृत जानकारीको लागि मिति २०७९ फागुन ३० गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा कम्पनीको वेवसाइट **www.sagarmathajbc.com.np** तथा धितोपत्र निष्काशन बिक्रि प्रबन्धकको वेवसाइट **www.prabhucapital.com.np** बाट समेत प्राप्त गर्न सकिने छ ।*

कम्पनीको संस्थापक शेयरधनी/आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु (ईलाम जिल्लाको स्थायी बासिन्दाहरु) तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई शेयर निष्काशन गर्दा आवेदन दिई बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा पुनःआवेदन दिएमा निजहरुको आवेदन स्वतःरद्ध हुने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक
prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००
E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

■ हुलाकी राजमार्ग निर्माण अलपत्र

पाँचौंपटक थपिएको म्याद सकिन लाग्दा पनि ठेकेदार बेपत्ता

धनगढीमा **तेजराज भट्ट**

पाँचौंपटक थपिएको म्याद सकिनै लाग्दा पनि कञ्चनपुरमा हुलाकी राजमार्ग निर्माणको कामले गति लिन सकेको छैन । निर्माण कम्पनीले काम नगर्दा राजमार्गको निर्माणाधीन तीनमध्ये दुई प्याकेजको काम ६ वर्षदेखि अलपत्र अवस्थामा छ । निर्धारित समयभन्दा दोब्बर बढी अवधिपछि एउटा प्याकेजको काम भने अहिले बल्ल सम्पन्न हुने चरणमा छ ।

कञ्चनपुरमा हुलाकी राजमार्गको ६२ किलोमिटरलाई तीनवटा खण्डमा छुट्याएर काम भइरहेको छ । बेलौरीदेखि बेल्डाँडीसम्म २० किलोमिटर दोस्रो र बेल्डाँडी-दैजीसम्मको २२ किलोमिटर लामो तेस्रो खण्डमा पाँचौंपटक थप भएको अवधि आगामी असारमा सकिँदै छ । तर, कामले तीव्रता पाएको छैन । लामो समयदेखि राजमार्ग निर्माणको काम बन्द रहेको स्थानीयले बताएका छन् । स्थानीयका अनुसार केही दिन काम गरेर ठेकेदार हराउने गरेका छन् । 'कहिलेकाहीं दुई-चार दिन अलिअलि काम गर्छन्, त्यसपछि लामो समयसम्म फर्केर आउँदैनन्,' बेल्डाँडी गाउँपालिका- १ का स्थानीय दिनेश ठकुराठीले नयाँ पत्रिकासँग भने, 'ठेकेदार आफू फिल्डमा आउँदैनन्, कामदारलाई भन्दाभन्दा थाकिसक्यौं ।'



हुलाकी राजमार्गअन्तर्गत निर्माणाधीन बेलौरी-बेल्डाँडी खण्ड । तस्बिर : मोहन विष्ट/नयाँ पत्रिका

सर्वसाधारणलाई सास्ती

लामो समयदेखि सडक निर्माणकार्य अलपत्र हुँदा सर्वसाधारणले सास्ती खेप्नु परिरहेको छ । निर्माणाधीन सडकमा गाडी गुड्दा उड्ने धुलोले सडकवरिपरिका घर सेताम्य छन् । बेल्डाँडी- २ चवन्नीका जनक धामीले पानी पर्दा जम्ने हिलो र अरू वेला धुलोले हिँडडुल गर्न समस्या हुने गरेको बताए । उनले भने, 'खाल्डाखुल्डीले गर्भवती, बिरामीलाई अस्पताल लैजान हामीलाई निकै समस्या छ । साढे दुई वर्षमा बन्नुपर्ने हो, ६ वर्ष भइसक्यो । ठेकेदार दोषी हो भने सरकारले कारबाही गर्नुपऱ्यो ।'

भुक्तानी लिने समयमा मात्र काम भइरहेको देखाउनका लागि ठेकेदारले केही दिन कामदार पठाउने गरेको उनले बताए । बेल्डाँडी क्षेत्रमा अहिले पनि राजमार्ग निर्माणको काम रोकिएको उनले जनाए ।

राजनीतिक पहुँच भएका ठेकेदार भएकाले सडक निर्माणमा चरम लापरबाही हुँदा पनि सरकारले कारबाही गर्नुको साटो म्याद थप गर्दै आएको स्थानीयको आरोप छ । 'ठेकेदार पहुँचवाला भए, स्थानीय जनप्रतिनिधिबाट पनि काम छिटो गर्नका लागि पहल हुन सकेन,' ठकुराठीले भने, 'हामी जनताका कुरा कसले सुनिदिने ?'

पहुँचका आधारमा पटकपटक म्याद थप

पहिलो र तेस्रो खण्डमा काम गरिरहेको राजेन्द्र निर्माण सेवा नेपाली कांग्रेस डडेल्धुराका सभापति भीमबहादुर साउदको कम्पनी हो । ०७४ को स्थानीय तह निर्वाचनमा डडेल्धुराको पर्शुराम नगरपालिकाको मेयर निर्वाचित भएपछि साउदले यो कम्पनी परिवारका सदस्यको नाममा सारेका थिए । हुलाकी राजमार्गअन्तर्गत डोकेबजारदेखि बेलौरीसम्म २० किलोमिटर लामो पहिलो खण्डमा पनि यो कम्पनीले काम गरिरहेको छ । यो खण्डमा पाँचौंपटक थपिएको म्याद गत पुसमा सकिएको छ । कालोपत्रेको काम सकिए पनि तारजाली राख्नेलगायत केही काम बाँकी रहेका आयोजना कार्यालयले जनाएको छ । यो खण्डमा पनि साढे दुई वर्षभित्र काम सक्ने गरी ३६ करोड ४७ लाख लागतमा १ चैत ०७३ मा निर्माण सम्झौता भएको थियो ।

सिद्धिशाही नेपाली कांग्रेस डोल्पाका सभापति दीपेन्द्रबहादुर शाहीको निर्माण कम्पनी हो । साढे दुई वर्षमा सक्नुपर्ने काम ६ वर्षसम्म पूरा नहुँदा पनि राजनीतिक पहुँचका आधारमा निर्माण कम्पनीलाई सरकारले कारबाही गर्नुको साटो म्याद थप्दै आएको स्थानीयको आरोप छ । चौथोपटक थप गरिएको अवधिमा पनि काम पूरा नभएपछि आयोजना कार्यालयले गत असारमा सिद्धिशाही-बाबाहंश जेभी र शर्मा-राजेन्द्र जेभीलाई कारबाहीको प्रक्रिया अगाडि बढाएको थियो ।

आयोजना कार्यालयले तत्काल काम नगरे ठेक्का तोडिने सूचना प्रकाशित गरेको थियो, तर असारमै सरकारले सार्वजनिक खरिद नियमावली संशोधन गरेर पुराना सबै ठेक्काको म्याद एक वर्ष थप्ने व्यवस्था गरेपछि यी दुवै खण्डको अवधि पाँचौंपटक थप भएको हो । हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढीका प्रमुख सबिन जोशीले निर्माण कम्पनीलाई पटक-पटक ताकेता गर्दा पनि दोस्रो र तेस्रो खण्डको काम सुस्त रहेको बताए । 'असारसम्म म्याद छ । हामी सकेसम्म काम गराउने कोसिस गरिरहेका छौं,' जोशीले भने, 'काम अगाडि बढेन र त्यतिन्जेल सकिएन भने कारबाहीको प्रक्रियामा जान्छौं ।'

■ थपिएको समयमा पनि सम्पन्न हुन कठिन

बेलौरीदेखि बेल्डाँडीसम्म २० किलोमिटर राजमार्ग निर्माणको ठेक्का सिद्धिशाही-बाबाहंश जेभीले लिएको छ । ४१ करोड साढे ४१ लाख लागतको यो सडकको काम ३० महिनाभित्र सक्ने गरी २ फागुन ०७३ मा सम्झौता भएको थियो । ६ वर्ष बित्दा भौतिक प्रगति ७५ प्रतिशत मात्र छ । त्यस्तै, बेल्डाँडी-दैजीसम्मको २२ किलोमिटर सडक शर्मा-राजेन्द्र जेभीले निर्माण गरिरहेको छ । ३८ करोड ५७ लाख लागतमा साढे दुई वर्षभित्र सक्ने गरी १ चैत ०७३ मा निर्माण सम्झौता भएको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ । यो खण्डमा पनि हालसम्म करिब ७५ प्रतिशत मात्र काम भएको आयोजना कार्यालयले जनाएको छ ।

यी दुवै खण्डमा पाँचौंपटक थपिएको म्याद आगामी असारमा सकिँदै छ, तर कामको गति हेर्दा असारसम्म पनि काम पूरा हुने नदेखिएको आयोजनाका सूचना अधिकारीसमेत रहेका इन्जिनियर दीपक सुनारले बताए । सडक निर्माणमा ठेकेदारले चरम लापरबाही गरिरहेको उनले बताए । 'काम गरिरहेको छ भनेर देखाउन दुवै खण्डमा ठेकेदारले केही मान्छे खटाएका छन्, तर खासमा काम भइरहेको छैन ।' सुनारले भने, 'यही गतिमा बाँकी काम सक्न अझै चार वर्ष लाग्छ ।' 'आँखामा छारो हाल्ने गरी' काम भइरहेको उनले बताए ।

देखाउनका लागि कहिलेकाहीं मात्र काम भइरहेको आयोजना कार्यालयले जनाएको छ । 'हामीले ठेकेदारसँग पटक-पटक छलफल गरेका छौं । असारसम्म काम सक्ने प्रतिबद्धता पनि जनाएका थिए । तर, प्रतिवद्धताअनुसार काम भएको छैन ।' सुनारले भने, 'निर्माण अवधि बाँकी रहेकाले काम गर्न दबाब दिनेबाहेक अरू कारबाही गर्न सकिँदैन ।' तेस्रो खण्डमा रूख कटान आदेशका कारण केही महिना ढिलाइ भए पनि त्यसपछि भने ठेकेदारको लापरबाहीले ढिलाइ भएको उनले बताए । आयोजना कार्यालयका अनुसार अन्य ठाउँमा साइट क्लियरको समस्या थिएन ।

■ कैलालीमा स्तरोन्नतिको काम सुस्त

कैलालीमा पनि हुलाकी राजमार्ग स्तरोन्नतिको काम सुस्त छ । हुलाकी राजमार्ग र राजमार्गको लिंक सडक गरी कैलालीमा साढे ७३ किलोमिटर सडकलाई एक लेनबाट सात मिटर चौडा गरी दुई लेनमा स्तरोन्नति गर्ने काम भइरहेको छ । यो सडक यसअघि भारत सरकारको सहयोगमा भारतीय कम्पनीले कालोपत्रे गरेको थियो । साढे ७३ किलोमिटर सडकलाई सातवटा खण्डमा छुट्याएर स्तरोन्नति भइरहेको हो । सबै खण्डको ३० महिनाको निर्माण अवधि सकिए पनि भौतिक प्रगति भने उत्साहजनक छैन ।

धनगढी क्याम्पस रोडदेखि पूर्व तीन किलोमिटर चार लेनसहित सात किलोमिटर खण्डको निर्माण अवधि गत पुसमा सकिएको थियो । निर्धारित अवधिमा करिब ६५ प्रतिशत मात्र काम भएपछि एक वर्ष थप गरिएको छ । धनगढीको कटैनी खोलादेखि फूलबारीसम्म १२ किलोमिटर खण्डमा ४५ प्रतिशत, फूलबारीदेखि कैलारीसम्मको १२ किलोमिटर खण्डमा ३० प्रतिशत र कान्द्रादेखि सत्तीबजार कर्णाली पुलसम्म १३ किलोमिटर खण्डमा हालसम्म २५ प्रतिशत मात्र प्रगति रहेको आयोजना कार्यालयले जनाएको छ ।

हुलाकी राजमार्गको लिंक रोडको रूपमा रहेको पूर्व-पश्चिम राजमार्गअन्तर्गत लम्कीदेखि टीकापुर सत्तीसम्मको साढे २९ किलोमिटर सडक स्तरोन्नतिको काम पनि सुस्त छ । यसमध्ये साढे सात किलोमिटर सडक चार लेनको बन्दै छ । ३० महिनाको अवधिमा लम्कीदेखि आठ किलोमिटरको पहिलो खण्डमा ७० प्रतिशत, १० किलोमिटर लामो दोस्रो खण्डमा ३५ प्रतिशत र साढे ११ किलोमिटर लामो तेस्रो खण्डमा ३० प्रतिशत मात्र भौतिक प्रगति भएको आयोजनाका सूचना अधिकारी सुनारले जानकारी दिए ।

पाथीभरा दर्शन गर्न आएकी एक महिलाको मृत्यु

ताप्लेजुङ / प्रसिद्ध तीर्थस्थल पाथीभरामा दर्शन गर्न आएकी एक महिलाको मृत्यु भएको छ । पाथीभरा मन्दिरको दर्शन गरी सोमबार बेलुका माथिल्लो फेदीमा वास बसेकी बिर्तामोड नगरपालिका- २ चारपाने झापा बस्ने ४७ वर्षीया शिवमाया गौतमको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कुशराम कार्कीले बताए । प्रहरी निरीक्षक कार्कीका अनुसार सोमबार पाथीभराको दर्शन गरी पुनः माथिल्लो फेदीमा आई गौतमलगायत आफन्त वास बसेका थिए ।

बहिनी र अन्य आफन्तका साथ आएकी गौतम मंगलबार राति २ बजेतिर शौचालय गएकी र निकैबेर शौचालयबाट नफर्किएपछि हेर्दा शौचालयमा नै लडेको अवस्थामा भेटिएकी थिइन् । तत्काल स्थानीय स्वास्थ्यकर्मी बोलाएर चेकजाँच गर्न खोज्दा उनी मृत भइसकेकी थिइन् । मृत गौतमको शवलाई जिल्ला अस्पतालमा ल्याउने र पोस्टमार्टमपछि आफन्तको जिम्मा लगाइने प्रहरीले जनाएको छ ।

पायोनियर बचत तथा ऋण सहकारी संस्था लि.
PISCO
का.म.न.पा. २२ न्युरोड, काठमाण्डौं ।

अचल सम्पत्ती गोप्य शिलबन्दी मार्फत लिलाम बिक्रि गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस पायोनियर बचत तथा ऋण सहकारी संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम द्वारा बिक्रि गर्न ०७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्रमा प्राप्त भएका गोप्य शिलवन्दी प्रस्तावहरु ८औं दिन (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) ४ बजे संस्थाको कार्यालयमा प्रस्तावकहरुको रोहवरमा खोलिनेछ । लिलाममा सबैभन्दा बढी रकम कबोल गर्नेको नाममा लिलाम सदर गर्ने निर्णय भएमा नियम बमोजिमको रकम संस्थामा दाखिला गर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ र अन्य केही कुराको जानकारी चाहिएमा यस संस्थामा सम्पर्क राखी बुझ्न सकिने छ । लिलाम बढाबढमा सो सम्पति कसैले नसकारेमा वा संस्थालाई चित्त बुझ्दो मुल्यको प्रस्ताव प्राप्त नभएमा पुनः अर्को सूचना प्रकाशित गरि बिक्रि गर्ने वा संस्थाकै नाममा यथावत कायम राख्ने अधिकार संस्थामा सुरक्षित रहने छ ।

तपशिल

जिल्ला	गा.वि.स. / न.पा.	वडा नं./ सिट नं	कित्ता नं.	क्षेत्रफल रोपनी/व.मी.	कैफियत
काठमाण्डौं	मातातिर्थ	६/६क	३५६	०-५-२-२ (१७९.९२ व.मी.)	
काठमाण्डौं	मातातिर्थ	६/६क	२०४	०-२-३-० (८७.४३ व.मी.)	
काठमाण्डौं	मातातिर्थ	६/६क	२०५	०-२-२-० (७९.४८ व.मी.)	

अन्य शर्तहरु :
१. लिलाम बढाबढमा भाग लिने व्यक्तिले कबोल अंकको १० प्रतिशतले हुने रकम तत्काल धरौटी राख्नु पर्नेछ र बाकी रकम अचल सम्पत्ती बिक्री गर्ने निर्णयको जानकारी पाएको मितिले ७ दिन भित्रमा जम्मा गरेपछि अचल सम्पत्ती नामसारी गरि दिईनेछ ।
२. लिलाम बढाबढ कबोल अंकमा बिक्री गर्ने निर्णय भई तोकिएको मिति भित्रमा बाँकी रकम दाखिला नगरेमा धरौटी रकम जफत हुनेछ ।
३. संस्थाबाट लिलाम वा सकार गरेको सम्पत्ती दाखिल खारेज/नामसारी गर्दा तिर्न बुझाउन बाकी रहेको दस्तुर र लाग्ने रजिष्ट्रेशन दस्तुर अचल सम्पत्ती सकार गर्नेले तिर्नु पर्नेछ ।
४. अधिकतम अंक कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ती बिक्री गरिदिईनेछ तर सो अंकमा अचल सम्पत्ती बिक्री गर्ने नगर्ने सम्पूर्ण अधिकार यस सस्थामा निहित रहनेछ ।
५. अचल सम्पत्ती लिलामीको लागि तोकिएको दिन कुनै आकस्मिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन अचल सम्पत्ती लिलाम बढाबढ गरिनेछ ।
६. यस सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार यस संस्थामा निहित रहनेछ ।

संक्षेप

मधेसी आयोगले मनायो चौथो स्थापना दिवस

काठमाडौं / मधेसी आयोगले आफ्नो चौथो स्थापना दिवस मनाएको छ । संवैधानिक निकायका पदाधिकारी, आयोगका निवर्तमान कर्मचारी, विभिन्न सामाजिक संस्थाका प्रतिनिधि तथा नागरिक समाजका अगुवाको उपस्थितिमा मंगलबार एक विशेष समारोह आयोजना गरी आयोगले आफ्नो चौथो वार्षिकोत्सव मनाएको हो । ७ चैत ०७५ मा प्रथम अध्यक्ष डा. विजयकुमार दत्तले शपथ लिएर पदबहाली गरेको दिनलाई आयोगले आफ्नो वार्षिकोत्सव मनाउँदै आएको छ । आयोगले मधेसी समुदायको थर सूचीकरण, मधेस प्रोफाइल निर्माण, समुदायको राज्यमा पहुँचसम्बन्धी अध्ययन, लोकसेवा तयारी अभिमुखीकरण कार्यक्रम तथा जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ ।

लागुऔषधसहित एकजना पक्राउ

कास्की / ठूलो परिमाणमा लागुऔषधसहित कास्की प्रहरीले एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पोखरा महानगरपालिका- १३ कुडहरका ३० वर्षीय कृष्ण हमाल छन् । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकका अनुसार जिल्ला प्रहरी कार्यालय कास्की र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पोखराबाट खटिएको संयुक्त प्रहरी टोलीले हमाललाई पक्राउ गरेको हो । उनको डेरा कोठाबाट डाइजापाम २०७ एम्पुल, फेनारगन २०७ एम्पुल र नुफिन २०७ एम्पुल गरी जम्मा ६२१ एम्पुल लागुऔषध बरामद गरिएको विकले जानकारी दिए । पक्राउ विकलाई कास्की जिल्ला अदालतबाट लागुऔषधसम्बन्धी मुद्दामा १५ दिन म्याद थप गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

बोलेरोको ठक्करबाट बालकको मृत्यु

मकवानपुर / बोलेरो जिपको ठक्करबाट गम्भीर घाइते भएका बालकको उपचारको क्रमा मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका- ८ ओमनगरका १४ वर्षीय अनिल श्रेष्ठ छन् । बा.१२च ९७८६ नम्बरको बोलेरोले अनिललाई आइतबार साँझ ओमनगरमा ठक्कर दिएको थियो । उनको भरतपुर अस्पताल चितवनमा उपचारको क्रममा मंगलबार ज्यान गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सामान किनेर साइकलमा घर फर्कँदै गरेका वेला तीव्रगतिमा आएको बोलेरोले बालकलाई ठक्कर दिएको थियो । तत्काल उद्धार गरी हेटौंडा अस्पताल पुऱ्याइएकोमा हेटौंडा अस्पतालले भरतपुर रिफर गरेको थियो । सो बोलेरोले स्थानीय जितबहादुर सारु मगरको घरअगाडि बालक श्रेष्ठ र पार्किङ गरेर राखिएको बागमती प्रदेश ०३-००१ प ६२६५ नम्बरको स्कुटरलाई समेत ठक्कर दिएको थियो ।



'पठान' अब ओटिटीमा

शाहरूख खान, जोन इब्राहिम र दीपिका पादुकोण अभिनीत फिल्म पठान आजदेखि ओटिटी प्लेटफर्म अमेजन प्राइममा हेर्न सकिने भएको छ। यो फिल्म २५ जनवरीमा सिनेमाघरमा रिलिज भएको थियो। अहिलेसम्म फिल्मले विश्वभरबाट एक हजार करोडभन्दा धेरै आम्दानी गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।



४५ वर्षकी भइन् रानी

बलिउड अभिनेत्री रानी मुखर्जीले मंगलबार आफ्नो ४५औँ जन्मदिन मनाएकी छिन्। गत शुक्रबार मात्रै रानी मुखर्जी अभिनीत 'मिसेज चाटर्जी भर्सेज नर्वे' रिलिज भएको थियो। फिल्मले राम्रो प्रतिक्रिया पाइरहेको छ। असिमा चिब्बर निर्देशित यस फिल्ममा रानीसँगै अनिर्वान भट्टाचार्य र जिम सरभ मुख्य भूमिकामा छन्।

दाँत स्वस्थ राख्न के गर्ने ?

यस्तो अवस्थामा जरादेखिको उपचार

हरेक दाँतको बाहिरी सतह इनामेल र डेन्टिनभित्र रहेको नरम तत्त्वलाई पल्प भनिन्छ, जसमा रक्तनली र नसाहरू हुन्छन्। तपाईंको दाँतमा कुनै पनि कारणले गर्दा आघात पर्न सक्छ। जस्तै, दाँत किराले खाएर गहिरो हुँदै गएमा वा दाँतमा कुनै पनि चोटपटक लागेमा यस्तो समस्या देखिन सक्छ। नसालाई आघात पर्न गएमा दाँत दुख्न थाल्छ। समयमा उपचार गरिएन भने संक्रमण बढ्दै जान्छ। जसले गर्दा दाँत र वरपरको हड्डीमा अझै क्षति पुग्न सक्छ र अन्त्यमा दाँत निकाल्नुपर्ने हुन सक्छ। यसरी दुखेको दाँतको नसादेखि नै गरिने उपचारलाई आरसिटी (रुट क्यानल ट्रिटमेन्ट) भनिन्छ। आरसिटी गरेपछि दाँत दुखाइ कम हुँदै जान्छ।



डा. समा प्रधान
इन्डोडोन्टिस्ट, डेन्टालाइफ ओरल कन्सर्न

दाँत हाम्रो शरीरको महत्त्वपूर्ण अंगमध्ये एक हो। यदि समयमै दाँतको स्याहार गरिएन भने विभिन्न समस्या देखिन सक्छ। दाँतको दुखाइ, गिजामा दुखाइ, उमेरभन्दा पहिल्यै दाँत झर्नु, दाँत पहेँलो हुनु, मुख दुर्गन्धित हुनेलगायत समस्या देखिन्छन्।

दाँतको सुरक्षाका लागि दिनमा दुईपल्ट ब्रस गर्न जरुरी छ। जब कि धेरैजसो मानिस बिहान मात्रै ब्रस गर्छन्। हामीले राति सुत्नुअघि पनि दाँत ब्रस गर्न जरुरी हुन्छ। किनकि, धेरैजसो ब्याक्टेरियाले रातकै समय दाँतमा हमला गर्छन्। राति सुत्नुअघि ब्रस गर्दा मुखभित्र दिनभर जम्मा भएका ब्याक्टेरिया र विषाक्त पदार्थ सफा हुन्छन् र दाँत स्वस्थ रहन्छ।

फ्लोराइडयुक्त टुथपेस्ट प्रयोग गर्नुपर्छ। फ्लोराइडले कीटाणु र ब्याक्टेरियासँग लड्छ। त्यस्तै, केही खाना खाइसकेपछि मुख कुल्ला गर्न बिर्सनुहुँदैन। यसो गर्दा मुखको दुर्गन्ध पनि हट्छ र ब्याक्टेरियाबाट पनि बच्न सकिन्छ।

दाँत बलियो राख्नका लागि आफ्नो खानपानमा पनि ध्यान दिनुपर्छ। खानामा क्याल्सियमको मात्रा बढाउनुपर्छ। दूध, दही, पनिर, गेडागुडी, नट्स, दाल तथा हरियो सागपातमा पर्याप्त मात्रामा क्याल्सियम पाइन्छ। हरियो सागपातमा रहेको भिटामिन र मिनरलले दाँत स्वस्थ राख्न भूमिका खेल्छ। वर्षमा दुईपटक डेन्टिस्टसँग अनिवार्य चेकअप गर्नुपर्छ। यसो हुँदा दाँतमा देखिएका कुनै पनि समस्याको समयमै पहिचान हुन्छ।

कसरी गरिन्छ ?

दाँत दुखेको अवस्थामा यसको वरिपरि सुई लगाएर, नदुख्ने बनाएर आरसिटी उपचार सुरु गरिन्छ। दाँतको माथिल्लो भागमा सानो प्वाल बनाएर जरासम्म पुग्ने बाटो बनाइन्छ र नसाका नली सफा गर्ने सानो-सानो सामान छिराएर नसाहरू नलीबाट निकालिन्छ।

यसरी उक्त नसाका नलीहरू पूर्ण रूपले सफा भएपछि कृत्रिम नसा, जसलाई गट्टा पर्चा भनिन्छ, त्यसलाई नसाको नलीमा राखिन्छ र दाँतको माथिल्लो भागमा बनाइएको प्वाललाई सिमेन्ट लगाएर टालिन्छ।

समय

तपाईंको दाँतमा भएको जराको संख्या, त्यसको बनावट, संक्रमणको स्तर, रोगप्रतिरोधी क्षमतालगायत कुराले उपचारमा लाग्ने समय निर्धारण गर्छ। कसैलाई तीन-चार दिनको अन्तरालमा तीन-चारपटक जानुपर्ने हुन्छ। कसैलाई बढी समय जानुपर्ने हुन सक्छ। हरेकपटक ३०-४५ मिनेटको समय लाग्न सक्छ।

आरिसिटी गरेपछि दाँतमा नसा र रक्तसञ्चार नहुने कारणले दाँत कमजोर हुन्छ। त्यसैले दाँतलाई पूर्ण रूपमा बलियो बनाउन यसमा खोल (क्राउन) लगाउनुपर्ने हुन्छ। विशेषगरी, चपाउन प्रयोग हुने बंगाराहरूमा खोलको आवश्यकता धेरै पर्छ। खोल नलगाए दाँत भाँच्चिने जोखिम हुन्छ।



यस्ता फूलले सजाउँछ बार्दली

बार्दलीको रेलिङमा लहरिएका फूलहरू देख्दा तपाईंलाई आनन्द महसुस हुन्छ। किनकि, यसले पूरै घरलाई आकर्षक देखाउँछ। त्यस्तै, मानिसलाई प्राकृतिक वातावरणसँग पनि जोड्छ। तपाईंको घरमा खेतीका लागि खुला ठाउँ छैन भने बार्दलीमै बगैँचा बनाउन सकिन्छ।



■ मर्निङ ग्लोरी

यस बिरुवामा मुटु आकारका पातहरूबीच कलेजी रङका फूल फुल्छन्। कुनै-कुनै बिरुवामा निलो फूल फुल्छ। गर्मी समयमा यी बिरुवा बिहानै फुल्छन्।

■ गोल्डेन पोथोस

मनिप्लान्टजस्तै देखिने यो सदाबहार बिरुवाका पात मुटु आकारका हुन्छन् र निकै आकर्षक देखिन्छन्। यी पात सेतो र हरियो मिश्रित रङका हुन्छन्। पोथोस हल्का घाम लाग्दा धेरै खुल्छ। यसलाई घरभित्र पानीमा वा बार्दलीमा गमलामा लगाएर हुर्काउन सकिन्छ।

■ बोगेनभिलिया

बोगेनभिलियाका फूल सेतो, गुलाबी, पहेँलो, रातोलगायत विविध रङका हुन्छन्। यो लहराका रूपमा बढ्छ। त्यसैले यसलाई बार्दलीको रेलिङनजिकै लगाउँदा राम्रो देखिन्छ।

■ स्टार ज्यास्मिन

स्टार ज्यास्मिनलाई चमेली पनि भनिन्छ। यसमा फुल्ने सेतो रङको फूल जति आकर्षक हुन्छ, उति नै बास्नादार पनि हुन्छ। यो फूल वसन्त ऋतुमा फुल्छ। यस बिरुवालाई बाल्कोनीमा घाम लाग्ने ठाउँमा हुर्काउन सकिन्छ।


■ ब्लिडिङ हार्ट वाइन

यो बाल्कोनीमा लगाइने एक क्रिपर प्लान्ट हो। जहाँ हरियो रङका पातहरूको माथिल्लो भागमा सेतो रङको केलिक्स हुन्छ, त्यसमाथि गहिरो रातो रङको फूल फुल्छ।

मुड फ्रेस गर्न...

- कहिलेकाहीं मुड अफ हुनु स्वाभाविक हो। यतिवेला हामीले केही उपाय लगाएर आफूलाई फ्रेस बनाउन सक्छौं।
- मनलाई शान्त बनाउने क्रियाकलाप गर्नुपर्छ। पानी प्रशस्त पिउँदा मन शान्त रहन सयहेाग मिल्छ। मुड अफ हुँदा आनन्ददायी अभ्यास गर्नुपर्छ, श्वासप्रश्वासको अभ्यास गर्ने, लामो गहिरो श्वास लिने र छोड्ने गर्नुपर्छ। ध्यान वा माइन्ड फुलनेसको अभ्यासले पनि मुड फ्रेस हुन्छ।
- रमाइलो गीत-संगीत सुन्ने, नाच्ने, गाउने, खुला हावा, फूलबारी वा बगैँचामा घुम्ने गर्नुपर्छ। आफूलाई मन पर्ने रमाइलो कार्यमा संलग्न हुने, रमाइलो कमेडी फिल्म हेर्ने, जोक्स पढ्ने, सुन्ने, घुम्न जाने, मिल्ने साथीभाइसँग भेटघाट गर्ने, रमाइलो कुराकानी गर्ने गर्नुपर्छ। कफी, चकलेटको सेवनले पनि मुडलाई राम्रो बनाउँछ।
- तनावले पनि हाम्रो मुड अफ हुने हुँदा तनाव कम गर्ने क्रियाकलापमा संलग्न हुने, आराम गर्ने, रिफ्रेस हुने गर्नुपर्छ। शारीरिक व्यायाम वा योगा गर्नाले मुड सकारात्मक हुन्छ।

स्वर्गसरी इलाम सार्वजनिक



काठमाडौं / पर्यटकीय नगरी इलामको सुन्दरताको वर्णन गर्दै रचना गरिएको गीत 'स्वर्गसरी इलाम' को म्युजिक भिडियो सार्वजनिक भएको छ। गीतमा इलामका पर्यटकीय गन्तव्य कन्याम, फिक्कल, पशुपतिनगर, श्रीअन्तु, आइतबारे, मंगलबारे, साखेजुङ, सन्दकपुर, माईपोखरी, देउराली, माईखोला, पुवाखोला, नाम्सालिङ, नयाँ बजारलगायतको वर्णन गरिएको छ।

गौतम डंगोल 'सन्देश'ले लेखेको गीतमा भीषण निरौलाले संगीत भरेका छन्। त्यस्तै, प्रदीप श्रेष्ठले वाद्य संयोजन गरेका छन्। भीषण निरौला र भुमा निरौलाले स्वर दिएको गीतको भिडियोलाई अञ्जन शर्माले निर्देशन गरेका छन्। भिडियोमा विवश रेग्मी, दीपक पराजुली, सम्झना सापकोटा र मिनु कुमाईले अभिनय गरेका छन्। राम केसीले यस गीतलाई खिचेका हुन्।

घरमा मेकअप गर्दा यी कुरामा ध्यान दिनुस्





ज्योति घतानी
ब्युटिसियन, जेएस पार्कल

तपाईंसँग ब्युटिपार्लर जाने समय छैन भने घरमै मेकअप गरेर पनि जान सक्नुहुन्छ। मेकअपको सामान भने आफूसँग हुनुपर्छ।

सुरुमा फेसवासले अनुहार धुनुपर्छ। अनि, सफा कपडाले अनुहार पुछ्नुपर्छ। त्यसपछि अनुहारमा टोनर लगाउनुपर्छ। त्यसको केही बेरमा मोस्चराइजर क्रिम लगाउनुपर्छ।

त्यसपछि सनस्क्रिन क्रिम अनिवार्य लगाउनुपर्छ। मेकअपलाई लामो समय टिकाउन प्राइमर लगाउन सकिन्छ। यसपछि आफूलाई मन परेको सेपमा आइब्रो बनाउनुपर्छ। आफ्नो स्किनअनुसारको फाउन्डेसन लगाउनुपर्छ। लगत्तै पाउडर लगाउनुपर्छ। फाउन्डेसन मात्र लगाउँदा अनुहार चिल्लो देखिने हुँदा पाउडर लगाउँदा सुक्खा हुन्छ। मेकअप गरेको करिब १० मिनेटपछि अनुहारमा चमक आउँछ। घरमै बसेर आइस्याडो लगाउँदा आफूले लगाएको कपडाअनुसारको आइस्याडो लगाउन सकिन्छ। कसैलाई कपडाको कलरअनुसारको आइस्याडो मन पर्दैन भने न्युड कलरको आइस्याडो लगाउन सकिन्छ। घरमा बस्दा वा चाडपर्वको समयमा न्युड मेकअप गर्दा राम्रो देखिन्छ।

कस्तो सनस्क्रिन क्रिम लगाउने ?

आफ्नो स्किनअनुसार सुट हुने क्रिम लगाउनुपर्छ। क्रिम छनोट गर्दा फेसलाई सुट हुन्छ/हुँदैन, प्रयोग गरेर मात्र किन्नुपर्छ। कसैलाई ब्रान्डअनुसारको क्रिमले सुट गर्छ भने कसैलाई कम मूल्यका क्रिमले सुट गर्ने हुन्छ। फाउन्डेसन किन्दा पनि आफ्नो स्किनअनुसार सुरुमा सुट हुन्छ/हुँदैन, प्रयोग गरेर मात्र छनोट गर्नुपर्छ।

Shailyashikhar Municipality

Office of the Municipal Executive
Gokuleshwar, Darchula
Sudurpaschim Province, Nepal

Invitiation for Bids

Date of publication: 2079/12/08

1. ***Shailyashikhar Municipality office*** invites electronic bids from Nepalese eligible bidders for the construction of **Construction of Bhagirathi Aadharbhut School Building**under National Competitive Bidding procedures.

S.N	Contract ID	Name of the Project	Estimated Amount (Excluding VAT and contingencies)	Bid Security `Amount (NRs)	Price Of Bidding Document (NRs)	Validity period of the bid	Validity Period of Bid Security
1	SM/NCB/ WORK/ 03/2079/80	Construction of Bhagirathi Aadharbhut School Building	NRs. 5084360.04	Nrs.1,80,000/-	Nrs 3000/-	90 days	120 days

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of***Shailyashikhar Municipality,Gokuleshwar, Darchula,Contact No.: 9860556156, 9848681122***or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost**(i.e. NRs. 3000)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Office Name of the Bank: Nepal Investment Mega Bank Ltd.Name of Office: Shailyashikhar Municipality
   Office Account no.: ***29701400000079 (Bid Document Fee)***
   Office Account Number:***GA-3 3170010000232(For Bid Security Amount)***
5. Electronic bids must be submitted to the ***officeof Shailyashikhar Municipality*** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00*Noon***on ***2080/01/08***. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at***2:00 PM on 2080/01/08***at the office of ***ShailyashikharMunicipality***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of***NRs. 1,80,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Bhojraj Bhatta
Act. Chief Administrative Officer

पूर्वाधार अभाव : क्रिकेट विकासको चुनौती

हामीसँग माथिल्लो स्तरका या टेस्ट मान्यता प्राप्त राष्ट्रसँग प्रतियोगिता गर्न सुरक्षित मैदान छैन । मैदान मात्र होइन, पेभिलियन र दर्शकदीर्घासमेत छैन ।



● चतुरबहादुर चन्द

अग्रलेख

पछिल्लो समय नेपाली क्रिकेट आफ्नो लयमा फर्किएको छ । आइसिसी डिभिजन-२ का १२ खेल खेल्न बाँकी रहँदा सीधै विश्वकप ग्लोबल छनोट खेल्न पाउनु त कता हो कता, हाम्रो एकदिवसीय मान्यता कायम रहन्छ या रहन्न भन्नेमै अन्योल थियो । तर, यसबीच नयाँ प्रशिक्षक आएका छन् । हाम्रा युवा खेलाडीले कडा मिहिनेत गरेका छन् । जसका कारण हामी सबैले सुखद नतिजा पाएका छौं । नेपाली क्रिकेटले आगामी दिनमा पनि यही लय समात्यो भने निश्चित रूपमा हामी थप एक स्तर माथि पुग्न सक्छौं भन्ने हामीमा आत्मविश्वास छ । नयाँ प्रशिक्षक मोन्टी देसाईं आएपछि हाम्रो टोलीको स्तर र हरेक खेलाडीको व्यक्तिगत क्षमता बढेको छ । क्षमता देखेर नै प्रशिक्षकले खेलाडीलाई भूमिका दिएका छन् । त्यसमा खेलाडी र प्रशिक्षक दुवै सफल पनि भएका छन् । उनको रणनीतिले काम गरेको छ । खेलाडीमा एकदिवसीय मान्यता जोगाउनैपर्ने चुनौती थियो । यही चुनौतीले गर्दा नै टोलीमा एकता भयो । त्यो एकताले नतिजा दिएको छ । प्रशिक्षक मोन्टीले सबै खेलाडीलाई उनीहरूको क्षमताअनुसार प्रयोग गरे । परिणाम सबैसामु छ ।

भौतिक पूर्वाधारको अभाव : हामीसित नियमित अभ्यास गर्न केही मैदान छन् । अभ्यासका लागि पिचहरू पनि छन् । तर, पूर्वाधार खेलाडीले अभ्यास गर्नका लागि मात्रै चाहिने होइन । हामीसँग माथिल्लो स्तरका या टेस्ट मान्यता प्राप्त राष्ट्रसँग प्रतियोगिता गर्न सुरक्षित मैदान छैन । मैदान मात्र होइन, पेभिलियन र दर्शकदीर्घासमेत हामीसँग छैन । यो सबैले बुझेकै विषय हो । यसतर्फ सबैको ध्यान पनि गएको छ । सबैमा चिन्ता पनि छ । सरकार र राजनीतिक दलहरूले पनि त्यसबारे चासो देखाएका छन् । हामीकहाँजस्तो क्रिकेट खेलप्रति दर्शकको क्रेज सायद अन्त कतै छैन । नेपाली दर्शकमा क्रिकेटप्रति अनौठो लगाव छ । उनीहरू आशावादी पनि छन् । उनीहरू क्रिकेटलाई अत्यन्त सम्मान गर्छन् । यसलाई बचाइराख्नकै लागि पनि यतिखेर हामीलाई बलियो भौतिक पूर्वाधारको गम्भीर खाँचो छ । हामीले अहिले उपलब्ध खेलमैदानलाई नै थप व्यवस्थित गर्न सक्यौं भने प्रतियोगिताहरूमा दर्शकको उपस्थिति झनै बढ्ने निश्चित छ । प्रधानमन्त्री स्वयं यस भौतिक पूर्वाधार अभावका विषयमा चिन्तित हुनुहुन्छ । उहाँले घोषणा पनि गर्नुभएको छ । अब, कार्यान्वयनको पाटो बाँकी छ । क्रिकेट मैदानका लागि बजेट छुट्याएर ठेकेदारले सम्झौता गरी काम सुरु गरे पनि कछुवा गतिमा काम हुँदा मूलपानी क्रिकेट मैदानको हविगत कस्तो छ, सबै जानकार हुनुहुन्छ ।

हामीकहाँ मूलपानी क्रिकेट मैदान सुरु हुँदाकै आसपासको समयमा संसारभर पचासौं मैदान निर्माण सुरु गरिएको थियो । ती मैदान निर्माण सम्पन्न भई अहिले त्यहाँ क्रिकेट खेल्न थालिसकिएको छ । अहिले संसारमा एक सय सात राष्ट्रलाई आइसिसीले मान्यता दिएको भए पनि एक सय पाँच राष्ट्रले क्रिकेट खेल्छन् । केही राष्ट्रलाई अपवादका रूपमा छाड्ने हो भने हरेक राष्ट्रमा नेपालभन्दा राम्रो सेवासुविधा छ । तर, त्यहाँ क्रिकेटको विकास थोरै छ, समर्थक थोरै छन्, माहोल थोरै नै छ । भारतको बिसिसिआई र अन्य केही राष्ट्रका क्रिकेट संघलाई छाड्ने हो भने सबैतिर सरकारले नै सुविधासम्पन्न भौतिक पूर्वाधार बनाएर क्रिकेट संघहरूलाई जिम्मा लगाएका छन् । हाम्रो जस्तो देशमा क्रिकेट संघ आफैंले पूर्वाधार निर्माण गर्न सक्दैन भन्ने तथ्यलाई सरकार, समर्थक र मिडियाले गम्भीरतापूर्वक लिनुपर्छ ।



पूर्वाधार विकासका लागि हामीसँग स्पष्ट खाका हुनुपर्छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले धेरै मैदान 'होल्ड' गरेको छ । पोखराको मैदान व्यवस्थापनको जिम्मा गण्डकी प्रदेश सरकारलाई दिनुपर्छ । मैदान आफूमातहत आए गण्डकी सरकार लगानी गर्न पनि तयार छ । राखेपले न त्यहाँ तीव्र गतिमा काम गरेको छ, न त उसले प्रदेश सरकार र महानगरपालिकालाई नै जिम्मा दिएको छ । विराटनगर, महेन्द्रनगर, कोहलपुर, भैरहवालगायत धेरै स्थानमा राखेपमातहत थुप्रै मैदान छन् । न त्यहाँका लागि देखिने गरी बजेट छ, न त देखिने गरी कुनै काम नै भएको छ । त्यसैले, यस्ता मैदान केन्द्रीय सरकारले प्रदेश सरकारलाई जिम्मा दिँदा राम्रो हुन्छ ।

अन्तर्राष्ट्रियस्तरका मैदानको खाँचो : हामी आगामी दिनमा टेस्ट खेलिरहेका राष्ट्रसँग खेल्दै छौं । हामीले पनि टेस्ट खेल्ने हो भने कम्तीमा पनि अन्तर्राष्ट्रियस्तरका गतिला दुई रंगशाला चाहिन्छन् । त्यो नभए आइसिसीले टेस्ट राष्ट्रको मान्यता नै दिँदैन । त्यसैले, सरकारले तत्काल गतिला दुइटा मैदान बनाउन ध्यान दिनुपर्छ । त्रिविस्थित अहिलेकै मैदानलाई अझै सुविधासम्पन्न बनाउन सकिन्छ । त्यहाँ प्यारापिट बनाउन र फ्लड लाइट राख्न सकिन्छ । मूलपानीको मैदानलाई पनि व्यवस्थित गराउन सकिन्छ । काठमाडौंमा मात्र दुई सुविधासम्पन्न रंगशाला भए भने हामी टेस्ट राष्ट्रलाई यहाँ निम्त्याएर खेलाउन सक्छौं । भरपर्दो सुरक्षा व्यवस्था, बलियो खेल पूर्वाधार र अन्य सुविधा राम्रो भए ठूला राष्ट्र पनि समय मिलाएर हामीसित खेल्न आउन सक्छन् । उनीहरूको 'ब्रेक'को समयमा लामो शृंखला नभए पनि सानो शृंखला खेल्न सकिन्छ । तर, पूर्वाधार नै नभएपछि यसलाई आँट्ने कुरै आउँदैन । कीर्तिपुरस्थित मैदान त्रिभुवन विश्वविद्यालयको हो । हामीले २५ वर्षका लागि भोगचलनमा लिएका हौं । अझै पाँच वर्ष बाँकी छ । बलियो पूर्वाधार बनाउन त्रिविले सहमति पनि दिएको छ । त्यसैले, त्यहाँ लगानी गर्दा फरक पर्दैन । त्रिवि पनि सरकारअन्तर्गतकै निकाय हो । यहाँ सरकारले लगानी गर्न कुनै समस्या छैन । हुन त निजी क्षेत्रले पनि त्यहाँ प्यारापिट बनाउने चासो देखाएका छन् । कसैले ५० करोड खर्च गर्छ भने उसले त्यसको 'रिटर्न' त खोज्छ नै । त्यसैले, निजी क्षेत्रलाई ल्याउनुभन्दा सरकारले नै लगानी गर्नु राम्रो हुन्छ ।

> हामी आगामी दिनमा टेस्ट खेलिरहेका राष्ट्रसँग खेल्दै छौं । हामीले पनि टेस्ट खेल्ने हो भने कम्तीमा पनि अन्तर्राष्ट्रियस्तरका गतिला दुई रंगशाला चाहिन्छन् । त्यो नभए आइसिसीले टेस्ट राष्ट्रको मान्यता नै दिँदैन ।

खेलाडीको वृत्ति विकास : राष्ट्रको खेलकुद विकासका लागि खेलाडीको वृत्ति विकास महत्त्वपूर्ण हुने गर्छ । यसका लागि हामीले केही सुरुवात गरेका छौं । यो पर्याप्त त छैन । बढीभन्दा बढी खेल खेलाएर, म्याच फीबाट हामी खेलाडीको वृत्ति विकास गराउँदै आएका छौं । खेलाडीलाई बाहिर खेलाउने प्रयास पनि गरेका छौं । हाम्रा खेलाडीको स्तर बढाउन उनीहरूलाई विदेशी लिग खेलाउन सक्नुपर्छ । हामी त्यसमा पनि लागेका छौं । स्तरीय खेलाडीलाई विदेशी फ्रेन्चाइज टोलीले पनि माग गर्छन् । हामीले पनि सहयोग गर्दै आएका छौं ।

अहिले जसरी खेलाडीले राम्रो प्रदर्शन गरेका छन्, त्यहीअनुसार नै 'लबिङ' गरेर खेलाडीलाई लिगमा समावेश गराउन अन्य बोर्डलाई अनुरोध गर्छौं ।

नेपाली क्रिकेटको विवाद : नेपालमा क्रिकेट सुरु भएको ७० वर्ष भयो । तर, अहिलेसम्म सुविधासम्पन्न रंगशाला एउटा पनि छैन । नेपाली क्रिकेटको संस्था कहिल्यै व्यवस्थित रूपमा चलेन । यसको पहिलो निर्वाचन नै ०६८ सालमा भएको हो । त्यसअघि तदर्थ समितिका कारण प्रभावकारी भएन । पछिल्लो चुनावपछि पनि विभिन्न विवादका कारण क्रिकेट संघमाथि बादल मडारिइरहयो । सरकारले पटक-पटक समानान्तर कमिटी गठन गऱ्यो । त्यसले गर्दा संघ आइसिसीको निलम्बनमा पऱ्यो । निलम्बनपछिका चार वर्ष क्रिकेट गतिविधि लगभग ठप्प नै भयो । घरेलु प्रतियोगिता आयोजना भएनन् । १८-२० खेलाडीबाट नेपाली क्रिकेटमाथि पुग्न सम्भव थिएन । बीचमा धेरै ग्याप रह्यो । तीन वर्षपछि आएर अहिले राम्रो हुँदै गएको छ । यही गति कायम रह्यो, सरकारले हस्तक्षेप गरेन र भएन भने आगामी चार वर्षभित्र यदि आइसिसीले हामीलाई टेस्ट मान्यता दिन सक्छ । आइसिसीले सन् २०१७ मा दुई देशलाई टेस्ट मान्यता दियो । अफगानिस्तान र आयरल्यान्डले मान्यता पाउँदा नेपालको समेत पालो थियो । तर, त्यतिबेला पुरस्कार पाउनुको सट्टा नेपाली क्रिकेट निलम्बनमा पऱ्यो ।

नेपाल पनि टेस्ट मान्यता पाउने अवस्थामा छ । अहिले नेपाल र स्कटल्यान्ड प्रमुख दाबेदार हुन् । आइसिसीका पदाधिकारीले पनि यसबारे छलफल गरेका छन् । तर, त्यसका लागि पूर्वाधार नभई हुँदैन । पूर्वाधार राम्रो भएमा हामीले टेस्ट मान्यता पाउन कठिन छैन ।

हस्तक्षेपमुक्त क्यानको खाँचो : क्यान विवादमा हुँदा पनि विकास नै नभएको भने होइन । अहिले पनि क्यानलाई निलम्बन गर्नेसम्मका हल्ला सुनिए । यस्तो विवाद आएपछि क्रिकेटलाई एक स्तर बढाउने, पूर्वाधार बनाउने काममा लाग्नु साटो प्रतिरक्षामै क्यान पदाधिकारीको दिनचर्या बिल्त थाल्यो भने क्रिकेटको विकास कसरी होला ? हामी आन्तरिक विवादमै अल्झिरहयौं भने आइसिसीले हामीलाई हेर्ने दृष्टिकोणमै फरक पर्छ । त्यसैले, क्यानमाथि कुनै हालतमा पनि सरकारी र राजनीतिक हस्तक्षेप हुनुहुँदैन । अहिलेको कमिटीलाई आइसिसी आफैंले निर्वाचन गराएर चार वर्षलाई जिम्मेवारी दिएको हो । फेरि चार वर्ष पूरा भएपछि निर्वाचन गर्न उसले हामीलाई म्यान्डेट दिएको छ । राखेप पनि यसको साक्षी छ । ऊ पनि निर्वाचन प्रक्रियाको पर्यवेक्षक थियो ।

अन्त्यमा, अहिले नेपाली क्रिकेटले राम्रो गरेको छ । यसलाई योभन्दा माथि पुऱ्याउनुपर्छ । पूर्वाधार बलियो बनाउन, मैदान बनाउन, फ्लड लाइट जडान गरेर डे-नाइट खेल सञ्चालन गर्न हाम्रो ध्यान केन्द्रित हुनुपर्छ । प्रत्येक प्रदेशमा एक-दुई क्रिकेट मैदान बनाउन र काठमाडौंमा दुई-तीनवटा अन्तर्राष्ट्रियस्तरका मैदान बनाउन केन्द्रित हुनुपर्ने ध्यान क्रिकेट संघमा आफ्ना मान्छे हुनुपर्छ भनेर विवाद गर्नमा केन्द्रित हुन थाल्यो भने कसरी होला नेपाली क्रिकेटको विकास ? विगतमा जस्तै यस्तो अवस्था पुनः दोहोरियो भने नेपाली क्रिकेट अझै ओरालो लाग्ने निश्चित छ ।

नेपाली खेलाडीको प्रदर्शनले विश्वसामु नेपाली क्रिकेटले फड्को मारेको छ । क्रिकेटले फेरि एकपटक नेपाललाई विश्वसामु चिनाएको छ । यसलाई अझै माथि पुऱ्याउन पूर्वाधार र खेलाडीको वृत्ति विकास अति जरुरी छ ।

(चन्द नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **प्रा. लोकराज बरालला**ई



सरकारमा नयाँ समीकरण बनेको छ । भागबन्डा मिलाउन गठबन्धनलाई कति सहज होला ?

सरकारलाई विश्वासको मत दिने दल पनि धेरै छन् र दलभित्रै पनि मन्त्रीका आकांक्षी धेरै छन् । सबै दललाई मिलाउने क्रममा कतिलाई त भागबण्डामै चित्त बुझाउन गाह्रो हुन्छ । सबैलाई व्यवस्थापन गरेर लैजाने जिम्मा प्रधानमन्त्रीकै हुन्छ । सीमित पदमा देखिइरहेको असीमित आकांक्षालाई कसरी व्यवस्थापन गरिन्छ भन्ने हेर्न बाँकी नै छ । तर, समग्रमा सहज भने छैन ।

अबका दिनमा प्रचण्ड सरकारसामु कस्ता चुनौती देख्नुहुन्छ ?

निर्वाचनपछि बनेको सरकारको समय विश्वासको मत र गठबन्धन मिलाउँदैमा धर्किरहेको अवस्था छ । अब झन् पहिलेभन्दा धेरै दल भएपछि सबैको चित्त बुझाइराख्न सजिलो छैन । एजेन्डामा साझा सहमति गरेर सरकार चलाउन सकिने अवस्था पनि दलहरूमा छैन । एजेन्डाविहीन भएर सरकार चलाउन सहज हुँदैन ।

यो सरकार स्थिर रहने सम्भावना कत्तिको देख्नुहुन्छ ?

सरकार त स्थिर रूपमा रहने अवस्था नै छैन । सरकारमा जाने दललाई कतिवेला के चित्त बुझ्दैन र उसले सरकार छाडिदिन्छ, भन्न सकिने अवस्था नै छैन । यस्तो अवस्थामा सरकारको बहुमत जतिवेला गुम्न सक्छ । संविधानको स्थिरताका लागि राष्ट्रपति र उपराष्ट्रपति पाँच वर्ष रहने अवस्था भने आएको छ । यसले संवैधानिक स्थायित्वको सुनिश्चितताचाहिँ गरेको छ । तर, सरकारको स्थायित्वको ग्यारेन्टी भने हुन सक्ने अवस्था देखिन्न ।

प्रेरक प्रसंग

खतराअनुसारकै सफलता

सन् २००४ मा मार्क जुकरबर्ग एक सामान्य विद्यार्थी थिए । उनी अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिभर्सिटीमा पढ्दै थिए । हार्वर्ड बसाइकै क्रममा उनले एउटा हार्वर्ड कनेक्ट वेबसाइटबारे थाहा पाए । यो वेबसाइट क्यामरोन र टाइलर विंकलवस नामका दुई दाजुभाइले बनाएका थिए । यो वेबसाइट देखेपछि जुकरबर्गको मनमा यस्तै केही गर्न सके हुन्थ्यो भन्ने लाग्यो । धेरै सोचेपछि उनको मनमा फेसबुक बनाउने विचार फुऱ्यो ।



फेसबुक त बनाउने, तर कसरी ? कोसित मिलेर वा कसको सहयोगमा बनाउने ? उनी बडो असमञ्जसमा परे । त्यतिखेर उनीसित दुइटा बाटा थिए । एउटा निकै सजिलो थियो । उनले तिनै विंकलवस दाजुभाइसित मिलेर बडो आरामसित बसीबसी फेसबुक बनाउन सक्थे । विंकलवस दाजुभाइले पनि उनको विचार पक्कै मन पराउने थिए । र, उनीहरू जुकरबर्गसित मिलेर काम गर्न पनि तयार हुने थिए । यसबाट जुकरबर्गले निकै कम समयमा फेसबुक बनाउन सक्ने थिए ।

तर, जुकरबर्गले यस्तो केही गरेनन् र यो सजिलो बाटो हिँड्ने विचार त्यागिदिए । उनले त फेसबुक बनाउने कठिन बाटोको यात्रा रोजे । उनले यस योजनामा एक्लै काम गर्ने विचार गरे । किनकि, उनलाई राम्ररी थाहा थियो कि उसले सजिलो बाटोबाट काम गर्दा विंकलवस दाजुभाइसित निकै धेरै समस्या उत्पन्न हुनेछन् र आफ्नो योजनाअनुसार काम अघि बढ्न, सम्पन्न हुन र त्यसबाट मुनाफा आर्जन गर्न निकै कठिन हुनेछ ।

साँच्चै जुकरबर्गले दोस्रो कठिन बाटो हिँड्न छाडेर पहिलो सरल बाटो रोजेका थिए भने आज उनी यो स्थानमा हुने थिएनन् । आज, उनीसित फेसबुककै कारण ६० अर्ब डलरभन्दा बढी सम्पत्ति छ ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

क्रिकेट रंगशाला चाहियो

देशमा क्रिकेट खेलका लागि भौतिक पूर्वाधारको खासै विकास हुन सकेको छैन । गौरव गर्न सकिने एउटा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला देशमा छैन । अहिलेसम्म त्रिविस्थित प्यारापिटविनाको सामान्यस्तरको क्रिकेट मैदानलाई नै देशकै उत्कृष्ट मैदानका रूपमा प्रयोग गर्दै आउनुपरेको छ । पछिल्लो समयमा नेपाली क्रिकेट खेलाडीले राष्ट्रलाई दिनुसम्मको खुसी दिएका छन् । अब खेलाडीलाई खुसी बनाउने काम राज्यको हो । राज्यले तत्काल कम्तीमा एउटा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण कार्यको घोषणा गरेर काम थालनी गर्न ढिलो गर्नुहुँदैन ।

● **कमल परियार**, पुल्चोक, ललितपुर

राजमार्गको रुख किन नकाटेको ?

'मदन भण्डारी राजमार्ग निर्माण सुरु भएको २१ महिनामा पनि हटाइएनन् रुख' शीर्षकको समाचार पढियो । रुख त राजमार्ग निर्माण सुरु नहुँदै काटिनुपर्ने होइन र ? राजमार्ग बन्दै जाँदा सवारीसाधन सञ्चालन पनि हुन थाल्छ । यस्तोमा बीच सडकमा भएका रुखका कारण गम्भीर दुर्घटना हुन पनि सक्छ । त्यसैले, राजमार्गको रुख काट्ने व्यवस्था त सडक निर्माण आयोजना बन्दै गर्दा नै हुनुपर्ने हो । यसरी राजमार्गको बीचबीचमा रुख नकाटी सडकमा धराप थाप्ने काम बन्द गर ।

● **सुनिता यादव**
राजविराज, सप्तरी

अत्यन्त सकारात्मक कार्यविधि

'सवारी हुँदा अब सडक खाली नगराइने' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । गृह मन्त्रालयले परिमार्जन गरेर तयार पारेको विशिष्ट व्यक्तिको सुरक्षा कार्यविधिअनुसार अब सडकमा भिआइपीहरूको सवारी हुँदा सडक लेन खाली नगराउने भनेको रहेछ । यसले जनतालाई हुने सास्ती कम गर्न सघाउने विश्वास गर्न सकिन्छ । यसअघि विशेषगरी राष्ट्रपतिहरूको औपचारिक या अनौपचारिक सवारीमा पनि सडक खाली गराइँदा सर्वसाधारणले घन्टौं सास्ती व्यहोर्दै आएका थिए । यो कार्यविधि लागू भएपछि जनताले त्यस्तो सास्ती व्यहोर्नु नपरोस् ।

● **गौरी स्याङ्तान**
ढल्को, काठमाडौं

तीन सय सहकारी कता पुगे ?

हालै आएको एक तथ्यांकअनुसार काठमाडौं महानगरभित्र दर्ता भई सञ्चालनमा रहेका १९ सयमध्ये तीन सय सहकारी बेपत्ता भएका छन् रे ! उनीहरूको नामोनिसान र साइनबोर्डसमेत कहीं छैन रे ! यसका साथै सञ्चालनमा रहेका सहकारीमध्ये पनि एकचौथाइले मात्र सहकारी विभागमा आफ्ना विवरण अद्यावधिक गराएका छन् रे । यो डरलाग्दो तस्बिर हो ।

दिनहुँ सहकारीले आमजनतालाई ठगेर भाग्यो भन्ने समाचार सुनिरहने हो वा त्यसको निदानका लागि ठोस पहल पनि गर्ने हो सरकार ? समस्या समाधानका लागि कस्तो रणनीति बनाउने हो ? के कारणले सहकारीहरू समस्यामा परिरहेका छन् ? नियतवश वा परिस्थितिले ? यो गहिरोसँग केलाउनुपर्ने अवस्था आएको छ । अन्यथा, अर्थतन्त्रको तीनखम्बे नीति धराशयी हुन बेर लाग्दैन । सहकारी डुबाउने सञ्चालकलाई बिगोबराबरको दण्ड जरिवाना, उनीहरूको घर-सम्पत्तिबाट असुलउपर र २० वर्षसम्मको कठोर जेल सजाय दिन सकिने कडा कानुन बनाउन सके त्यसले धेरै हदसम्म जनता ठग्ने खेल रोकिन सक्छ ।

अहिले केही ठूला सहकारीका सञ्चालकहरू जनता ठग्न र ठगीको अभियोगबाट बच्न जानाजान मन्त्रिपरिषद्बाट आफ्नो सहकारीलाई समस्याग्रस्त सहकारी छानबिन समितिमा पठाउने खेल भइरहेको छ । यसले गर्दा विकृति झनै मौलाएको छ । ठगीमा मुद्दा चलाए जेल जानुपर्ने तर समस्याग्रस्त घोषणा गर्न पाए जेल पनि जान नपर्ने र समस्या पनि सरकारले नै हेर्ने हुँदा अहिले ठग सहकारी सञ्चालक समस्याग्रस्त सहकारी घोषणा गराई उन्मुक्ति पाउने बाटामा लागेका छन् । यसर्थ सरकार यसबारे समयमै सचेत बनोस् ।

● **गोपाल देवकोटा**, कामनपा-७, काठमाडौं

अफगान महिला नोबेल शान्ति पुरस्कारका हकदार छन्

अफगान महिलाले आफ्नो अधिकारको लडाइँ लड्दा अद्वितीय बहादुरी, सहनशीलता र आत्मसम्मान प्रस्तुत गरिरहेका छन्



देश / विदेश

● हुज्जतुल्लाह जिया

केही सातायता हामी अफगानबीच कसले नोबेल शान्ति पुरस्कार पाउनेछ भनेर व्यापक बहस भइरहेको छ । केहीले सन् २०२१ मा काबुलमा तालिबानले कब्जा गर्नुअगाडिका महिला सरकारी अधिकारीलाई पुरस्कार दिइनुपर्ने सल्लाह दिएका छन् भने अरूले निर्वासनमा रहेका महिला अधिकार अभियन्तालाई दिइनुपर्नेमा जोड दिएका छन् । त्यसैगरी, केहीले काबुलको दस्त-ए-बर्ची बस्तीमा रहेको काज एजुकेसनल सेन्टरमा ३० सेप्टेम्बरमा भएको बम हमलामा बाँच्न सफल १७ वर्षीया फातिमा अमिरीलाई पुरस्कार दिन सुझाएका छन् । सो आक्रमणमा दर्जनौं माथिएका थिए । त्यसमा पनि अधिकांश बालिका विद्यार्थी माथिएका थिए । सो दिन विद्यार्थी अफगानिस्तानको सार्वजनिक विश्वविद्यालय भर्ना हुन आवश्यक 'कनकोर' जाँचको पूर्वतयारी परीक्षा दिइरहेका थिए । आक्रमणले आघातग्रस्त भएकी, साथीहरूको मृत्युको शोक र आफूसमेत घाइते हुँदाहुँदै पनि अमिरीले कनकोर परीक्षा दिइन् र ८५ प्रतिशत अंकका साथ उनी काबुल विश्वविद्यालयमा आफूले रोजेको कम्प्युटर विज्ञान पढ्न योग्य भएकी थिइन् । तर, अहिले उनले विश्वविद्यालय पढ्न पाउनेछैनन् । वास्तवमा फातिमा तालिबान सत्तामा महिला र बालिका अधिकारको प्रतीकका रूपमा अगाडि आएकी छिन् ।

दुई छोरीका बुबाका नाताले म जहिल्यै आफ्ना सन्तानको वर्तमान र भविष्यका लागि चिन्तित रहन्छु । तर, मैले दिनदिनै देख्ने वा सुन्ने फातिमाजस्ता युवतीका कारण परिवर्तन हुनेछ भनेर आशा गर्ने ठाउँ जीवितै छ । तालिबान सत्तामा आएयता सरकारले महिलामाथि कैयौं बन्देज लगाएको छ । अफगान बालिकालाई विद्यालय, विश्वविद्यालय र निजी शैक्षिक संस्थामा समेत जानबाट प्रतिबन्ध लगाइएको छ । अफगान महिलालाई पार्क, जिमजस्ता सार्वजनिक स्थलमा जानबाट रोकिएको छ र गैरसरकारी तथा केही सरकारी संस्थामा समेत काम गर्नबाट रोक लगाइएको छ । त्यति मात्र नभई महिलाले एक्लै यात्रा गर्न पाउँदैनन् र सार्वजनिक ठाउँमा जानैपरे पैतालादेखि शिरसम्म जिउ ढाकेकै हुनुपर्छ । नतिजा काबुलका ती इलाका, जहाँ महिलाको भिड हुने गर्थ्यो, त्यहाँ पनि पुरुषकै हालीमुहाली देखिन्छ । थुप्रै कफी पसल, जहाँ बालिका-किशोरी र महिलाले समय बिताउँथे, त्यहाँ अब पसलेले ग्राहक गुमाएका छन् । पार्कमा पहिले पुरुष परिवार वा गर्लफ्रेन्डसँग घुम्न जान्थे, तर अहिले पार्कमा पहिलेको जस्तो रोमाञ्चकता छैन । सहरका ब्युटी पार्लरको व्यापार खस्किँदो छ ।

शिक्षा, सार्वजनिक ठाउँमा हिँडडुल र रोजगारीको अधिकार कुण्ठित गरिँदा पनि अफगान बालिका-किशोरी र महिलाले संघर्ष गर्न छाडेका छैनन् । यी महिलाले विभिन्न सहर विशेषतः काबुलमा अधिकारका लागि विरोध प्रदर्शन गरिरहेका छन् । तर, तालिबान अधिकारीले निर्मम दमन गरेका छन् र केही प्रदर्शनकारी एवं अभियन्तालाई हिरासतमा लिएर जेल सजाय पनि दिएका छन् । उदाहरणका लागि अभियन्ता जरिफा यकुबीलाई गत नोभेम्बरमा महिला अधिकार आन्दोलन गर्न खोजेको भन्दै ४० दिनसम्म हिरासतमा राखियो । अघिल्लो महिना जरिफासँग कुरा गर्दा उनले आँसु झार्दै र डराउँदै आफू थुनिएको अनुभव सुनाउन अस्वीकार गरिन् । उनले आफू आघातग्रस्त भएको र मानसिक स्वास्थ्यका लागि आफूले औषधि सेवन गरिरहेको बताइन् । जरिफाले विश्वजगत्लाई महिलामाथिको अत्याचारविरुद्ध ओठे भर्त्सना गरे पनि अफगान महिला र तिनका संघर्षलाई समर्थन गर्न चाहँदैनन् भन्दै गुनासो गरिन् । उनका अनुसार इरानी महिलाका मामिलामा अन्तर्राष्ट्रिय जगत्को समर्थन शक्तिशाली एवं स्पष्ट थियो । यद्यपि, अफगान महिलाले हार मानेका छैनन् । बालिका र युवा महिला साहसी शिक्षकले चलाएका गोप्य विद्यालयमा दिनानुदिन बढिरहेका छन् । बाँकी बालिका हवाट्सएप र टेलिग्रामजस्ता मेसेजिङ एपका सहायतामा पढिरहेका छन् ।



तस्बिरः एपी

डिसेम्बर २०२२ मा जब तालिबानले निजी शैक्षिक संस्थामा प्रतिबन्ध लगाए, मैले पनि उच्च-माध्यमिक र विश्वविद्यालय जाने उमेरका बालिका-किशोरीलाई स्वयंसेवकका रूपमा अंग्रेजी पढाउन थालेको छु । अनलाइन कक्षाबारे जानकारी फैलिन समय लाग्दैन र पर्याप्त विद्यार्थी हुँदा हामी तिनलाई हवाट्सएप वा टेलिग्रामबाट पढाउँछौं । हामीले शिक्षा सामग्री र गृहकार्यसहित पाठ रेकर्ड गरेर भ्वाइस मेसेजबाट विद्यार्थीलाई पठाउँछौं । विद्यार्थी पाठ डाउनलोड गर्छन्, गृहकार्य गर्छन् र एपका माध्यमबाटै पठाउँछन् ।

महिलाले रोजगारीका क्षेत्रमा पनि हार मानेका छैनन् । नियमन र प्रताडनाका बाबजुद महिलाले ब्युटी पार्लर वा कस्मेटिक पसलजस्ता व्यापार व्यवसाय चलाउन छाडेका छैनन् र केही महिलाले त सडकमा ठेला व्यापारसमेत गर्छन् । त्यसैगरी, महिलाले अस्पतालमा नर्स र डाक्टरका रूपमा, प्राथमिक विद्यालयमा शिक्षकका काम गर्न छाडेका छैनन् ।

विदेशमा रहेका अफगान महिलाले पनि संघर्षमा योगदान पुऱ्याएका छन् । उल्लेख्य संख्यामा रहेका अभियन्ता, पत्रकार र मुलुक छोडेका पूर्व-अधिकारीले अफगान महिलाका मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न अथक प्रयास गरिरहेका छन् । र, यिनले तालिबानले धार्मिक नियमका नाममा महिलामाथि भइरहेको धरपकड एवं यातनाको विरोध गरिरहेका छन् । त्यसैगरी, विदेशमा रहेका अफगान महिलाले तालिबानले पेस गर्ने धार्मिक दलिललाई पनि चुनौती दिइरहेका छन् । यो दबाबले तालिबान सरकारलाई अन्तर्राष्ट्रिय जगत्मा वैधता प्राप्त भइरहेको छैन र तालिबानको सुमधुर अन्तर्राष्ट्रिय सम्बन्ध पनि बन्न सकिरहेको छैन ।

अफगान महिलाले आफ्नो अधिकारको लडाइँ लड्दा अद्वितीय बहादुरी, सहनशीलता र आत्मसम्मान प्रस्तुत गरिरहेका छन् । यी महिला सशस्त्र समूह र पुरुषले विरोध गर्न नसकेको तालिबान सरकारलाई चुनौती दिइरहेका छन् । जब मेरा छोरीहरू हुर्किनेछन्, तब उनीहरूले थुप्रै वीरांगना देख्न पाउनेछन् भन्नेमा म ढुक्क छु । विश्वले अफगानिस्तानका महिला र बालिकाको साहसलाई चिन्न सक्नुपर्छ र यिनको संघर्षमा साथ दिनुपर्छ । यी महिला नोबेल शान्ति पुरस्कारभन्दा ठूलो समर्थन एवं सम्मानका हकदार हुन् ।

(जिया अफगानिस्तानका पत्रकार एवं लेखक हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पुटिन हेगको कठघरामा उभिने सम्भावना कति ?

सन् २००६ मा युगोस्लाभियाको युद्ध अपराधमा मुद्दा चलिरहँदा सर्बियाका पूर्वराष्ट्रपति स्लोबोदान मिलोसेभिकको हेगस्थित जेलमा नै मृत्यु भएको थियो । पूर्वबोस्नियाली सर्ब नेता राडोभान काराड्जिक अन्ततः सन् २००८ मा गिरफ्तार भए र हेगद्वारा दोषी ठहरिए ।



बहालवाला राष्ट्रपतिले प्राप्त गर्ने कूटनीतिक उन्मुक्तिका कारण पुटिनलाई अहिले कुनै आइसिसी सदस्य राष्ट्रमा यात्रा गरे पनि पक्राउ गर्न सकिने छैन । तर, आइसिसीका अभियोजक करिम खान रोम विधान अनुमोदन गरेका आइसिसीका १२३ सदस्य राष्ट्रमध्ये पुटिनले कुनैमा पाइला राखे उनलाई गिरफ्तार गर्नु ती देशको कर्तव्य मान्छन् ।

नेदरल्यान्डको हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले युक्रेन युद्धमा अपराध गरेको आरोपमा केही दिनअघि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गऱ्यो । यसलाई लिएर विश्व तरंगित भएको छ । धेरैले आइसिसीको यस कदमको प्रशंसा गरेका छन् । तर, रुसलगायत केही देशले भने आइसिसीको कदमलाई मन पराएका छैनन् । चीनले आइसिसीले आफूलाई राजनीतिक हतियार बनाउनु नहुने टिप्पणी गरेको छ । यस परिदृश्यमा युक्रेनी बालबालिकालाई तिनका घरबाट बलजफ्ती अपहरण गरेर रुस लगेर मानवताविरुद्धको अपराध गरेको आरोपमाथिको सुनुवाइका लागि पुटिनलाई आइसिसीले हेगमा उपस्थित गराउन सक्ला वा पुटिनको उपस्थितिविनै उनीमाथिको मानवताविरुद्धको अपराधको मुद्दा अघि बढाउला ? केही सम्भावना यस्ता छन् :

रोम विधानअनुसार आइसिसीका सदस्य राष्ट्रहरूले हेगको आदेश कार्यान्वयन गर्नुपर्ने हुन्छ । यदि पुटिन र रुसी राष्ट्रपतिका बालअधिकार हेर्ने आयुक्त मारिया एलभोभा-बेलोभालै आफ्नो देशको भ्रमण गरे आइसिसीका सदस्य राष्ट्रहरूले पक्राउ पुर्जीलाई कार्यान्वयन गर्नुपर्ने दायित्व हुन्छ ।

तर, बहालवाला राष्ट्रपतिले प्राप्त गर्ने कूटनीतिक उन्मुक्तिका कारण उनलाई अहिले कुनै आइसिसी सदस्य राष्ट्रमा यात्रा गरे पनि पक्राउ गर्न सकिनेछैन वा गरिनेछैन । तर, आइसिसीका अभियोजक करिम खानले रोम विधान अनुमोदन गरेका आइसिसीका १२३ सदस्य राष्ट्रमध्ये कुनैमा पुटिन र मारियाले पाइला राखे उनीहरूलाई गिराफ्तार गर्नु उनीहरूको कर्तव्य हुने बताउँछन् । यसले पुटिनलाई यात्रामा निस्किन कठिन बनाउन सक्छ । यद्यपि, वारेन्ट कार्यान्वयन गर्न हेगसँग आफ्नै प्रहरी बल भने छैन । यो कामका लागि ऊ पूर्णरूपमा आइसिसीका सदस्यहरूमा निर्भर छ ।

कोलम्बिया ल स्कुलका प्राध्यापक म्याथ्यु वाक्समय आइसिसीले चालेको यो निकै महत्त्वपूर्ण कदम भएको तर पुटिन गिरफ्तार हुने सम्भावना ज्यादै न्यून रहेको ठान्छन् । पूर्वसुडानी नेता ओमार अल-बसिरलाई पनि आइसिसीले पदमै रहँदा वारेन्ट जारी गरेको थियो । वारेन्टपछि पनि बसिरले दक्षिण अफ्रिका, जोर्डनलगायत आइसिसी सदस्य राष्ट्रहरूको भ्रमण गरेका थिए । सन् २०१९ मा सत्ताच्युत भएपछि पनि सुडानले अझै आइसिसीलाई आफ्ना पूर्वराष्ट्रपति हस्तान्तरण गरेको छैन ।

के हुन् मुख्य बाधा ?

पहिलो त संयुक्त राज्य अमेरिका र चीनजस्तै रुस पनि आइसिसीको सदस्य छैन । रुसले आइसिसी स्थापना गर्ने रोम विधान अनुमोदन गरेको छैन । त्यसैले रुस आइसिसीको क्षेत्राधिकारबाहिर छ । पहिले रोम विधानमा हस्ताक्षर गरेको भए पनि आइसिसीले जर्जियामा सन् २००८ मा भएको युद्धको छानबिन सुरु गरेपछि पुटिनको आदेशमा सन् २०१६ मा रुसले उक्त हस्ताक्षर फिर्ता लिएको थियो । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसले यो अदालतको अधिकार क्षेत्रलाई मान्यता नदिने र कानुनी दृष्टिकोणले यो आदेश अमान्य भएको बताइसकेका छन् ।

युक्रेनले हालको परिस्थितिमा आइसिसीको क्षेत्राधिकारलाई स्वीकार गरेको भए पनि किभ पनि उसको सदस्य होइन । पुटिनले युद्ध अपराध गरे भनेर युक्रेन आइसिसी गुहार्न गएकाले मात्रै ऊ यो आरोप दायर गर्न सक्षम भएको हो । तर, मस्कोले पुटिनविरुद्धको वारेन्टलाई अर्थहीन भन्दै खारेज गरिसकेको छ । पुटिन मात्र होइन, आइसिसीको सदस्य नरहेको अवस्थामा रुसले आफ्ना कुनै पनि नागरिक हेगलाई सुपुर्दगी गर्नेछैन ।

'रुसमा शासन परिवर्तन नभएसम्म पुटिन युद्ध अपराधका लागि कठघरामा उभिने सम्भावना छैन,' लिडेन विश्वविद्यालयका सार्वजनिक अन्तर्राष्ट्रिय कानुनका उप-प्राध्यापक सेसिली रोज भन्छन् ।

कुनै राष्ट्रप्रमुख वा सरकार प्रमुखलाई हेगमा उभ्याइएको छ ?

'इतिहासमा थुप्रै हस्तीहरू अनेकन् अवरोधका बाबजुद युद्ध अपराधमा दण्डका भागी बनेका छन्,' आइसिसीका खानले भने, 'यस्ता थुप्रै उदाहरण छन्, जहाँ उनीहरूले आफूलाई कानुनको पहुँचभन्दा बाहिर सोचेका थिए । तर, केही समयपछि उनीहरूलाई अदालतको कठघरामा उभिन पुगे । उदाहरणमा मिलोसेभिक, चार्ल्स टेलर, कराडजिक वा म्लाडिकलाई नै हेर्न सकिन्छ ।' पूर्वलडाकुबाट राष्ट्रपति बनेका लाइबेरियाका टेलरलाई आइसिसीले सन् २०१२ मा युद्ध एवं मानवताविरुद्धको अपराधमा दोषी ठहर गरेको थियो । सर्बियाका पूर्वराष्ट्रपति स्लोबोदान मिलोसेभिक युगोस्लाभियाको युद्ध अपराधमा आमसंहारको मुद्दा चल्दै गर्दा सन् २००६ मा हेगमा थुनामा नै मरेका थिए । पूर्वबोस्नियाली सर्ब नेता राडोभान काराड्जिक अन्ततः सन् २००८ मा गिरफ्तार भए र हेगद्वारा दोषी ठहरिए । यस्तै, उनका सेना प्रमुख रयाट्को म्लाडिक सन् २०११ मा गिरफ्तार भए र उनलाई आजीवन कारावासको सजाय सुनाइयो ।

अन्य विकल्प ?

आइसिसीले आरोपितहरूलाई उपस्थितिविना मुद्दा चलाउन सक्दैन । तर, खानका अनुसार अदालतमा मुद्दा अगाडि बढाउन 'अन्य विकल्प' पनि छन् । उनले युगान्डाका लर्ड्स रेसिस्टेन्स आर्मीका नेता जोसेफ कोनीविरुद्धको मुद्दाको उदाहरण लिए । कोनी फरार रहे पनि उनीविरुद्धको मुद्दा अगाडि बढेको थियो । 'यो प्रक्रिया अन्य केसमा पनि उपलब्ध हुन सक्छ । पुटिनको केसमा पनि हुन सक्छ,' खानले थपे ।

रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले आइसिसीको निर्णय रुसका लागि रद्दी कागज भएको बताइन् । रुसका पूर्वराष्ट्रपति दिमित्री मेदवेदेवले पनि ट्विटरमा उक्त वारेन्टलाई ट्वाइलेट पेपरसँग तुलना गरेका छन् । रुसी विपक्षी दलका सदस्यहरूले भने आइसिसीको कदमको प्रशंसा गरेका छन् । 'अनुपस्थितिका बाबजुद गिरफ्तार भएकोमा भ्लादिमिर भ्लादिमिरोविचलाई बधाई ! यो पहिलो कदम मात्र हो,' जेलमा एक दशक बिताएका क्रेमलिनका आलोचक मिखाइल खोडोरकोभस्कीले सामाजिक सञ्जालमा भनेका छन् । 'पुटिनको खोजी गर्नुहोस्,' जेलमा रहेका विपक्षी राजनीतिज्ञ अलेक्सी नाभाल्नीका सहयोगी भ्लादिमिर मिलोभ ट्विट गर्छन् ।

-एजेन्सी

वार्ताबाटै युद्ध अन्त्य गर्न पुटिनलाई सीको सुझाब

मस्को/ रुसको दुईदिने राजकीय भ्रमणमा रहेका चीनका राष्ट्रपति सी जिनपिङ र उनका समकक्षी भ्लादिमिर पुटिनबीच क्रेमलिनमा भेटवार्ता भएको छ । दुई राष्ट्रपतिबीच चीन-रुस सम्बन्ध र आपसी हितका विषयमा गहन छलफल हुनुका साथै पारस्परिक सम्बन्ध अझ सुदृढ तुल्याउने सम्बन्धमा विचार आदानप्रदान भएको थियो । सो अवसरमा राष्ट्रपति सीले वार्ताका माध्यमबाट युक्रेन द्वन्द्व अन्त्य हुनुपर्नेमा जोड दिए । राष्ट्रपति सीले युक्रेनको मुद्दामा शान्ति र न्यायका निम्ति आवाज उठिरहेको बताए । विश्वका अधिकांश देशले शान्तिवार्ताको पक्षमा उभिने अभिमत जाहेर गरेको बताउँदै उनले वार्ताको माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रपति सीले समकक्षी पुटिनको निमन्त्रणामा रुसको राजकीय भ्रमण गर्न पाउँदा आफू खुसी भएको उल्लेख गर्दै १० वर्षअघि आफू राष्ट्रपति निर्वाचित भएपछि रुसको भ्रमण गरेको स्मरण गरेका थिए । राष्ट्रपति सीले विगत १० वर्षदेखि आफू र राष्ट्रपति पुटिन निकट सम्पर्कमा रहेको तथा चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को २० औँ राष्ट्रिय अधिवेशनबाट आफू केन्द्रीय समितिको महासचिवमा पुनः निर्वाचित भएपछि रुसी नेता पुटिनले तत्काल बधाई सन्देश पठाएकामा धन्यवाद व्यक्त गरे ।

> राष्ट्रपति सीले युक्रेनको मुद्दामा शान्ति र न्यायका निम्ति आवाज उठिरहेको बताए । विश्वका अधिकांश देशले शान्तिवार्ताको पक्षमा उभिने अभिमत जाहेर गरेको उनले स्मरण गराए ।

चीन-रुस सम्बन्ध आजको अवस्थामा पुगुमा दुई राष्ट्रबीचको ऐतिहासिक सम्बन्धको सुदृढ आधार रहेको तर्क गर्दै चीन र रुस एकअर्काका सबैभन्दा ठूला छिमेकी एवम् रणनीतिक साझेदार भएको सीले बताए । दुवै देशले आफ्नो समग्र कूटनीति र विदेश मामिलासम्बन्धी नीतिमा आफ्नो सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको उनले बताए । राष्ट्रपति सीले दुवै देशले विभिन्न क्षेत्रमा व्यावहारिक सहयोगलाई अझ सुदृढ बनाउनुका साथै संयुक्त राष्ट्रसंघजस्ता बहुपक्षीय मञ्चमा समन्वय र सहयोगलाई बलियो बनाउँदै विश्वशान्ति र स्थायित्वको आधार खडा गर्नुपर्नेमा जोड दिए ।

सो अवसरमा पुटिनले सीप्रति आभार व्यक्त गर्दै बितेका १० वर्षमा विकासका सबै क्षेत्रमा चीनले गरेको प्रभावशाली एवम् उत्कृष्ट उपलब्धिको सराहना गरे । राष्ट्रपति सीको सबल नेतृत्वमा त्यो सम्भव भएको र त्यसले चीनको राष्ट्रिय राजनीतिक प्रणाली र शासन प्रणालीको सामर्थ्यलाई प्रमाणित गरेको रुसी राष्ट्रपतिले बताए ।

राष्ट्रपति सीको नेतृत्वमा चीनले निर्धारण गरेका विकास र समृद्धिका लक्ष्यहरू सफलतापूर्वक हासिल गर्नेमा आफू विश्वस्त रहेको बताउँदै राष्ट्रपति पुटिनले दुवै पक्षको ठोस प्रयासले हालैका वर्षमा रुस-चीन सम्बन्धले विभिन्न क्षेत्रमा फलदायी नतिजा दिएको उल्लेख गरे । उनले द्विपक्षीय व्यावहारिक सहयोगलाई अझ सबल बनाउन, अन्तर्राष्ट्रिय मामिलामा सञ्चार र सहकार्य गर्न मस्को सधैं प्रतिबद्ध रहेको बताए ।

यसैबीच, संयुक्त राज्य अमेरिकाले युक्रेनमा युद्ध अपराध रोक्न चिनियाँ राष्ट्रपतिले रुसी राष्ट्रपतिलाई दबाब दिनुपर्नेमा जोड दिएको छ । अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ताले राष्ट्रपति सीलाई आफ्ना रुसी समकक्षीलाई युक्रेनबाट आफ्ना सेना फिर्ता बोलाउन आग्रह गरेका छन् । प्रवक्ता जोन किर्बीले युद्धविरामको खोजी पर्याप्त नहुने पनि बताएका छन् । प्रवक्ता किर्बीले भनेका छन्, 'राष्ट्रपति सीले राष्ट्रपति पुटिनलाई युक्रेनी सहर, अस्पताल र विद्यालयमा बमबारी बन्द गर्न, युद्ध अपराध र अत्याचार रोक्न र आफ्ना सेना फिर्ता गर्न दबाब दिनेछन् भन्नेमा अमेरिका विश्वस्त छ ।'

यसैबीच, जापानका प्रधानमन्त्री फुमियो किसिदा राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग वार्ता गर्न युक्रेनको अप्रत्यासित भ्रमण गर्दै छन् । उनले रुसको युक्रेनप्रति ऐक्यबद्धता र समर्थन जनाउने अपेक्षा गरिएको छ । जापान र चीनले एकअर्कालाई क्षेत्रीय प्रतिद्वन्द्वीका रूपमा हेरे पनि युक्रेनमा रुसी आक्रमण भएदेखि टोकियोले किभलाई मानवीय, आर्थिक र गैरघातक सैन्य सहायता प्रदान गर्दै आएको छ ।

इतिहासमा आज

मार्च २२

सन् १९४५ : अरब लिगको स्थापना । यो संगठन यसको सदस्य राष्ट्रबीच राजनीतिक, आर्थिक र सांस्कृतिक सहयोग प्रवर्द्धन गर्न स्थापना गरिएको थियो । समूहमा पश्चिममा मौरिटानियादेखि पूर्वमा ओमानसम्म अफ्रिकी, एसियाली र मध्यपूर्वका २१ देश समावेश छन् ।

सन् २००४ : इजरायली मिसाइल आक्रमणमा प्यालेस्टाइन लडाकु संगठन हमासका सहसंस्थापक तथा प्यालेस्टिनी इस्लामवादी नेता शेख अहमदयासिनको मृत्यु ।

सन् १७६५ : ब्रिटिस संसद्ले स्ट्याम्प ऐन पारित गऱ्यो, जसले उपनिवेशहरूमा छापिएका विभिन्न कागजमा करहरू लगायो । अत्यधिक अलोकप्रिय कानुन अमेरिकामा विशेषगरी विवादास्पद थियो ।

सन् १९७४ : भियतनाम कंग्रेसद्वारा संयुक्त राज्य अमेरिका र दक्षिण भियतनामसँग नयाँ युद्धविराम प्रस्ताव । प्रस्तावमा आमचुनाव पनि समावेश थियो ।

सन् १९४८ : अमेरिकाद्वारा कोरियाका लागि भूमिसुधार योजना घोषणा ।

सात करोड बालबालिका पानीजन्य संक्रमणको जोखिममा

कानो/ नाइजेरियामा पानीजन्य संक्रमणबाट धेरै बालबालिका समस्यामा पर्न सक्ने देखिएको छ । नाइजेरियामा शुद्ध पिउने पानीको समस्या रहेको जनाउँदै यहाँका कम्तीमा पनि सात करोड आठ लाख बालबालिका पानीजन्य संक्रमणको उच्च खतरामा रहेका संयुक्त राष्ट्रसंघीय बालकोषले जानकारी दिएको हो ।

कोषले सोमबार प्रकाशन गरेको एक प्रतिवेदनमा यहाँ पानीजन्य संक्रमणको खतरा बढी देखिएको र यहाँ ठूलो संख्यामा नागरिक संक्रमित हुने खतरा रहेको पाइएको बताइएको छ ।

कोषले शुद्ध र सफा पिउने पानी, शौचालय, सरसफाइ र खानामा लगानी गर्न नाइजेरिया सरकारलाई सुझाब दिएको छ । जोखिममा रहेका बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिएर सरसफाइ र खानेपानीका क्षेत्रमा आवश्यक मात्रामा लगानी गर्न र बालबालिकाको स्वास्थ्यमा



आवश्यक नीति तथा कार्यक्रम बनाउन पनि आग्रह गरेको छ । देशमा आवश्यक मात्रामा पिउने शुद्धपानी, शौचालय, स्वास्थ वातावरणको अभावका कारण यहाँका करिब एकतिहाइ बालबालिका स्वास्थ्य जोखिममा परेको युनिसेफले जनाएको छ ।

नौ हजार कर्मचारी कटौती गर्दै अमेजन

न्युयोर्क/ अमेजनले थप नौ हजार कर्मचारीलाई सेवाबाट हटाउने भएको छ । अमेजनका प्रमुख कार्यकारी अधिकृत एन्डी जसीले नौ हजार कर्मचारी कटौती गर्ने कम्पनीको योजना घोषणा गरेका हुन् ।

एक ब्लग पोस्टमा उनले कर्मचारी कटौतीबाट कम्पनीको क्लाउड सेवा, विज्ञापन र ट्विच एकाइमा असर पर्ने उल्लेख गरेका छन् । यसअघि अमेजनले १८ हजार कर्मचारीको जागिर कटौती गर्ने घोषणा गरेको थियो ।

कुन विभागका कर्मचारी कटौतीमा पर्ने भन्ने निर्णय भइनसकेको जनाउँदै एन्डीले आगामी अप्रिलको मध्यसम्ममा निर्णय कार्यान्वयन हुने बताए । अमेजन विश्वको सबैभन्दा ठूलो रोजगारदाता कम्पनीमध्ये एक हो । विश्वभर करिब १५ लाख कर्मचारी अमेजनमा आबद्ध छन् ।

लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना ।

(प्रकाशित मिति २०७९/१२/०८)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्बन्धित ऋणी तथा धितो सुरक्षण धनी/धितो जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल-अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा/वा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

ऋणीको विवरण

१.**सयुक्त ऋणीको नाम : श्री सुरज लम्साल तथा श्रीमती भगवती लम्साल**
क) यादव नाथ लम्सालको नाति हरि प्रसाद लम्सालको छोरा कञ्चनपुर जिल्ला त्रिभुवन उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०३, कौशलटार बस्ने श्री सुरज लम्साल (ना.प्र.नं. ७५८०६ जि.प्र.का. कञ्चनपुर मिति २०५९/१०/०५) तथा (ख) यादव नाथ लम्सालको बुहारी तोप नारायण काफ्लेको छोरी हरि प्रसाद लम्सालको पत्नी कञ्चनपुर जिल्ला त्रिभुवन उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०३, कौशलटार बस्ने श्रीमती भगवती लम्साल (ना.प्र.नं. ९९४/१२०२ जिल्ला कार्यालय कञ्चनपुर मिति २०४६/०३/२५)
व्यक्तिगत जमानतकर्ता : हरि प्रसाद लम्सालको बुहारी परासर ढकालको छोरी सुरज लम्सालको पत्नी कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ३ भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०३, कौशलटार बस्ने श्रीमती रोमा ढकाल (ना.प्र.नं. ६७१०२८/८५९३ जि.प्र का. कैलाली मिति २०६६/०१/०८) ।

धितोको बिवरण: ऋणी श्रीमती भगवती लम्सालको नाममा मालपोत कार्यालय कन्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कन्चनपुर जिल्ला त्रिभुवन न.पा./गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. १६१ को क्षेत्रफल ०,६८९० व.मि जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणीको नाम** : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र. नं. १५१६२९/०७६/०७७ स्थानीय व्यापार मिति २०७६/०६/२० मा दर्ता भई भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. ३ कौशलटारमा रजिष्टर्ड ठेगाना रहेको तथा आन्तरीक राजश्व कार्यालय भक्तपुरबाट स्थायी लेखा (पान) दर्ता प्रमाण पत्र नं. ६१२२३६८५९ मिति २०७६/०७/०१ मा दर्ता रहेको राधे राधे कलेक्सन ।
प्रोप्राईटर: हरि प्रसाद लम्सालको बुहारी परासर ढकालको छोरी सुरज लम्सालको पत्नी कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ३ भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०३, कौशलटार बस्ने श्रीमती रोमा ढकाल (ना.प्र.नं. ६७१०२८/८५९३ जि.प्र का. कैलाली मिति २०६६/०१/०८) ।
व्यक्तिगत जमानतकर्ता : (क) यादव नाथ लम्सालको नाती हरि प्रसाद लम्सालको छोरा कञ्चनपुर जिल्ला त्रिभुवन उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०३, कौशलटार बस्ने श्री सुरज लम्साल (ना.प्र.नं. ७५८०६ जि.प्र.का. कञ्चनपुर मिति २०५९/१०/०५) तथा (ख) यादव नाथ लम्सालको बुहारी तोप नारायण काफ्लेको छोरी हरि प्रसाद लम्सालको पत्नी कञ्चनपुर जिल्ला त्रिभुवन उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०३, कौशलटार बस्ने श्रीमती भगवती लम्साल (ना.प्र.नं. ९९४/१२०२ जिल्ला कार्यालय कञ्चनपुर मिति २०४६/०३/२५)

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

हकदावीको सूचना

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, भोटेकोशी गाँउपालिका, वडा नं. ०२ मा बस्ने श्री नामगेल शेर्पाको नाति, श्री पासाङ तेम्बा शेर्पाको छोरा श्री सोनाम दोर्जे शेर्पाको मिति २०७९/०७/१४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ००१०५०९००२३१०८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती केल्साङ डोल्मा शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं.:- ४२४२५३०
४२२८२२९
फ्याक्स :- ४२२६३४९
४२२८९२७

हकदावीको सूचना

गोरखा जिल्ला, गाइखुर गा.वि.स वडा नं. ३ मा बस्ने श्री वाङ लामा तामाङको नाति, श्री चल बहादुर तामाङ को छोरा, श्रीमान फल बहादुर तामाङको मिति २०७९/०४/०९ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०२१०५०२००१२२६३ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती लाल माया तामाङले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक वाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
गोगंबु, काठमाडौं,
फोन नं.: ४९६५३१८
४९६५३२७

कृषिमा पुस्तान्तरण र अबको बाटो

नीति तथा कार्यक्रमको तर्जुमा गर्ने प्रक्रियामा नै परिवर्तन गरी तल्लो तहका कृषकको समेत संलग्नता हुने गरी व्यवस्था मिलाउनुपर्छ



अर्थ संवाद
● नवराज बस्नेत
अध्यक्ष
नेपाल कृषक समूह महासंघ

सरकारले एक दशकअघिदेखि प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटलाई गहिरो गरी अध्ययन गर्‍यौं भने कृषि क्षेत्रमा दुई-चारवटा कामबाहेक खासै परिवर्तन भएको देखिँदैन । बजेटको आकार बढेको छ, केही नीतिगत सुधारका सामान्य कामबाहेक खासै परिवर्तनको अनुभूति भएको देखिँदैन ।

यही सामान्य परिवर्तनबाटै हामीले कृषिक्रान्ति गरेर आत्मनिर्भर हुने, कृषिजन्य आयातलाई घटाउने र निर्यात गर्ने दिवास्वप्न देखिरहेका छौं । तर, हामीले कस्तो कृषि नीति अपनाइरहेका छौं, किसानलाई कस्तो योगदान गर्‍यो, हाम्रो कृषि कुन स्तरमा छ भनेर खोज्ने काम नहुँदा राज्य भ्रमकै भरमा कृषि क्षेत्रका ठूला सपना लामो समयदेखि बाँडिरहेको छ ।

देशको भौगोलिक अवस्था, भूबनोट, खेतीयोग्य जमिनको आकार, बढ्दो सहरीकरणजस्ता विषयलाई कुन रूपमा लिएका छौं भन्ने कुरा कहिल्यै बाहिर आएको देखिँदैन । कुल जनसंख्याको ६५ प्रतिशत कृषिमा आधारित छन् भनेर खुसी भइरह्यौं । कृषिप्रधान देशको नाम जपेर सिंहदरबारमा बनेको नीतिले आजको कृषि प्रणाली अघि बढ्न सक्दैन भनेर विगतका इतिहासले पुष्टि गरिसकेको छ । ग्राउन्ड (तल्लो) तहमा काम गर्ने किसान, लगाएको बाली, कुन अवस्थामा गुज्रिएको छ भनेर बुझ्न हाम्रो नीति ग्राउन्डस्तरमा पुग्ने किसिमका हुनै सकेनन् । हिजो खेतमा पसिना बगाउने युवा, आज खाडी मुलुकमा पसिना बगाउन कसरी बाध्य हुने अवस्था आयो भनेर हाम्रो नीतिले कहिल्यै खोजी गर्न सकेन ।

मल नपाएर किसान छटपटाएको, बाली लगाएको मूल्य नपाएर बिचौलियालाई बेच्न बाध्य हुनुपरेको पीडा केवल तल्लो तहमा काम गर्ने किसानलाई मात्र थाहा छ । सिंहदरबारमा नीति बनाउनेलाई यसबारे रिपोर्टिङ हुन नसक्दा तलको समस्या तलै रह्यो । काठमाडौंबाट हेर्ने कृषि आँखाले खेतको जरामा पानी भए/नभएको देख्न सक्दैसक्दैन । बाढीले धान डुबाउँदा किसान रोएको देख्दैन भने सिंहदरबारले बनाउने नीतिमा यस्ता कुरा अटाउँछन् भनेर कसरी पत्याउने ? कृषि नीतिमा किसानको कुरा प्राथमिकता पर्न नसक्दा आज यो अवस्था आएको हो भन्नेमा कुनै शंका छैन । हिजो कृषिजन्य वस्तु निर्यात गर्ने देश आज कसरी अर्बौं रुपैयाँको आयात गर्ने अवस्था आयो भनेर यसको खोजी कहिल्यै भएन र गरिएन ।

करिब ६ दशकअघि सन् १९६५ तिर कुल गार्हस्थ्य उत्पादनमा ६५ प्रतिशत हिस्सा ओगटेको कृषिको योगदान हाल २५ प्रतिशतमा झरेको छ । हिजो राणाशासनकालमा एउटा कृषि अड्डाको नामबाट स्थापना भएको कृषिको संरचना हाल संघमा २७० वटा प्रदेश १४४ वटा र स्थानीय सरकारमा ७५३ वटा गरी ११६७ वटा कृषिसँग जोडिएका कृषि अड्डा छन् । तर, यी अड्डा केवल देखाउनकै लागि मात्र काम गरिरहेका छन् । सरकारले योजना ल्याएको छ, तथ्यांकमा हेर्ने हो भने काम भएकोजस्तो देखिन्छ, तर ग्राउन्ड जिरोमा काम गर्ने किसान आज कृषिको नाम सुन्दा मुख बटार्ने अवस्थाको सिर्जना कसरी बन्यो ? यसको खोजी आजसम्म भएको देखिँदैन ।

कृषि मन्त्रालयका अनुसार आज पनि खेतीयोग्य १० लाख ३० हजार हेक्टर जमिन बाँझै रहेको छ । विगतको दश वर्षमा कृषि तथा पशुपन्छी क्षेत्रमा कुल राष्ट्रिय बजेटको विनियोजन दुई दशमलव ५ प्रतिशत रहेको छ भने दश वर्षमा कृषि क्षेत्रको औसत वृद्धिदर ३ प्रतिशतको हाराहारीमा आइपुगेको छ ।

कृषि पुस्तान्तरण नै अबको बाटो : फूल रोप्नुभन्दा पहिले फूलको जरा कस्तो छ भनेर हेर्नु पहिलो दायित्व हो । जरा हुँदै फूल र फल लाग्ने हो । हाम्रो समस्या आज जरामै छ, हामी भने पात किन सुक्यो, फूल किन फक्रेन भनेर गनगन गरिरहेका छौं । तर, जरा कस्तो थियो र के गर्न सकिन्छ भनेर खोजी कहिल्यै गरैनौं । हिजो कृषि पेसा गर्दै आइरहेको एउटा परिवारका छोरा वा छोरी उक्त पेसाबाट भविष्य नदेखेर विदेश पलायन भइरहेका छन् । यो क्रम पछिल्लो समय अझ बढ्दो छ । पुस्तान्तरण हुन नसक्नु हाम्रो पहिलो कमजोरी यही भएको छ । जबसम्म पेसामा पुस्तान्तरण हुँदैन, तबसम्म कुनै पनि पेसाको अस्तित्व संकटमा पर्न थाल्छ । आज कृषि क्षेत्र पुस्तान्तरणको अभावले भोलिको दिनमा संकट निम्त्याउँदै छ भने आयात बढाउन प्रोत्साहन गर्दै छ । युवालाई आकर्षण गर्न सक्ने नीतिगत सुधार, कार्यक्रम र योजना आउन सकेनन्, केवल कृषि क्षेत्रलाई राजनीतीकरण गर्ने एउटा माध्यम मात्र बन्न पुग्यो ।



किसान पहिचानको आधार के ?

पुस्तान्तरणपछि अर्को समस्या बनेको छ, किसानको पहिचान हुन नसक्नु । देशभरमा कति र कस्तो किसान कस्तो कृषिकर्म गर्छन् भनेर मूल्यांकन आजसम्म हुन सकेको छैन । अहिले यस्तो अवस्था छ । कस्तो व्यक्तिलाई किसान भन्ने भनेर सरकारसँग कुनै आधिकारिक तथ्य छैन । करेसाबारीमा तरकारी फलाएर खाने पनि किसान, दुई-चार बिघा जमिनमा तरकारी फार्म खोलेर बजारमा बिक्री गर्ने पनि किसान, उनीहरूले पाउने मल सरकारी अनुदान सहुलियत पनि उस्तै, अब कसरी हुन्छ ? कुन किसान कुन अर्धकिसान, कस्तो किसानलाई वास्तविक किसान भन्ने कुनै आधार अहिलेसम्म बनेको छैन । किसान परिचयपत्र, किसान कार्डलगायत कुरा केवल नीतिमै सीमित रहन पुगेको अवस्था छ । त्यसैले किसान आधार कार्ड, किसान पहिचान कार्ड लागू नगरेसम्म कृषि क्षेत्रलाई थप बलियो बनाउन सकिँदैन । पहिचान हुँदा कृषिमा जाने अनुदानको दुरुपयोग झन्डै आधा रोकिन सक्छ । मल नपाएर किसान छटपटाउनुपर्ने अवस्था आउनेछैन भने राज्यमा पर्ने आर्थिक भार पनि कमी आउनेछ ।

कृषि सुधारमा संघ र स्थानीय तहको मुख्य भूमिका : नेपालको कृषि प्रणाली संघीय संरचनामा रूपान्तरित भएसँगै आर्थिक अनियमितताले पनि केही हदसम्म अवसर पाएकोजस्तो देख्न सकिन्छ । राजनीतिक दल र तिनीहरूका कार्यकर्ताको निजी कार्यक्रमजस्तो हुने गरेको अनुदानका कार्यक्रम लक्षित वर्गसम्म पुग्नै सक्दैनन् । त्यसमा कर्मचारीको मिलेमतो प्रस्टै देखिने गरेको छ । जसले आजको मात्र होइन, भोलिको हाम्रो भविष्यलाई समेत बर्बादीको बाटोमा घचेट्ने गरेको छ ।

त्यसैले नेपालको कृषि प्रणालीको विकासको प्रमुख अवरोध नै नीतिगत भ्रष्टाचार हो भन्दा अत्युक्ति हुँदैन । त्यसैले यस विषयमा वेलैमा ध्यान पुऱ्याई तीनवटै तहगत सरकारमा हुने गरेको नीतिगत कार्यक्रमजस्तो हुने गरेको अनुदानका कार्यक्रम लक्षित वर्गसम्म पुग्नै सक्दैनन् । त्यसमा कर्मचारीको मिलेमतो प्रस्टै देखिने गरेको छ । जसले आजको मात्र होइन, भोलिको हाम्रो भविष्यलाई समेत बर्बादीको बाटोमा घचेट्ने गरेको छ ।

त्यसैले नेपालको कृषि प्रणालीको विकासको प्रमुख अवरोध नै नीतिगत भ्रष्टाचार हो भन्दा अत्युक्ति हुँदैन । त्यसैले यस विषयमा वेलैमा ध्यान पुऱ्याई तीनवटै तहगत सरकारमा हुने गरेको

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ८ चैत ०७९

तीन दशकदेखि बन्द वीरगन्ज कृषि कारखानामा आविष्कार केन्द्रले गरेको परीक्षण उत्पादन सफल

सरकारले प्रतिबद्धता जनाएको रकम निकासा गरे उद्योग पूर्ण रूपमा सञ्चालन गर्ने राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख महावीर पुनको भनाइ

वीरगन्जमा **तिवारी यादव**

तीन दशकदेखि बन्द रहेको वीरगन्जको कृषि औजार कारखानाबाट राष्ट्रिय आविष्कार केन्द्रले गरेको परीक्षण उत्पादन सफल भएको छ। आविष्कार केन्द्रको टोली १० माघदेखि निरन्तर खटेर कारखानामा रहेका मेसिन सञ्चालनयोग्य बनाउन लागिपरेको छ। ३१ भदौको मन्त्रिपरिषद् बैठकले कृषि औजार कारखाना सञ्चालनको जिम्मा आविष्कार केन्द्रलाई दिने निर्णय गरेसँगै सरसफाइको काम सुरु भएको थियो। पुरानो मेसिन मर्मत गरेर परीक्षणका क्रममा साबेल, गैँती, कुटो, कोदालो, बन्चरोजस्ता कृषि उपकरण ८-१० थान निर्माण भएको छ। कारखानाको परीक्षण सफल भए पनि पूर्ण रूपमा सञ्चालन गर्न सरकार नै बाधक बनेको आविष्कार केन्द्रका प्रमुख महावीर पुनको गुनासो छ।

मन्त्रिपरिषद्ले १० वर्षसम्म कारखानाको सञ्चालन जिम्मा आविष्कार केन्द्रलाई दिएसँगै मर्मत-सम्भार र थप औजार खरिद गर्न आवश्यक रकम सञ्चालक समितिको सिफारिसमा पहिलोपटकका लागि अर्थ मन्त्रालयले व्यवस्थापन गर्ने भनिएको थियो। तर, सरकारले पहिलो चरणमा दिने भनेको २० करोड निकासा नगरेको पुनले बताए। 'कारखानाको मर्मत-सम्भार र मेसिनरी औजार थप गर्न सरकारले रकम दिने सहमति गरेको थियो, यसबीचमा दुई अर्थमन्त्री फेरिनुभयो। तर, पैसा आएको छैन,' पुनले भने। कृषि औजार कारखाना सञ्चालनका लागि भन्दै पुनले चितवनमा रहेको २८ रोपनी जग्गा बिक्री गर्ने घोषणा गरेका छन्। उनका अनुसार कारखानामा रहेका सबै मेसिन सञ्चालन, नयाँ मेसिन खरिद एवं विद्युत् जडानका लागि ५० करोड बजेट आवश्यक पर्छ।

अहिले दैनिक १२ घन्टा खटिएर मेसिन मर्मत-सम्भार गरेर सञ्चालनयोग्य बनाउन थालिएको कृषि औजार कारखानाका सबइन्जिनियर सागर पोखरेलले जानकारी दिए। 'पहिले कृषि औजार कारखानामा आउँदा जंगलजस्तो नै थियो,' उनले भने, 'अहिले कारखाना केही हदसम्म सरसफाइ भएर मेसिन सञ्चालन गर्ने अवस्थामा पुगेको छ। राष्ट्रिय आविष्कार केन्द्रको टोली पहिलोपटक निर्वाचनको समयमा सरसफाइ गरेर फर्किएका थिए। दोस्रोपटक आएको टोलीले भने निरन्तर खटिएर मेसिन सञ्चालनयोग्य बनाउन लागेका हुन्। पोखरेलसँगै मेकानिकल इन्जिनियर अरुण साह पनि एउटा पुरानो मेसिन





वीरगन्जको कृषि औजार कारखानाका मेसिन सञ्चालनको तयारी गरिँदै (माथि)। राष्ट्रिय आविष्कार केन्द्रले गरेको परीक्षणबाट उत्पादित कृषि औजार (तल)

बनाउन लागिपरेका छन्। राष्ट्रिय आविष्कार केन्द्रका प्रमुखले टोली बनाएर काममा खटाएको उनीहरूले बताए। अहिले मेसिन सञ्चालन गर्नलाई योग्य भए पनि आधुनिक युगको उपकरण बनाउन केही परिवर्तन गर्नुपर्ने अवस्था रहेको उनीहरूको भनाइ छ।

मेसिन सञ्चालनका लागि तयार भएपछि बाहिरबाट केही कच्चा पदार्थ खरिद गरेर केही उपकरण बनेका छन्। तर, सरकारले घोषणा गरेको अनुदान रकम नपाउँदा समस्या भएको उनीहरूको गुनासो छ। 'युवाहरू बन्द कारखाना सञ्चालनका लागि काममा छन्, तर सरकारको निकायले पनि भनेको समयमा नगर्दा दुःख लाग्ने गरेको छ,' साहले भने।

करिब तीन महिनादेखि राष्ट्रिय आविष्कार केन्द्रका १३ जना प्राविधिकले दैनिक खटिएर कृषि औजार उत्पादन सुरु गरेका छन्। पुराना मेसिनहरू मर्मत गरेर परीक्षणका क्रममा साबेल, गैँती, कुटो, कोदालो, बन्चरोजस्ता उपकरणहरू ८-१० थानका दरले उत्पादन गरिएको राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख महावीर पुनले बताए।

उनका अनुसार उद्योग परीक्षणका क्रममा दुई-दुईवटा मिलिङ र लेथ मेसिन, चारवटा डाई प्रेसर, दुईवटा आयल फर्नेस, एउटा कोइला फर्नेस र दुईवटा ह्यामर सञ्चालन गरिएको छ। कृषि सामग्री कम्पनी सञ्चालन गरेर कृषिका लागि चाहिने आधारभूत औजार निर्माण गर्न सकिने देखिएको पुनले जानकारी दिए। तर, सरकारले दिने भनेको २० करोड अहिलेसम्म नपाएको उनले गुनासो गरे। सरकारले कारखाना सञ्चालनका लागि रकम निकासा गरेपछि उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्ने योजना रहेको उनले जानकारी दिए। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले उद्योग सञ्चालनका लागि बजेट विनियोजन गर्न प्रतिबद्धता जनाए पनि हालसम्म केन्द्रले एक रुपैयाँ पनि सरकारबाट नपाएको उनले बताए।

■ कहिले बन्द भयो कृषि औजार कारखाना ?

राज्यको महत्त्वपूर्ण उद्योगका रूपमा रहेको कृषि औजार कारखाना करिब ३० वर्षदेखि बन्द रहेको छ। तत्कालीन राजा महेन्द्रले ०२४ फागुन २८ मा सोभियत संघ सरकारले उपहारस्वरूप निर्माण गरिदिएको उद्योग उद्घाटन गरेका थिए। पूर्ण क्षमतामा सञ्चालनमा आउँदा उद्योगमा दुई सय १० स्थायी र एक सय ११ अस्थायी कर्मचारी थिए। नौ बिघा ११ कट्ठा क्षेत्रफलमा फैलिएको कृषि औजार कारखाना तथा यसका अन्य भौतिक पूर्वाधारको रेखदेख तथा संरक्षण ६ जना व्यक्तिले गर्दै आएका छन्। उद्योग रुग्ण हुँदै गएपछि तत्कालीन सरकारले ०५३ जेठ १७ मा उक्त उद्योग निजीकरण गर्ने निर्णय लिएको थियो।

१३ करोड रुपैयाँमा निजीकरणमा लैजान खोज्दा नौ करोड ५१ लाख रुपैयाँबराबर ६५ प्रतिशत स्वामित्व निजी क्षेत्रले पाउने र बाँकी ३५ प्रतिशत स्वामित्व नेपाल सरकार आफैंले राख्ने निर्णय भएको थियो। पाटनका रेशमलाल वैद्य, बनेपाका जोगीलाल ताम्राकार र हेटौंडाका उदयमोहन श्रेष्ठले साझेदारीमा उद्योगको ६५ प्रतिशत स्वामित्व किनेका थिए। तर, एकपटक उद्योग बन्द भएपछि पुनः सञ्चालनमा आउने सकेन।

कारखानाले हँसिया, खुर्पी, कुटो, कोदालो मात्र नभई विद्युत् प्राधिकरणका लागि बिजुलीका पोल, तत्कालीन यातायात संस्थानका लागि ट्रयांकर, तत्कालीन शाही नेपाल वायुसेवा निगमका लागि जहाज चढ्ने सिँढी, यात्रुको सामान ओसार्ने ट्रली पनि उत्पादन गरेको थियो।

मन्त्री परिवर्तनले अनुदान पाउने आशा कम हुँदै छ

● **महावीर पुन**, प्रमुख, राष्ट्रिय आविष्कार केन्द्र



पछिल्लो समयमा अर्थमन्त्रीहरू परिवर्तन हुँदै गएपछि रकम पाउने आशा कम हुँदै गएको छ। कृषि औजार कारखाना सञ्चालन गर्न सरकारले घोषणा गरेको रकम उपलब्ध गराउन करिब तीन महिनादेखि ताकेता गरे पनि पाइएको छैन। घोषणाबमोजिमको रकम छिटो उपलब्ध गराए काम पनि तीव्र रूपमा गर्न सकिन्छ। कारखाना पूर्ण रूपमा सञ्चालनमा ल्याउन करिब ५० करोड आवश्यक पर्छ। तर, सरकारले पहिलो चरणमा दिने भनेको २० करोड पनि आएको छैन।

कृषि औजार सञ्चालनमा ल्याउन सहयोग गर्छौं

● **सरोज यादव**, मुख्यमन्त्री, मधेस प्रदेश



मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवले वीरगन्जको कृषि औजार कारखाना सञ्चालन गर्न केन्द्र सरकारले पहल गरेकोलाई आफूहरूले सकारात्मक रूपमा लिएको बताएका छन्। उनले केन्द्रकै सहयोग र समन्वयमा कृषि औजार सञ्चालनमा ल्याउने तयारी भइरहेकाले प्रदेश सरकार यसमा साथ र सहयोग गर्न प्रतिबद्ध रहेको बताए। उनले कृषि औजार कारखाना सञ्चालन गर्न आएको टोलीसँग साथ र सहयोगको अपेक्षा राखे आफूहरू यसमा गम्भीर रहेको उनले बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक


कार्यान्वयनमा आउन सकेन अक्सन मार्केट

नेप्सेले दोस्रोपटक कार्यविधि बनाएर पठाए पनि बोर्डले स्वीकृत गरेन

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डले अनुमति नदिँदा नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले लिलाममार्फत किनबेच हुने सेयर (अक्सन मार्केट) सञ्चालनमा ल्याउन सकेको छैन। नेप्सेले अक्सन मार्केट कारोबार सञ्चालनसम्बन्धी कार्यविधि दोस्रोपटक बोर्डमा पठाएको महिनौं बितिसक्दा पनि बोर्डले चासो नदिएको हो। नेपाल स्टक एक्सचेन्जका कार्यकारी अधिकृत (सिइओ) कृष्णबहादुर कार्कीले अक्सन मार्केटको कार्यविधि बनाएर पठाएको भए, बोर्डले स्वीकृत नदिएको कारण थप कार्य गर्न नसकिएको बताए। उनले भने, 'अक्सन मार्केट सञ्चालनका लागि नेप्से तयारी अवस्थामा छ। बोर्डले थप अध्ययन गरेर स्वीकृत दिनुपर्ने हुन्छ, स्वीकृत भएपछि अरू प्रक्रिया अघि बढ्छ।'

बोर्डबाट अनुमति प्राप्त भएसँगै नेपालमा पहिलोपटक यस अक्सन मार्केटको सुरुवात हुनेछ। यस्तो मार्केटको अभ्यास बंगलादेश, भारत, पाकिस्तानलगायतका देशहरूमा पनि भइरहेको छ। अक्सन मार्केट नेपालमा निकै प्रभावकारी हुने उनको दाबी छ। उनल भने, 'नेपालजस्तो अविकसित मुलुकमा अक्सन मार्केट अनिवार्य छ। साथै, अक्सन मार्केट लगानीकर्ताबाट पनि माग भइरहेको छ।' निवर्तमान ब्रोकर एसोसिएसनका अध्यक्ष सन्तोष मैनालीले क्लोज आउटको समस्या अहिले पनि कायमै रहेकाले अक्सन मार्केट अनिवार्य रहेको बताए। उनले भने, 'यो अक्सन मार्केट आएसँगै क्लोज आउटको समस्या ८०-९० प्रतिशतले घट्छ, राफसाफ गर्ने सिडिएसीले भने थप काम गर्नुपर्ने देखिन्छ।'



टिएमएसमा पनि अक्सन मार्केटको व्यवस्था हुनुपर्ने ब्रोकरहरूले जोड गर्दै आइरहेका छन्। नेप्सेले पनि आफ्नो टिएमएस ल्याउने तयारीमा छ। मैनालीका अनुसार टिएमएसमा पनि अक्सन मार्केटको व्यवस्था हुँदा जुन ब्रोकरको सेयर सेटल भएको छैन, त्यस ब्रोकरले किन्न पाउँछ, अरू ब्रोकर बेच्ने हुन्छन्। यो बजार बन्द भएको समयपछि १५ मिनेटका लागि सञ्चालन गरिन्छ, यसमा लगानीकर्ता नभई ब्रोकर मात्र समावेश हुन पाउँछन्।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले अक्सन मार्केटको विषयमा अध्ययन भइरहेको बताए। उनले भने, 'यो मार्केटमा जाँदा के-कस्ता जटिलताहरू आउँछन्, कानुनी प्रक्रियादेखि अन्य विषयगत अध्ययन गरेर छिट्टै निष्कर्षमा पुग्छौं।'

नेपाल क्लियरिङ लिमिटेड (सिडिएसी)का प्रवक्ता सुरेश न्यौपानेले बोर्डबाट अक्सन मार्केट अघि बढेपछि राफसाफमा सिडिएसी तयारी अवस्थामा रहेको बताए। उनले भने, 'पहिला त कार्यविधिअनुसार कार्य अघि बढ्नुपऱ्यो, त्यसपछि हामीले गर्ने तयारीका लागि अघि बढ्छौं।'

■ के हो अक्सन मार्केट ?

कारोबारमा सहभागी विक्रेताले कारोबार दिनभित्र आफ्नो सेयर नगरेको वा गर्न नसकेको अवस्थामा ब्रोकर (धितोपत्र दलाल व्यवसायी)ले अक्सन मार्केटबाट खरिद गरी हस्तान्तरण गर्न सक्छन्। अक्सन मार्केटमा सामान्य लगानीकर्ता सहभागी हुनुपर्दैन। आफ्ना ग्राहकको दायित्व पूरा गर्ने गरी ब्रोकर (कारोबार सदस्य) मात्र अक्सन मार्केटमा सहभागी हुन पाउँछन्। अक्सन मार्केट सञ्चालनका लागि स्टक एक्सचेन्जले निश्चित समय तोक्न सक्छ।

अक्सन मार्केटमा भएको कारोबारको राफसाफ 'टी प्लस एक' दिनभित्र गरिसक्नुपर्ने कार्यविधिमा उल्लेख छ। अक्सनमार्फत धितोपत्र खरिद गर्दा वास्तविक कारोबार मूल्यभन्दा बढीमा धितोपत्र खरिद गर्दा अपुग रकम ग्राहकले व्यहोर्नुपर्छ।

कुनै सेयरधनीले सेयर बिक्री गरेर ट्रान्सफर (इडिआइएस) नगरे पनि ब्रोकर कम्पनीले क्रेतालाई सेयर उपलब्ध गराउनुपर्छ। त्यस्तो अवस्थामा ब्रोकरले अक्सन मार्केटबाट सेयर खरिद गरी क्रेतालाई समयमै सेयर उपलब्ध गराउन सक्छन्।

तर, नेपालमा अक्सन मार्केट सञ्चालनमा नहुँदा ब्रोकर कम्पनीले क्रेताको डिम्याट खातामा सेयर पठाउन हप्तौं दिन लगाइरहेका छन्। त्यस्तो अवस्थामा ब्रोकरले अक्सन मार्केटबाट सेयर खरिद गरेर क्रेतालाई उपलब्ध गराउनुपर्छ। कुनै कम्पनीको सेयरधनीले हजार कित्ता सेयर बेच्यो, तर उसले सेयर ट्रान्सफर गरेन भने ब्रोकरले अक्सन मार्केटमा गएर सेयर खरिद गरेर सेटलमेन्ट गर्न सक्छ।

बजार खुल्ने समयभन्दा अगावै आवश्यक सेयरको संख्या र मूल्य खुलाई नेप्सेमा पेस गर्नुपर्छ भने खरिदकर्ताले पनि सोही प्रक्रियाअनुसार नेप्सेमा जानकारी गराउँछ। अक्सन मार्केटमा भएको कारोबारको राफसाफ कारोबार भएको भोलिपल्ट गरिनेछ।

क्षमताभन्दा बढी लोड बोकेपछि निगमका चालकसहित ६ जना निलम्बनमा

काठमाडौं/ नेपाल वायुसेवा निगमले ताप्लेजुङ-काठमाडौं उडानमा बढी लोड बोकेपछि नियमनकारी निकायले चालक दलसहित ६ जनालाई निलम्बन गरेको छ। सोमबार बिहान ताप्लेजुङबाट काठमाडौं उडेको ट्विनअटर जहाजको लोड सिटमा देखाइएको भन्दा ४८ किलो तौल बढी बोकेको भेटिएको हो।

लोड कम देखाउन एकजना पुरुष यात्रुलाई महिला भनी झुट्टो विवरण रेकर्ड गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता जगन्नाथ निरौलाले बताए। 'उक्त उडानमा जहाजमा ६ जना पुरुष र नौजना महिला गरी १५ यात्रु सवार थिए,' उनले भने, 'तर, लोड कम देखाउन पाँच पुरुष र १० महिला भनी रेकर्ड राखिएको छ।' साथै, जहाजमा ब्यागेजसमेत धेरै राखेको भेटिएको छ।

क्यानले ढाँटछल गरेर तोकिएभन्दा बढी लोड बोकेपछि निगमका चालकदल, उडान डिस्प्याचरदेखि ताप्लेजुङ विमानस्थलका ग्राउन्ड स्टाफसम्मलाई अनिश्चित कालसम्मका लागि निलम्बन गरेको हो। 'निलम्बल गरिएका पाइलट तथा कर्मचारी र निगमका जिम्मेवार व्यक्तिहरूको बयान लिएर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउनेछौं,' निरौलाले भने, 'नियामकले हवाई सुरक्षा बढाउन सतर्क बनाउने हो, कसैले पनि गल्ती गरे कारबाहीको भागिदार हुनुपर्छ।'

यस्तै, एयरबस ए३३० जहाजको दायाँतर्फ ककपिटको झ्याल रातभर खोलेको भन्दै क्यानले सोमबार निगमका दुई इन्जिनियरलाई अर्को सूचना नआएसम्मका लागि निलम्बन गरेको थियो। त्यसअघि दृश्यात्मक उडान (भिएफआर)मा बादलभित्र उडान गर्ने समिट एयरका दुईजना पाइलटलाई पनि निलम्बन गरेर छानबिन गरिरहेको छ।

पछिल्लो दुई-तीन महिनायता हवाई सुरक्षामा लापरबाही गर्ने धेरै पाइलट तथा इन्जिनियर निलम्बनमा परेका छन्। 'निलम्बनमा परेका पाइलट तथा इन्जिनियरको बयान लिएर हवाई सुरक्षामा सम्झौता नगर्न सतर्क गराई निलम्बन फुकुवा गर्ने गरेका छौं,' प्रवक्ता निरौलाले भने।

सब्नम बचत तथा ऋण सहकारी संस्था लि.को

धितो लिलाम सम्बन्धी ३ दिने अत्यन्त जरूरी सूचना

तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जाको सावाँ, ब्याज नतिरी भाकासमेत नाघेकोले पटक पटक लिखित तथा मौखिक ताकेता गर्दासमेत हालसम्म कर्जा तथा ब्याज चुक्ता नगर्नु भएकाले आफूले लिएको कर्जा तथा ब्याज र हर्जनासमेत यस संस्थाको कार्यालय गोंगबुमा उपस्थित भई चुक्ता गर्नु होला भनी यो ३५ दिने, १५ दिने, ७ दिने र ३ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा निजहरूले कुनै चासो नराखी कर्जा चुक्ता नगरेकोले पुनः यो ३ (**तिन**) दिने अन्तिम सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै ३ दिन भित्रमा पनि यस संस्थालाई कर्जाको सुरक्षावापत लेखिदिएको तपसिल बमोजिमको अचल सम्पति संस्थाको विनियम २०६७, सहकारी ऐन २०७४, तथा सहकारी नियमावली २०७५ ले दिएको अधिकारको प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुलउपर गर्ने व्यहोरा ऋणी सदस्य लगायत यस संस्थाको अभिलेखमा रहेका देहायका सबै धितो जमानी दिनुहुने व्यक्ति व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित अन्य सबैलाई जानकारी गराइन्छ। साथै निज ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानी कर्ताले तिन पुस्ते विवरणसहितको नाम सम्बन्धित निकायमा कालो सूचीमा समावेश गरिने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै राष्ट्रिय सहकारी बैंकको चलानी नं. १७०/०७६/०७७ को लिलाम गर्ने सहमती पत्रअनुसार लिलामको सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	ऋणीको फोटो	धितो रहेको अचल सम्पत्तिको विवरण
१	**नाम थर : तिल बहादुर थापा** बाबु : गुन बहादुर थापा बाजे : बाहादुर थापा ठेगाना : झडेवा-६, पाल्पा **नाम थर : यज्ञ प्रसाद थकाली** बाबु : बल बहादुर थकाली बाजे : छेपुर्वा थकाली ठेगाना : जोमसोम-३, मुस्ताङ दुई जनाको संयुक्तमा रहेको जग्गा	 	ऋणीको नाममा कायम रहेको काठमाडौं जिल्ला, इचंगुनारायण वडा नं.१ (हालः वडा नं.३) को कित्ता नं. १६, क्षेत्रफल ५५३.०० वर्गमिटर जग्गा। **व्यक्तिगत जमानीकर्ता** **नाम थर : लालमाया तामाङ -१** बाबु : हिरालाल तामाङ ठेगाना : सिरिसे -९, उदयपुर **नाम थर : देवीमाया धिमाल -१** बाबु : मन बहादुर धिमाल ठेगाना : डाँगीहार -१, मोरङ **नाम थर : गम्भिर लामा -१** बाबु : शुक्र बहादुर लामा ठेगानाः ककनी-१, नुवाकोट

लिलामीका शर्तहरूः

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुनआउने रकम नगद धरौटी उसै दिन संस्थामा दाखिला गर्नुपर्ने छ।
२. तोकिएको लिलामको दिन विदा परेमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम हुनेछ।
३. लिलाम बिक्री नभएको उल्लेखित घर जग्गाको स्वमित्व सहकारी नियमावली २०४९ को नियम २९ अनुसार संस्थाले आफूमा लिन सक्नेछ।
४. लिलाम बिक्री हुने दिन ऋणीको प्रतिनिधि उपस्थित नभए पनि लिलामी कार्य रोकिने छैन।
५. उल्लेखित धितो लिलामबाट संस्थाको लेना रकम असुलउपर नभएमा अन्य जायजेथाबाट असुलउपर गरिनेछ।

सब्नम बचत तथा ऋण सहकारी संस्था लि.
Sabnam Saving and Credit Co-operative Ltd.
गोंगबुचोक, लक्ष्मी बैंक नजिके, फोन नं.: ०१-५९०३५८४, ५९०३६८४, पो.ब.नं. ९८२८
बोधार्थः राष्ट्रिय सहकारी बैंक लिमिटेड, गोंगबु शाखा, काठमाडौं।

'आर्थिक र मौद्रिक नीतिबीच तालमेल नमिल्दा आर्थिक समस्या'

नयाँ पत्रिका
काठमाडौं, ७ चैत

सरकारको नीति र राष्ट्र बैंकको मौद्रिकी नीतिबीच तालमेल नहुँदा अर्थतन्त्रमा समस्या देखापरेको नेपाल उद्योग वाणिज्य महासंघले बताएको छ। महासंघले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूसँग देशको अर्थतन्त्रबारे गरेको छलफलमा व्यवसायीहरूले यस्तो बताएका हुन्।

रास्वपाको संसदीय दलका नेता डोलप्रसाद अर्याल नेतृत्वको टोलीलाई महासंघ अध्यक्ष शेखर गोल्छाले अर्थतन्त्र गम्भीर अवस्थामा पुग्नुका कारणबारे जानकारी दिँदै बाह्य क्षेत्रमा केही सुधार देखिए पनि अर्थतन्त्रको आन्तरिक स्वास्थ्य भने चिन्ताजनक रहेको बताएका थिए।

उनले कतिपय देशको तुलनामा विदेशी मुद्रा सञ्चिति, मुद्रास्फीति, आन्तरिक एवं बाह्य ऋणको अनुपातका हिसाबले नेपालको अर्थतन्त्र मजबुत देखिएको बताएका थिए। चर्को ब्याजदर, तरलता संकट, निर्माण क्षेत्रमा आएको सुस्ततालगायतका सूचकांकका कारण अर्थतन्त्रको स्वास्थ्य चिन्ताजनक नै रहेको उनको भनाइ थियो।

कोभिडलगत्तै 'ओभर हिटेड' भएको अर्थतन्त्रको सही विश्लेषण गरेर नीति लिनुपर्नेमा त्यसमा विचार नगरी अधिक



तरलता छोड्दा अहिलेको समस्या आएको अध्यक्ष गोल्छाले बताएका थिए। 'यसरी अर्थतन्त्रमा संकट आउँदा न हामीले पर्याप्त मात्रामा बाह्य लगानी ल्याउन सक्यौं, न त बाह्य ऋण नै। दल तथा सरकार वितरणमुखी भइदिँदा अर्थतन्त्रमा समस्या आएको हो,' गोल्छाले भने। पुँजीगत खर्च लक्ष्यअनुसार नहुँदा पनि अर्थतन्त्र चलायमान हुन नसकेको उनको आरोप थियो।

छलफलमा रास्वपाका संसदीय दलका नेता अर्यालले मुलुकको अर्थतन्त्र र उद्योग व्यवसायको मुद्दामाथि छलफल एवं अध्ययन गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने बताउँदै अर्थतन्त्रको इन्जिन निजी क्षेत्रको रहेको धारणा राखेका थिए।

छलफलमा महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन अपरिहार्य रहेको तथा अर्थतन्त्र, उद्योग-व्यवसायसम्बन्धी नीति-निर्माण गर्दा निजी क्षेत्रसँग पर्याप्त छलफलपश्चात् मात्र ल्याउने अभ्यास गर्नुपर्ने र मुलुक बनाउने कुरामा आफ्ना स्वार्थलाई छोडेर निर्णय गर्न सक्ने परिपाटी दलहरूमा बसाल्नुपर्ने सुझाव दिएका थिए।

उद्योगमा लगानी : ६२ वर्षमा २८ खर्ब

काठमाडौं/ करिब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करिब २८ खर्बबराबरको लगानी भएको पाइएको छ। उद्योग विभागले चालू आवको फागुन मसान्तसम्म विभिन्न क्षेत्रका उद्योगमा २७ खर्ब ८२ अर्ब रुपैयाँबराबरको लगानी प्रस्ताव भएको तथ्यांक सार्वजनिक गरेको हो।

आव ०१७/१८ देखि हालसम्म आठ हजार नौ सय ७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको विभागले जनाएको छ। हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ। यी उद्योगले ६ लाख ७० हजार दुई सय ५५ जनालाई रोजगारी उपलब्ध गराएको छ।

गजुरेलले जिते होन्डा टेक्निसियन स्किल कन्टेस्ट

नयाँ पत्रिका
काठमाडौं, ७ चैत

होन्डाले आफ्नो डिलर नेटवर्कमा कार्यरत टेक्निसियनहरूको सीप र दक्षता अभिवृद्धि गर्ने र बिक्रीपछिको सर्भिसको सेवास्तर उत्कृष्ट बनाउने उद्देश्यका साथ सञ्चालन गरेको होन्डा टेक्निसियन स्किल कन्टेस्ट २०२३ को प्रथम पुरस्कार बज्र अटो महाराजगन्जका केशव गजुरेलले जितेका छन्। कम्पनीले हरेक वर्ष सञ्चालन गर्ने टेक्निसियन स्किल कन्टेस्टमा यो वर्ष द्वितीय पुरस्कार एसटिसी पोखराका भ्रलेन्द्र इटानी र तृतीय पुरस्कार नौदेवी मोटर्स विराटनगरका विनोद शर्माले जितेका हुन्।

प्रतियोगितामा प्रथम हुनेले ३० हजार रुपैयाँ, दोस्रो हुनेले २० हजार रुपैयाँ र तेस्रो हुनेले १५ हजार रुपैयाँ प्राप्त गरेको कम्पनीले जनाएको छ। अन्य सहभागीले



पनि प्रमाणपत्र प्राप्त गरेको उल्लेख छ। होन्डाको नेपालका लागि आधिकारिक विक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालि सर्भिस डिभिजनको अगुवाइमा कार्यक्रम सञ्चालन भएको जनाइएको छ। यो प्रतियोगिताका लागि कम्पनीले विभिन्न पाँचवटा क्षेत्रीय प्रतियोगिता सम्पन्न गरी प्रत्येक क्षेत्रबाट दुई-दुईजना छनोट गरेको जनाएको छ। काठमाडौंबाट दुईजना, विराटनगरबाट दुईजना, जनकपुरबाट दुईजना, पोखराबाट दुईजना र भैरहवाबाट दुईजना प्रतियोगीहरू छनोट भइआएको कम्पनीले जनाएको छ। क्षेत्रीय प्रतियोगितामा छनोट भएका कुल १० जना होन्डाको ट्रेनिङ सेन्टर ग्वार्को ललितपुरमा राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भएको जनाइएको छ। प्रतियोगिता अवधिभर सहभागी टेक्निसियनहरू होन्डाको नियम तथा अनुशासन पालना गर्दै होन्डा स्ट्यान्डर्ड प्रोसिडुयरअन्तर्गत रहेर प्रतियोगितामा सहभागी भएको कम्पनीले जनाएको छ।

यसप्रकारको प्रतियोगिताबाट सहभागी टेक्निसियनहरूको कार्यदक्षता अभिवृद्धि हुनुका साथै आउँदो दिनमा अझै कार्यकुशलताका साथ अघि बढ्न उत्प्रेरणा मिल्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

मेन्छियाम हाइड्रोपावरको सेयर बाँडफाँट



नयाँ पत्रिका
काठमाडौं, ७ चैत

एनआइसी एसिया क्यापिटल लिमिटेडले आफ्नो निष्कासन तथा बिक्री प्रबन्धकत्वमा निष्कासन गरिएको मेन्छियाम हाइड्रोपावर लिमिटेडको सेयर बाँडफाँट गरेको छ। कम्पनीले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीलाई छुट्याइएको साधारण सेयर बाँडफाँट गरेको हो।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्रअनुसार एक लाख आठ हजार पाँच सय १७ कित्ता सेयरका लागि आवेदन खुला गरिएकोमा १८ हजार एक सय सातजना आवेदकबाट जम्मा चार लाख ९९ हजार सात सय ५० कित्ता सेयरका लागि आवेदन प्राप्त भएको जनाइएको छ।

जसमध्ये १६ हजार आठ सय सातजनाबाट चार लाख ३७ हजार नौ सय १० कित्ता सेयरको आवेदन रीतपूर्वक रहेको क्यापिटलले जनाएको छ। रीतपूर्वक प्राप्त आवेदनमध्येबाट गोलाप्रथाद्वारा १० कित्तादेखि एक हजार कित्ता सेयर आवेदन गर्ने १० हजार आठ सय ५१ जना आवेदकलाई १० कित्ताका दरले जम्मा एक लाख आठ हजार पाँच सय १० कित्ता सेयर बाँडफाँट गरिएको उल्लेख छ। बाँकी रहेको सात कित्ता सेयर २० कित्तादेखि माथि आवेदन गर्ने आवेदकहरूमध्ये सेयर पर्न सफल आवेदकहरूलाई पुनः गोलाप्रथाका माध्यमबाट थप एक कित्ता सेयरका दरले प्रदान गरिएको कम्पनीले जनाएको छ।

नबिल बैंकले निसान गाडी किन्न कर्जा दिने



नयाँ पत्रिका
काठमाडौं, ७ चैत

नबिल बैंकले नेपालका लागि आधिकारिक विक्रेता पायोनियर मोटो कर्प प्रालिले बिक्री गर्दै आएको गाडीमा कर्जा दिने भएको छ। निसान गाडीमा लगानी गर्नेसम्बन्धी दुई संस्थाबीच भएको सम्झौतामा बैंकका कर्पोरेट हेड चाँदनी श्रेष्ठ र पायोनियर मोटो कर्पका सहमहाप्रबन्धक ज्ञानेन्द्रबहादुर चन्दले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार निसानका गाडी खरिद गर्न चाहने ग्राहकले नबिल बैंकबाट सहजै कर्जा लिन सक्ने जनाइएको छ। निसानले उत्पादन गरेका गाडी खरिद गर्दा छिटो, छरितो र सहजताका साथ प्रतिस्पर्धी ब्याजदरमा सवारीसाधन कर्जा उपलब्ध गराउने बैंकले जनाएको छ।

यो सम्झौताले निसान गाडी खरिद गर्न चाहने ग्राहकलाई सुलभ र सहज वित्तीय सेवाहरू प्रदान गर्ने लक्ष्य राखेको उल्लेख छ। यो कर्जा योजना नबिल बैंकका सबै अर्थात् देशभर रहेका दुई सय ४८ वटै शाखाबाट उपलब्ध हुने जनाइएको छ। योजनाअनुसार विद्युतीय गाडीका लागि बेस रेटमा तीन दशमलव ५ प्रतिशतदेखि ५ प्रतिशतसम्म प्रिमियम जोडेर कर्जा प्रदान गर्ने बैंकले जनाएको छ। कर्जा अवधि सात वर्षको हुने र २० प्रतिशत डाउन पेमेन्टमै गाडी लिन सकिने कम्पनीले जनाएको छ। अहिले नबिल बैंकका देशभर रहेका दुई सय ४८ शाखाबाट नै कर्जा सुविधा ग्राहकले लिन सक्नेछन्।

मिडास टेक्नोलोजिजले बनायो धुलिखेल अस्पतालको मोबाइल एप

काठमाडौं/ आइएमई समूहअन्तर्गतको मिडास टेक्नोलोजिजसँगको सहकार्यमा धुलिखेल अस्पतालले आफ्नो मोबाइल एप सञ्चालनमा ल्याएको छ। अस्पतालले आउँदा दिनमा बिरामीले सजिलै र सुविधाजनक ढंगले अनलाइन अपोइन्टमेन्ट बुकिङ गर्न र त्यहाँबाट प्रयोगशाला रिपोर्टहरू प्राप्त गर्न सकून् भन्ने उद्देश्यले मोबाइल एप सञ्चालनमा ल्याएको हो।

यसले बिरामीलाई अस्पतालसम्म आइपुग्न र लामो लाइनमा उभिने झन्झट हटाउँदै धेरै समय बचत गराउने अस्पतालले जनाएको छ। साथै, यो एपमार्फत नेपाल सरकारको स्वास्थ्य बिमा बोर्डद्वारा प्रदान हुने स्वास्थ्य बिमाको सुविधा प्राप्त गर्न, निःशुल्क रूपमा अस्पताल टिकट बुक गर्न र आफ्नो बिमा जानकारी प्राप्त गर्नसमेत सकिने मिडास टेक्नोलोजिजले जनाएको छ। यो मोबाइल एप सञ्चालनमा ल्याउँदा बिरामीलाई उत्कृष्ट सेवा प्रदान गर्न र सेवाहरूमा थप सुधार गर्न सहयोग पुग्ने अस्पतालले विश्वास व्यक्त गरेको छ।

मिडासले विकास गरेको सूचना प्रविधिमा आधारित स्वास्थ्य सेवा सूचना प्रणाली एक सय ७० भन्दा बढी अस्पतालहरूले प्रयोगमा ल्याएको जनाइएको छ। सूचना प्रविधिको उपयोग बढाएर स्वास्थ्य सेवाको आधुनिकीकरण तथा सुधार गर्न 'मिडास टेक्नोलोजिज' अस्पतालहरूका लागि भरपर्दो साझेदार बनेको जनाइएको छ।

प्रोग्रेसिभ फाइनान्सको वित्तीय साक्षरता



काठमाडौं/ प्रोग्रेसिभ फाइनान्स लिमिटेडले पोखरामा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। फाइनान्सको पोखरा शाखाले सुन्दरमार्गको कान्तिपुर टुरिजम एन्ड होटेल म्यानेजमेन्ट कलेजका ११ र १२ का विद्यार्थीलाई लक्षित गरी कार्यक्रम गरेको हो।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा रहेकी नेपाल राष्ट्र बैंककी निर्देशक तथा गण्डकी प्रदेश प्रमुख आर्या जोशीले 'फाइनान्सियल लिटरेसी एन्ड ग्लोबल मनी विक २०२३ तथा यसको उद्देश्यका बारेमा प्रकाश पारेको जनाइएको छ। त्यस्तै, शाखा प्रमुख टंक ढकालले वित्तीय साक्षरता तथा फाइनान्सका विभिन्न सेवाहरूका सम्बन्धमा जानकारी गराएको फाइनान्सले जनाएको छ। कलेजमा अध्ययनरत ५५ जनाभन्दा बढी विद्यार्थीको सहभागिता रहेको उक्त कार्यक्रमबाट बैंकिङ एवं वित्तीय क्षेत्रका विभिन्न सेवा-सुविधाबारे सूचना प्राप्त गरी कार्यक्रम उपलब्धिमूलक रहेको सहभागीको प्रतिक्रिया थियो।

करका विषयमा राजस्व परामर्श समितिले सुझाव माग्यो

काठमाडौं/ राजस्व परामर्श समितिले आगामी आव ०८०/८१ को बजेटमा कर प्रशासन सुधारका लागि सुझाव माग गरेको छ। अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि गठन गरेको सो समितिले आज एक सूचना जारी गर्दै सुझाव माग गरेको हो।

सूचनामा आगामी आव ०८०/८१ को आर्थिक ऐन, तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं चुहावट नियन्त्रणलगायत समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा चैत २० गतेभित्र सुझाव उपलब्ध गराउन आग्रह गरिएको छ। समितिले विषयगत नौवटा उपसमितिलाई सुझाव पठाउन सकिने सूचनामा उल्लेख गरेको छ। जसमा आन्तरिक राजस्व उपसमिति, भन्सार उपसमिति, उद्योग वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमिति, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति, कृषि ऊर्जा तथा पर्यटन उपसमिति, बैंक वित्तीय संस्था बिमा सहकारी तथा पुँजी बजार उपसमिति, गैरकर उपसमिति, अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमिति, राजस्वसम्बन्धी ऐन-नियम प्रशासनिक सुधार उपसमिति छन्।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०७९/१२/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

बर्दिवास शाखा, महोत्तरी

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्रा.फ.र.नं. ७७४२/०६/०७८/०७९ अन्तर्गत मिति २०७८/०४/०४ मा दर्ता कायम भएको **चौधरी किराना एण्ड जेनरल स्टोर्स**
फर्म दर्ता ठेगाना : बर्दिवास न.पा.-१४, महोत्तरी, स्थायी लेखा नं. ३०३४५३२५५, मिति २०७८/०४/०४
प्रोप्राइटर तथा जमानतकर्ता : श्याम सुन्दर चौधरी
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, जलेश्वरमा प्रा.फ.नं. २६२७/१५/०६६/०६७ अन्तर्गत मिति २०६६/०४/२६ मा दर्ता कायम भएको **चन्दन टेन्ट हाउस एण्ड डेकोरेशन**
फर्म दर्ता ठेगाना : रामगोपाल -६, महोत्तरी, स्थायी लेखा नं. ३०३४५३२५५, मिति २०६६/०५/०३
प्रोप्राइटर तथा जमानतकर्ता : श्याम सुन्दर चौधरी
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

श्याम सुन्दर चौधरी ना.प्र.नं. ८००६२९०३ जारी मिति २०५३/०२/२१, जि.प्र.का. महोत्तरी बाबुको नाम : बिन्देश्वर चौधरी बाजेको नाम : बौये लाल चौधरी स्थायी ठेगाना : सहसौला -६, महोत्तरी	**रेनु देवी चौधरी** ना.प्र.नं. १८१०३६/९ जारी मिति २०६४/०२/०९, जि.प्र.का. महोत्तरी बाबुको नाम : शिवजी चौधरी पतिको नाम : श्याम सुन्दर चौधरी ससुराको नाम : बिन्देश्वर चौधरी स्थायी ठेगाना : सहसौला -६, महोत्तरी
ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
३. संगिता स्याङतान ना.प्र.नं. २०१०२६/११६ जारी मिति २०६८/०२/१०, जि.प्र.का. सिन्धुली बाबुको नाम : ज्ञान बहादुर स्याङतान पतिको नाम : कैलाश थापा ससुराको नाम : दल बहादुर थापा स्थायी ठेगाना : अमले -४, सिन्धुली **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**कैलाश थापा** ना.प्र.नं. २०१०२६/१८८ जारी मिति २०६९/०२/१७, जि.प्र.का. सिन्धुली बाबुको नाम : दल बहादुर थापा बाजेको नाम : रुद्र बहादुर थापा स्थायी ठेगाना : अमले -४, सिन्धुली

सिराहा शाखा, सिराहा

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. ५८४६/२०७३/०७४ अन्तर्गत मिति २०७३/०७/२५ मा दर्ता कायम भएको **सिद्धार्थ ट्रेडर्स**
फर्म दर्ता ठेगाना : नरहा -६, सिराहा
स्थायी लेखा नं. ६०५२६६९०२, मिति २०७३/०७/२६
प्रोप्राइटर : गुरु शरण यादव
ना.प्र.नं. ०८६२९५९/३०१७६, जारी मिति २०५८/०८/०४, जि.प्र.का. सिराहा
बाबुको नाम : राम असिस यादव
बाजेको नाम : दुखरण यादव
स्थायी ठेगाना : वर्छवा -८, सिराहा
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

राम आशिष यादव ना.प्र.नं. ०७६९११३३ जारी मिति २०३७/१२/०६, जि.प्र.का. सिराहा बाबुको नाम : दुखरण यादव बाजेको नाम : फेकु यादव स्थायी ठेगाना : वर्छवा -४, सिराहा हालको ठेगाना : वर्छवा -८, सिराहा	**निसा यादवनी** ना.प्र.नं. १५३०७१/२८६ जारी मिति २०६३/१०/२१, जि.प्र.का. सिराहा बाबुको नाम : मदन प्रसाद सिंह पतिको नाम : गुरु शरण यादव ससुराको नाम : राम असिस यादव स्थायी ठेगाना : वर्छवा -८, सिराहा

२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फ.र.नं. ४७९२/०७२/७३ अन्तर्गत मिति २०७२/१०/२१ मा दर्ता कायम भएको **दिपेश हार्डवेयर ट्रेडर्स**
फर्म दर्ता ठेगाना : नरहा -७, सिराहा
स्थायी लेखा नं. ६०३८७३३६८, मिति २०७२/१०/२४
प्रोप्राइटर : रंजित कुमार यादव
ना.प्र.नं. १५३०७१/४३०, जारी मिति २०६३/१०/२३, जि.प्र.का. सिराहा
बाबुको नाम : चन्देश्वर यादव
बाजेको नाम : गोसाई यादव
स्थायी ठेगाना : वर्छवा -९, सिराहा
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा

अन्जु कुमारी यादव ना.प्र.नं. ८२५४ जारी मिति २०६५/०५/०१, जि.प्र.का. सिराहा बाबुको नाम : चन्देश्वर यादव पतिको नाम : रंजित कुमार यादव ससुराको नाम : चन्देश्वर यादव स्थायी ठेगाना : गौरीपुर -२, सिराहा	**पुर्नी देवी यादव** ना.प्र.नं. ०८६९१२०० जारी मिति २०४४/१२/०५, जि.प्र.का. सिराहा बाबुको नाम : मनक यादव पतिको नाम : चन्देश्वर यादव ससुराको नाम : गोसाई यादव स्थायी ठेगाना : वर्छवा -९, सिराहा
चन्देश्वर यादव ना.प्र.नं. ०८६९११९९ जारी मिति २०३८/१२/०९, जि.प्र.का. सिराहा बाबुको नाम : गोसाई यादव बाजेको नाम : कुनाई यादव स्थायी ठेगाना : वर्छवा -४, सिराहा	**प्रदिप कुमार यादव** ना.प्र.नं. ६५१३/६३ जारी मिति २०६३/०२/१८, जि.प्र.का. सिराहा बाबुको नाम : चन्देश्वर यादव बाजेको नाम : गोसाई यादव स्थायी ठेगाना : वर्छवा -९, सिराहा

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
राम बहादुर भूजेल ना.प्र.नं. ७९६ जारी मिति २०५४/७/१३, जि.प्र.का. ओखलढुङ्गा बाबुको नाम : सेत बहादुर भूजेल बाजेको नाम : अम्मर बहादुर भूजेल स्थायी ठेगाना : कालिका -२, ओखलढुङ्गा हालको ठेगाना : का.म.न.पा-१०, काठमाण्डौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**तेज कुमारी भूजेल** ना.प्र.नं. ५४७४१/१०३ जारी मिति २०६०/१०/८, जि.प्र.का. ओखलढुङ्गा बाबुको नाम : भीम बहादुर भूजेल पतिको नाम : राम बहादुर भूजेल ससुराको नाम : सेत बहादुर भूजेल स्थायी ठेगाना : कालिकादेवी -२, ओखलढुङ्गा हालको ठेगाना : का.म.न.पा -१०, काठमाण्डौं

संस्थागत जमानीकर्ताको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १७७६७१/०७४/०७५ अन्तर्गत मिति २०७४/०७/२१ मा दर्ता कायम रहेको **अन्नपूर्ण सार्वजनिक यातायात सेवा प्रा.लि.**
फर्म दर्ता ठेगाना : काठमाण्डौं म.न.पा. वडा नं. ३२, काठमाण्डौं
स्थायी लेखा नं. ६०६८५७७८१ मिति : २०७४/०७/२३
संचालकहरु : तोयानाथ पोखेल, कुमार सेढाई र पुरुषोतम बस्नेत

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड

(मर्जर पश्चात्) को नामबाट
एकिकृत जीवन बीमा सेवा कारोबार सञ्चालन गर्ने
सम्बन्धी सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मिति : २०७५/१२/०७

श्री नेपाल बीमा प्राधिकरणबाट जीवन बीमा व्यवसाय सेवा प्रदान गर्न ईजाजत प्राप्त कम्पनीहरु हाल काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं.१, कमलादीमा प्रधान कार्यालय रहेको सानिमा लाईफ इन्स्योरेन्स लिमिटेड (गाभ्ने संस्था) र काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १०, नयाँ बानेश्वरमा प्रधान कार्यालय रहेको रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड (गाभिने संस्था) दुबै कम्पनीहरुको मिति २०७९।११।१२ गते सम्पन्न वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव तथा नेपाल बीमा प्राधिकरणबाट मिति २०७९।११।१८ गते प्राप्त अन्तिम स्वीकृति पत्र र सोहि सन्दर्भमा मिति २०७९।११।२९ गते नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौबाट गाभ्ने र गाभिने कम्पनीको गाभ्ने, गाभिने (Merger) हुने अन्तिम दिन सम्म कायम रहने सम्पुर्ण सम्पत्ति र दायित्वहरु नयाँ बन्ने कम्पनी सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडले सकार्ने गरि प्राप्त स्वीकृति पत्र बमोजिम संयुक्त मर्जर सार्मातको मिति २०७९।१२।०५ गतेको निर्णयले मर्जर पश्चात् सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको नामबाट रजिष्टर्ड तथा प्रधान कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १०, नयाँ बानेश्वरमा रहने गरी मिति २०७९।१२।०९ गते विहीवार देखि जीवन बीमा सेवाको एकिकृत कारोवार सञ्चालन गरिने व्यहोरा दुबै कम्पनीका समस्त ग्राहक वर्ग, अभिकर्ता, सर्भेयर, शेयरधनी महानुभाव, नियमनकारी निकाय तथा सम्पुर्ण सरोकारवालाहरुमा यसै सूचनाबाट जानकारी गराइन्छ।

SanimaLifeInsurance
निश्चिन्त भवः
सानिमा लाईफ इन्स्योरेन्स लिमिटेड
कमलादी १, काठमाण्डौं
फोन. ०१-४५३८८८६

RELYANCE LIFE INSURANCE
खुलेर जिओ
रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड
नयाँ बानेश्वर १०, काठमाण्डौं फोन.
०१-५९७०४००

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, बिदुर न.पा.-४ बट्टार, नुवाकोट, नेपाल, फोनः ९७७-१०-५६१७४७/४८
सम्पर्क कार्यालय, सितापाइला, काठमाडौं, फोनः ५३१५९३६/३७
इमेल : meromicrofinance@gmail.com, वेभसाईटः www.meromicrofinance.com

संस्थापक शेयर खरिद गर्न चाहनु हुने सावीकका संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना

यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिल बमोजिमको संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्ने इच्छा राखी निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रकृया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरि लिन इच्छुक हाल कायम यस लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था रहेकोले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावलाई लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात संलग्न गरि **श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं**मा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरि लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति तथा संस्थाहरुलाई बिक्री गर्ने सम्बन्धी आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	बिक्रीकर्ता संस्थापकको नाम	बिक्री गर्न चाहेको शेयर संख्या	न्यूनतम बिक्री मूल्य प्रति शेयर
१.	श्री एन आई सी बैंक लिमिटेड	२३,१४०	रु.२००/-

मनमोहन मेमोरियल बचत तथा ऋण सहकारी संस्था लि.

स्वयम्भु , काठमाण्डौ

१५औं बार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री मनमोहन मेमोरियलबचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७९/११/२७ गतेको सञ्चालक समितिको निर्णय अनुसार देहायको मिति, स्थान र समयमा साधारण सभा आयोजना गरिएकोले सम्पुर्ण शेयर सदस्यहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछौं।

साधारण सभा हुने मिति, स्थान र समय

मिति : २०७९ चैत्र २५ गते शनिवार
स्थान : मनमोहन मेमोरियल शिक्षण अस्पताल प्राङ्गण
समय : बिहान १०:०० बजे

छलफलका विषयहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षको बार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत, छलफल तथा पारीत सम्बन्धमा।
४ आव ०७९/०८० को निमित्त अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा।
५. आव ०७९/०८० संस्थाको लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति तथा निजको पारीश्रमिक सम्बन्धमा।
६. विधान संसोधन सम्बन्धमा।
७. निर्वाचन मार्फत नयाँ कार्य समिति चयन सम्बन्धमा।
८. संस्थाको लागि आवश्यक पर्ने कार्यविधि तयार गर्न अख्तियारी दिने सम्बन्धमा।
९. साधारण सभाले पारित गरेका निर्णय प्रमाणित गर्न प्रतिनीधि चयन सम्बन्धमा।
१०.विविध।

इन्द्र प्रसाद सिम्खडा
अध्यक्ष

दुई दशकदेखि...

पृष्ठ १ बाट क्रमशः

चेन्जिङ रुमलगायत संरचना बनाउन बाँकी छ। त्यस्तै, रंगशालाको पश्चिमतर्फ बाटो निर्माण र पार्किङ व्यवस्थापनको कार्य पनि बाँकी नै छ। पहिलो चरणअन्तर्गत मैदान सम्याउने र तीनवटा प्यारापिट ब्लक निर्माण गर्ने काम भने भइसकेको छ।

दुई चरणमा गरी रंगशाला निर्माणका लागि सरकारले भ्याटबाहेक २८ करोड बजेट व्यवस्था गरेको छ। पहिलो चरणको ठेक्कामा १७ करोड खर्च भएको थियो। दोस्रो चरणमा नौ करोड सकिएको छ। दोस्रो चरणअन्तर्गत तल्लो रंगशालामा छेउछाउमा पिच गर्ने, दुबो रोप्नेजस्ता काम भइरहेका छन्।

सरकारले स्थानीयवासी र स्थानीय सरकारसँग समन्वय गर्दा ढिलाइ भएको कागेश्वरी-मनोहरा- ६ का वडाध्यक्ष प्रकाश फुँयालले बताए। 'रंगशाला निर्माणमा केन्द्रीय सरकारको लापरबाही देखिएको छ, कम्तीमा स्थानीय र स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्नुपर्थ्यो,' उनले भने, 'त्यसैले समयमै सम्पन्न भएन।'

खेलकुद मन्त्रालयका सूचना अधिकारी लवराज जोशीले भने रंगशाला निर्माण गरेर व्यवस्थित तरिकारले सञ्चालन गर्ने जिम्मा परिषद्को रहेको बताए। 'उहाँहरूले लामो समयसम्म पनि रंगशाला निर्माण गर्नुभएको छैन, यसमा मन्त्रालयले निगरानी गरिरहेको छ,' उनले भने, 'हामीले ठेकेदारलाई पनि समयमै काम सक्न निर्देशन दिएका छौं।'

आयोजनाका नाममा दुई सय ९४ रोपनी ११ आना दुई दाम जग्गा छ। यो क्षेत्रफलमा दुई रंगशाला बन्दै छन्। माथिल्लो भागमा रहेको दुई हजार चार सय मिनी क्षमताको स्टेडियम भने तयार भइसकेको छ।

आइसिसीको आर्थिक सहयोगमा ०६८ मा निर्माण सुरु गरिएको माथिल्लो रंगशाला चार करोड लागतमा दुई वर्षअघि निर्माण सकिएको हो, जहाँ टुर्नामेन्टहरू पनि चलिरहेका छन्। यहाँ क्यानको भवन समेत बनिसकेको छ।

ढिलाइ गर्ने ठेकेदारकै बचाउमा खेलकुद परिषद्

विगतमा १३ घरले क्षतिपूर्ति नपाएको भन्दै रंगशाला निर्माणमा विरोध गरेका थिए। तर, खेलकुद परिषद्ले हाल उक्त विवाद टुंगिएको बताएको छ। यद्यपि, निर्माणमा ढिलाइ गरिरहेको ठेकेदारकै पक्षमा खेलकुद परिषद् छ। पहिलो चरणमा तीनपटक म्याद थपेर काम सकेको ठेकेदार कम्पनीलाई नै दोस्रो चरणको पनि ठेक्का दिएको परिषद्ले कोरोना, आर्थिक अभाव, भूकम्पजस्ता कारणले समयमा काम नसकिएको तर्क गरेको छ।

'कोभिड, आर्थिक अभाव र भूकम्पजस्ता कारणले रंगशाला निर्माणको काममा अवरोध भएको हो, अहिले ठेकेदारले तीव्र गतिमा काम गरिरहेको छ। आगामी असारम्म सकिन्छ,' परिषद्का इन्जिनियर प्रभाव बरालले भने, 'आर्थिक समस्याकै कारणले एकै ठेकेदार कम्पनीलाई दुईपटक ठेक्का लगाउनुपरेको हो।' सरकारले बजेट निकासामा ढिलाइ गर्दा ठेक्का प्रक्रिया ढिला भएको उनको दाबी छ।

सधैं विवादमा क्यान

घरेलु क्रिकेटको विकास लागि देशभित्र र अन्तर्राष्ट्रिय मञ्चमा पहल र लबिङ गर्ने दायित्व बोकेको संस्था नेपाल क्रिकेट संघ (क्यान) निरन्तर विवादमा पर्ने गरेको छ। विवादकै कारण १३ वैशाख ०७३ मा क्यानमाथि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले प्रतिबन्ध लगाएको थियो। क्यानले समयमै अडिट रिपोर्ट नबुझाएको, सरकारी हस्तक्षेप भएको, आन्तरिक विवाद बढेकोलगायत कारण देखाउँदै आइसिसीले प्रतिबन्ध लगाएको थियो। प्रतिबन्धित अवस्थामा नेपाली टोलीले आइसिसीकै व्यवस्थापनमा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको थियो।

निलम्बनकै बीच ११ असोज ०७६ मा क्यानको नयाँ नेतृत्व चयन भयो, चतुरबहादुर चन्दले नेतृत्व सम्हाले। लगत्तै २७ असोज ०७६ मा आइसिसीको बोर्ड बैठकले क्यानमाथिको प्रतिबन्ध ससर्त फुकुवा गर्ने निर्णय गऱ्यो। नयाँ नेतृत्व आएपछि पनि क्यानको अन्तरिक विवाद भने यथावत् नै छ। गत वर्ष तत्कालीन कप्तान ज्ञानेन्द्र मल्ल र उपकप्तान दीपेन्द्रसिंह ऐरीले खेलाडी वर्गीकरणमा क्यानले वैज्ञानिक ढाँचा नअपनाएको भन्दै विरोध जनाए। दुवै खेलाडी क्यानको निलम्बनमा परे। खेलाडीमाथि कारबाही गर्दा पनि क्यान विभाजित भयो। मल्लको स्थानमा सन्दीप लामिछानेलाई नयाँ कप्तान बनाइयो।

दुई महिनाअघि क्यान आफैंले आयोजना गरेको नेपाल टी-२० क्रिकेट झन् विवादमा पऱ्यो। दश वर्षका लागि भारतीय कम्पनी सेभेन श्री स्पोर्टसलाई नै नेपाल टी-२० लिग आयोजना गर्ने अधिकार क्यानले दियो। प्रस्तावित सम्झौताअनुसार सेभेन श्री स्पोर्टस्ले चरणबद्ध रूपमा क्यानलाई १० वर्षभित्र ४२ करोड नेपाली रुपैयाँ दिने भनिएको थियो। तर, भारतीय कम्पनीले बाचाअनुसार नेपाल टी-२० लिगलाई सफलतापूर्वक सञ्चालन गर्न सकेन। बरु, प्रतियोगितामा फिक्सिङ भएको प्रमाणित भयो। जसमा आइसिसी, सिबिआई तथा राष्ट्रिय खेलकुद परिषद्ले अनुसन्धान गरेका थिए। भारतीय कम्पनीले नेपाल टी-२० लिगलाई विवादास्पद बनाएर बीचमै छाडेर गयो। भारतमा समेत विवादित रहेको कम्पनीले नेपाली खेलाडीलाई शतप्रतिशत पारिश्रमिक पनि दिएन।

जिल्ला-जिल्लामा अलपत्र क्रिकेट रंगशाला

बैतडीमा **लोकेश साउद**, भैरहवामा **दीपेश पछाई**, पोखरामा **रोहितराज पराजुली**, विराटनगरमा **गणेश लम्साल**, धनगढीमा **तेजराज भट्ट**, मकवानपुरमा **पोष्टराज अधिकारी**, इटहरीमा **आरबी कटवाल**, बाँकेमा **विश्वराज पछ्लडङ्गा**, सुर्खेतमा **रमेश रावल**

०७१ मा निर्माण थालिएको बैतडीको रंगशाला पनि अलपत्र

आठ वर्षअघि निर्माण थालिएको बैतडीस्थित सुन्दरखाली क्रिकेट रंगशाला पनि अलपत्र छ। ०७१ मा राष्ट्रिय खेलकुद परिषद्ले ११ करोड लागतमा निर्माण सुरु गरेको थियो। तर, मैदान कटिङको काम पूरा हुन नपाउँदै विवाद भयो।

पहिलो ठेक्काको बिल उठाउने वेला ठेकेदार कम्पनी चन्द्रा एन्ड वसन्त कन्स्ट्रक्सन र राखेपबीच विवाद भएपछि थप काम अगाडि बढ्न सकेन्। एक वर्षको अवधिमा एक करोड १९ लाखको काम भए पनि परिषद्ले ३० लाख भुक्तानी रोकेपछि काम गर्न बन्द गरिएको चिन्द्रा कन्स्ट्रक्सनका इन्जिनियर गोविन्द केसीले बताए। तर, राखेपले भने मूल्यांकनका आधारमा भुक्तानी गरेको दाबी गरेको छ।

पहिलो चरणमा मैदान सम्याउने काममै विवाद भएपछि राखेपले नयाँ टेन्डर आह्वान गरेन। त्यसको दुई वर्षपछि ०७३ कात्तिकमा पुनः डिपिआर गर्ने भन्दै प्राविधिक टोली बैतडी पुगे पनि कुनै काम अगाडि बढेको छैन। रंगशालामा ५५ गेजभन्दा बढीको खेलमैदान, ड्रेसिङ रुम, पेभेलियन, प्रशासकीय भवन, जिम हल र प्राक्टिस हल हुने भनिएको थियो।

रुपन्देहीमा अन्तर्राष्ट्रिय स्तरका दुई क्रिकेट रंगशाला निर्माण कछुवा गतिमा

रुपन्देहीमा बनाउने भनिएका दुईवटा क्रिकेट रंगशालाको काम पनि सुस्त छ। सिद्धार्थनगर नगरपालिकामा रहेको रंगशालाको काम कछुवा गतिमा छ भने सैनामैनामा क्रिकेट मैदानका लागि बल्ल गुरुयोजना बनाउने काम थालिएको छ।

सिद्धार्थनगरमा ३८ करोड लगानीमा सात हजार दर्शक अट्ने रंगशाला निर्माण गर्न ०७५ मा गुरुयोजना बनेको थियो। तर, अहिलेसम्म एउटा मैदान र एउटा प्यारापिट मात्र बनेको छ। ०७६ मा चार करोड, ०७७ मा एक करोड, ०७८ मा ५० लाख र ०७९ मा एक करोड ५० लाख बजेट विनियोजन भएको क्रिकेट संघका केन्द्रीय सदस्य प्रशान्तविक्रम मल्लले बताए।

गत शनिबार रुपन्देही सुपर लिग क्रिकेटको समापनमा नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्दले सिद्धार्थ रंगशालालाई काडमाडौंको वैकल्पिक खेल मैदानका रूपमा विकास गर्ने बताएका थिए। क्रिकेट संघ रुपन्देहीका अध्यक्ष हरिबहादुर थापाका अनुसार ०७५ को गुरुयोजनाअनुसार काम अघि बढे पनि बजेट अभावका कारण गति लिन नसकेको हो।

पोखरामा डिपिआर बनेको ६ वर्ष बित्दा पनि काम भएन

संघीय सरकारको स्वामित्वमा रहेको पोखरा रंगशालाभित्र क्रिकेट मैदान छ। तर, मैदानमा पिच र शौचालयबाहेक अन्य आवश्यक भौतिक संरचना भने छैन। खेल अवधिका लागि अस्थायी संरचना बनाएर यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता भने हुँदै आएका छन्। राष्ट्रिय खेलकुद परिषद्ले मैदानमा एक अर्ब ६३ करोड लागतमा क्रिकेट स्टेडियम बनाउन ०७३ मै डिपिआर तयार पारेको थियो। तर, डिपिआर बनेको ६ वर्ष बित्न लाग्दासमेत स्टेडियम बन्ने-नबन्ने टुंगो छैन।

चालू आर्थिक वर्षमा सो मैदानका लागि संघीय सरकारले दुई करोड विनियोजन गरेको छ। सो रकमबाट भिआइपी ब्लकको एउटा खण्ड तयार गर्नका लागि राखेपले टेन्डर आह्वान गरेको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका इन्जिनियर अनिल अधिकारीले बताए।

कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले मैदानमा तत्काल अन्य केही संरचना तयार गर्न नसके पनि काठमाडौंको त्रिवि मैदानमा भएजति संरचना बनाउन आवश्यक रहेको बताए। एक अर्ब ६३ करोडको रंगशाला बनाउन डिपिआर तयार गर्ने, तर रकम दुई करोड मात्र विनियोजन हुँदा काम गर्न नसकिएको उनको भनाइ छ।

बैजनाथपुर क्रिकेट रंगशालालाई स्पोर्टस् कम्प्लेक्स बनाउने चुनावी मुद्दा मात्र

मोरङको विराटनगर महानगरपालिका- १९ स्थित बैजनाथपुर क्रिकेट रंगशालालाई स्पोर्टस् रंगशाला बनाउने चुनावी मुद्दामा सीमित बनेको छ। प्रदेशदेखि प्रतिनिधिसभा सदस्य निर्वाचनमा दलका उम्मेदवारले बैजनाथपुर क्रिकेट रंगशालालाई स्पोर्टस् कम्प्लेक्सका रूपमा विकास गर्ने प्रतिबद्धता जनाउनुबाहेक काम अगाडि बढेको छैन।

०५७ मा सरकारले ८५ लाखमा १५ बिघा जग्गा खरिद गरेर प्रदेशस्तरीय क्रिकेट रंगशाला निर्माण थालेको थियो। तर, हालसम्म त्रिकेट मैदानको सामान्य घेरबार र एउटा दर्शक प्यारापिट बनाउने काम मात्र भएको छ। रंगशालमा अझै प्यारापिट र पेभिलियन निर्माण गर्न बाँकी छ।

बैजनाथपुर क्रिकेट रंगशाला निर्माणका लागि संरक्षणकर्ता तोकिएका शिरीष रिजाल बजेट अभावमा क्रिकेट मैदानको स्तरोन्नति हुन नसकेको बताउँछन्। पेभिलियनका लागि जग खडा गरे पनि बजेट अभावमा काम अगाडि बढेको छैन।

फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला

धनगढीको फाप्लामा साढे ३८ बिघा क्षेत्रफलमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्राम निर्माणको घोषणा गरिए पनि डिपिआर निर्माणको कामसमेत अगाडि बढ्न सकेको छैन। सुवास शाहीको अध्यक्षतामा पूर्वाधार निर्माण विकास समिति पनि गठन भएको छ। तर, बजेट नपाउँदा डिपिआर निर्माणको प्रक्रिया नै अगाडि बढेको छैन।

'सरकारले रंगशाला निर्माण हुनुपर्ने माग सम्बोधन त गऱ्यो, तर डिपिआरका लागि पनि बजेट आएको छैन,' शाहीले भने, 'देशको आर्थिक अवस्था कमजोर भएकाले पनि यस वर्ष बजेट नआएको बुझेका छौं। आगामी वर्ष आउला।' डिपिआरका लागि करिब २० करोड आवश्यक पर्ने समितिको अनुमान छ।

रंगशाला निर्माणका लागि करिब १५ अर्ब लागत आकलन गरिएको छ। जहाँ ७० हजार दर्शक क्षमता हुनेछ। क्रिकेट, फुटबल, करातेसहित सातवटा खेल खेल्न मिल्ने रंगशाला बनाउने योजना छ। सुदूरपश्चिम सरकारले आर्थिक वर्ष ०७६/७७ देखि हरेक वर्ष बजेट विनियोजन गर्दै आए पनि संघीय सरकारले गत २६ वैशाखमा मात्र अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउने घोषणा गरेको थियो। दशकअघि नै 'ड्रिम फाप्ला' अभियान घोषणा गरिएको थियो। रंगशाला निर्माणका लागि सरकारले फाप्लामा साढे ३८ बिघा जग्गा भोगाधिकार दिने निर्णय पनि गरिसकेको छ।

तत्कालीन युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराज र मन्त्रालयका सचिव दामोदर रेग्मीसमेतको सहभागितामा गत २९ असारमा धनगढीमा बसेको पूर्वाधार निर्माण विकास समितिको बैठकले डिपिआर निर्माणको काम तत्काल अगाडि बढाउने र त्यसका लागि सरकारसँग आवश्यक बजेट माग गर्ने निर्णय गरेको थियो। तर, सरकारी प्राथमिकतामा नपर्दा डिपिआरका लागि बजेट विनियोजन भएन।

नेपाल क्रिकेट संघका प्रदेश अध्यक्ष हरि रेग्मीले सरकारी प्राथमिकतामा नपर्दा रंगशाला र खेलग्राम निर्माणका प्रारम्भिक काम अगाडि बढ्न नसकेको बताए। 'एक वर्षसम्म रंगशाला र खेलग्राम कस्तो बन्छ भन्ने नै यकिन छैन। छिट्टै बन्ला भन्ने हामीलाई विश्वास पनि छैन,' रेग्मीले भने, 'अहिलेकै गतिमा काम हुने हो भने २० वर्ष लाग्छ।'

हेटौंडाम डिपिआर तयार

हेटौंडामा पनि क्रिकेट रंगशाला बनाउन डिपिआर तयार छ। तर, निर्माण कार्य अलपत्र छ। हेटौंडा उपमहानगरपालिका- ६ गौरीटारमा निर्माणाधीन केन्द्रीय खेलकुद प्रतिष्ठानभित्रै क्रिकेट रंगशाला पनि बनाउने योजना छ।

गौरीटार क्रिकेट रंगशालाको डिपिआर तयार भएको बागमती प्रदेश खेलकुद परिषद्का सदस्यसचिव सूर्य भण्डारीले बताए। २३ बिघा क्षेत्रफलमा क्रिकेट रंगशाला निर्माणका लागि ८० करोडको लागत अनुमान गरिएको उनले बताए।

प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत निर्माण हुने क्रिकेट रंगशालाका लागि आगामी वर्षको बजेटबाट रकम छुट्टिने र टेन्डर निकालेर साउनबाटै काम सुरु गर्ने सदस्यसचिव भण्डारीको दाबी छ। 'स्मार्ट इन्जिनियरिङ एन्ड डिजाइन सलुसन प्रालिले तयार पारेको रंगशालाको विस्तृत परियोजना प्रतिवेदन प्रदेश सरकारलाई बुझाइसकेका छौं। सरकारले सोहीअनुसार बहुवर्षीय योजनाअन्तर्गत आगामी बजेटबाट रकम छुट्याउने सहमति भएको छ,' उनले भने। भण्डारीका अनुसार रंगशालामा २५ हजार दर्शक क्षमताका चारवटा प्यारापिट बन्नेछन् भने मैदानमा तीनवटा पिच, भिभिआइपी र भिआइपी कक्ष, प्लेयर बक्स, चेन्जिङ रुम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपांगमैत्री क्षेत्र, पार्किङलगायत संरचना बन्नेछन्।

गौरीटार केन्द्रीय खेलकुद प्रतिष्ठान रंगशालाभित्र क्रिकेट रंगशालासँगै फुटबल स्टेडियम, स्विमिङ पुल, एथ्लेटिक्स, कभर्ड हललगायतका संरचना निर्माण कार्य भइरहेका छन्।

धरानमा मैदान कि पार्कमा विवाद

सुनसरीको धरानमा निर्माणाधीन क्रिकेट रंगशालाले गति लिन सकेको छैन। धरान उपमहानगरपालिका- १५ स्थित बाफ्गरा सामुदायिक वन क्षेत्रमा भक्तराज कन्दङ्वा क्रिकेट मैदानको बल्ल डिपिआर बनेको छ।

एक दशकअघि स्थानीयले सुरु गरेको भक्तराज कन्दङ्वा क्रिकेट मैदान निर्माणको काम कोसी सरकारले ७० लाख विनियोजन गरेर थालेको थियो। तर, पछिल्लोपटक प्रदेश सरकारले बजेट विनियोजन गर्न नै छाडेको छ। धरान उपमहानगरपालिकाका वरिष्ठ इन्जिनियर सुरज श्रेष्ठका अनुसार खेलमैदानमा तारजालीले घेरबार, ड्रेन निर्माणलगायत काम मात्र भएको छ। आगामी आर्थिक वर्षमा प्रदेशसँग बजेट माग गर्ने वा नगर सभाबाटै बजेट विनियोजन गर्ने योजना रहेको उनले सुनाए।

गत मंसिरमा इटहरी नगरपालिकाले जनता पार्क बनाउने भन्दै ठेक्का लगाएपछि विवाद बढेको छ। मैदानको अगाडि पार्कको बोर्ड लगाइएको छ। हाल जिल्ला क्रिकेट संघ, क्रिकेटका सरोकारवालाको अनुरोधपछि क्रिकेट मैदान अन्यत्र नबनुन्जेलसम्म आंशिक पार्क बनाउन सहमत भएको छ। क्रिकेट संघ सुनसरीका अध्यक्ष सिपी पौडेलका अनुसार अन्यत्र क्रिकेट मैदान नबनुन्जेल सो मैदानलाई नै क्रिकेटका लागि उपयोग गर्ने र आंशिक पार्कको काम हुनेछ। उपहानगरले जनता पार्क बनाउन ०७८ पुसमा ठेक्का लगाएको थियो। तर, ०८० असारमा सक्नुपर्ने काम अझै अगाडि बढेको छैन।

कोहलपुरमा क्रिकेट मैदानका लागि दुई करोड विनियोजन, तर अझै टेन्डर भएन

बाँकेको कोहलपुरमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान बनाउन खेलकुद मन्त्रालयले दुई करोड विनियोजन गरेको छ। चालू आर्थिक वर्ष ०७९/८० को आठ महिना बित्दा पनि टेन्डर नै आह्वान हुन सकेको छैन। चार बिघा १९ कट्ठामा क्रिकेट मैदान बनाउने भनिए पनि हरेक वर्ष बजेट फ्रिज हुने गरेको छ। जिल्ला खेलकुद विकास समिति बाँकेका उपाध्यक्ष चेतकान्त भट्टराई भने बजेट विनियोजन भएको जानकारीमा आए पनि संचरना निर्माणका लागि कुनै समन्वय नभएको बताए।

संघबाट विनियोजन भएको रकमबाट काम हुने सम्भावना नदेखेपछि कोहलपुर नगरपालिकाले राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न क्रिकेट मैदानमा पिच बनाउन थालेको छ। आठौं राष्ट्रिय प्रतियोगिताका लागि निर्माण भएको पिच भत्काएर अर्को बनाउन थालेको मेयर पूर्णप्रसाद आचार्यले बताए। क्यानले राष्ट्रियस्तरको प्रतियोगिता कोहलपुर क्रिकेट मैदानमा गर्ने आश्वासन दिएपछि त्यसका लागि बजेट विनियोजन गरेको उनले बताए। 'क्यानले यस आर्थिक वर्षमा छात्र या छात्रा क्रिकेट राष्ट्रिय प्रतियोगिता गर्ने आश्वासन दिएको छ। त्यसका लागि ३० लाख विनियोजन गरेका छौं। उक्त रकममध्ये १० लाखमा पिच बनाउँदै छौं,' उनले भने।

कर्णालीमा क्रिकेटको एउटै रंगशाला छैन, बल्ल जग्गा खोज्न समिति गठन

क्रिकेट रंगशाला नभएको कर्णाली प्रदेशमा बल्ल जग्गा खोज्नका लागि समिति गठन गरिएको छ। सातै प्रदेशमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने सरकारी योजनाअनुसार कर्णाली प्रदेश खेलकुद समितिले अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका लागि जग्गा खोज्न थालेको हो।

जग्गा खोज्न समिति गठन गरिएको कर्णाली खेलकुद विकास समितिका सदस्यसचिव विश्वामित्र सन्ज्यालले बताए। 'हाम्रो आफ्नै जग्गा छैन, जग्गा खोज्न समिति बनाएका छौं,' उनले भने, 'एक महिनाभित्र जग्गा खोजेर प्रतिवेदन बुझाउन भनिएको छ। त्यसपछि रंगशाला निर्माणको टुंगो लाग्छ।' कर्णालीमा क्रिकेटका लागि हाल एउटा सामान्य रंगशाला रहेको त्यसैलाई प्रयोग गरिरहेको उनले बताए। 'जग्गा नभएकाले रंगशाला बनाउने पहल नै हुन सकेको छैन,' उनले भने, 'जग्गा नभएपछि बजेट हुने कुरै भएन।'

अभियानकर्ताले...

पृष्ठ १ बाट क्रमशः

३० हजार दर्शक क्षमताको रंगशाला खण्डहर बन्दै गएको छ। प्यारापिटका लागि तयार गरिएका पिलरका फलामे छडमा खिया लागेको छ। केही रड भुइँमा लतारिएका छन्। प्यारापिटका लागि भुइँमा राखिएका रड पनि काम नलाग्ने भएका छन्। मैदान झाडीमा बदलिएको छ। घामपानीले संरचना बिग्रिएका छन्। निर्माणस्थलनजिकै रहेको नमुना रंगशालाको अवस्था पनि बिजोग छ। फाउन्डेसनले रंगशालाका लागि उधारोमा किनेका सामग्रीको १८ करोडभन्दा बढी रकम तिर्न बाँकी छ।

कोरोनाका कारण आर्थिक स्रोत जुटाउन नसकेको भन्दै फाउन्डेसनले निर्माणकै क्रममा सम्झौताअनुसार भरतपुर महानगरपालिकालाई २ पुसमा स्वामित्व हस्तान्तरणका लागि पत्राचार गरेको थियो। महानगरले केन्द्र सरकारबाट सञ्चालन होस् भनेर संघीय मामिला मन्त्रालयलाई पत्र पठायो। खेल पूर्वाधारसँग सम्बन्धित परियोजना भएकाले खेलकुद मन्त्रालय पुगेको फाइल अध्ययनका लागि भन्दै मन्त्रिपरिषद्ले कार्यदल बनायो। कार्यदलले रंगशालाको अध्ययनसमेत सकायो।

डेढ वर्षदेखि मन्त्रालयदेखि प्रधानमन्त्री कार्यालयसम्म धाइरहेका फाउन्डेसनका अध्यक्ष कट्टेल हस्तान्तरण छिट्टै टुंगिने आशामा छन्। 'बिदाको दिनबाहेक अधिकांश समय सिंहदरबारभित्रै हुन्छु। कहिले खेदकुद, कहिले अर्थ त, कहिले सहरी विकास मन्त्रालयको ढोकामा पुग्छु। उनीहरूले प्रधानमन्त्री कार्यालयदेखि जहाँ-जहाँ जान भन्छन्, ज-जसलाई भेट्न भन्छन्, त्यही गरिरहेको छु,' उनले भने, 'नराम्रो गरेको छैन, आशा गरौं छिट्टै टुंगिनेछ। रंगशाला अलपत्र बन्नुहुँदैन।' मंगलबार मात्रै कट्टेलले 'धुर्मुस-सुन्तली फाउन्डेसन'को फेसबुक पेजमा एक भिडियो सेयर गर्दै आफूले कतैबाट सहयोग नपाएको र मानसिक यातना भोगिरहेको गुनासो गरेका छन्। आर्थिक अभावका कारण काम गर्न नसकेको भन्दै उनले अझै पनि आसमै बसेको र कतै नभागेकोसमेत स्पष्ट पारेका छन्। यद्यपि, धुर्मुस-सुन्तली फाउन्डेशनको पारदर्शितामाथि पनि प्रश्न उठिरहेको छ। उक्त रंगशाला निर्माणका लागि संघीय सरकारले बजेट छुट्याए पनि मन्त्रिपरिषद्बाट निर्णय नहुँदा प्रस्ट टुंगो लागेको छैन।

रंगशालाको ३५ प्रतिशत भौतिक प्रगति भएको बताइएको छ। ३० हजार दर्शक क्षमताको रंगशालामा तीन हजार दर्शक बसेर खेल हेर्न मिल्ने प्यारापिट पहिलो चरणमा बनेको छ। प्यारापिटका दुई सय ८३ पिलर उठाइएको छ। प्यारापिट तयार भएर भिआइपी टावर बनाउन थालिएको देखिन्छ। टावर 'वान'को पिलर उठाई सकेर बिम ढलान भएको छ। टावर 'टु'को अगाडिको जग सम्पन्न भएको छ। ९० प्रतिशत काम सकिएको मैदानको पिच गर्न मात्रै बाँकी छ। पिच बनेको भए खेल खेलाउन सक्ने मैदान बन्थ्यो। गत २३ साउनदेखि रंगशालाको काम पूर्ण रूपमा ठप्प छ। २ पुसदेखि आधिकारिक रूपमै रंगशालाको काम रोकिएको छ।

महानगरले गरेको रंगशालाको स्वतन्त्र लेखापरीक्षणमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशालाको २० माघसम्म कुल खर्च ६३ करोडभन्दा बढी छ। जसमध्ये चार प्रतिशत कार्यालय व्यवस्थापन खर्च, १५ प्रतिशत बोलपत्रदाताको ओभरहेड र १३ प्रतिशत मूल्य अभिवृद्धि कर समावेश गर्दा कुल खर्च ६३ करोड २२ लाख पाँच हजार दुई सय ८० रुपैयाँ पुग्ने प्रतिवेदनमा उल्लेख छ। रंगशाला निर्माणका लागि ३९ करोड ८० लाख ३८ हजार पाँच सय ८८ रुपैयाँ संकलन भएको प्रतिवेदनमा उल्लेख छ। रंगशाला परियोजना १८ करोड १२ लाख ४७ हजार एक सय ५० रुपैयाँ ऋणमा रहेको महानगरको स्वतन्त्र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ। रंगशाला निर्माणमा आर्थिक अभाव भएपछि फाउन्डेसनका अध्यक्ष सीताराम कट्टेल (धुर्मुस)ले आफ्नो तथा अन्य केही व्यक्तिको नाममा सहकारी र व्यक्तिगत रूपमा रुपैयाँ ऋण लिएको देखिन्छ। रंगशाला बनाउन साढे तीन अर्ब रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान थियो।

● भरतपुरकी मेयर रेनु दाहाल भन्छिन्- ऋणका कारण समस्या भएको हो, अब गाँठो फुकाएर काम हुन्छ

एकदिवसीय क्रिकेटमा नेपालले ऐतिहासिक सफलता प्राप्त गरेपछि मैले खेलाडीको हैसलाका लागि 'दुक्क हुनुस्, भरतपुरमा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम बन्छ, केही दिनमा खुसीको खबर सुन्न पाउनुहुनेछ' भनेर सामाजिक सञ्जालमा पनि लेखेको थिएँ। हामी रंगशाला बनाउने प्रक्रियामा रातदिन लागिरहेका छौं। यसबारे धेरै चरणमा बैठक भएको छ। रोकिएको कामको समन्वय गरेर अघि बढ्न लागेका छौं। आउने मन्त्रिपरिषद् बैठकले यो विषयमा निर्णय गर्छ होला। ऋणका कारण समस्या भएको हो। अब जहाँ समस्या हो, त्यो गाँठो फुकाउने गरी काम हुन्छ। फाउन्डेसनलाई केन्द्र सरकारबाट एकमुस्ट ऋण तिर्न अनुदान दिएर भए पनि काम अघि बढाउने तयारी छ। क्रिकेटप्रतिको आकर्षण र चर्चाले मात्र होइन, रंगशाला अति आवश्यक छ।

रणनीति कि...

पृष्ठ १ बाट क्रमशः

दशकपछि एकै ठाउँमा उभिनुलाई ती दलका नेताले महत्त्वपूर्ण राजनीतिक घटनाक्रम मानेका छन्। यद्यपि, यसमा परिवर्तनको रक्षा गर्ने एजेन्डागत रणनीति र खुम्चिँदो शक्तिको बाध्यता पनि जोडिएको छ।

कांग्रेस-माओवादी नेतृत्वको १० दलीय गठबन्धनमा सहभागी भएका जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टी पहिलोपटक एउटै सरकारमा सहभागी हुँदै छन्। थरुहट आन्दोलनको जगमा उदाएको नागरिक उन्मुक्ति पार्टी भने सर्तसहित सरकारमा जान लचिलो भएको छ।

सत्ताबाट टाढा नभए पनि सबै मधेसकेन्द्रित दल एकैपटक सरकारमा सहभागी हुन तयार १० वर्षपछि अहिले हो। उपेन्द्र यादव नेतृत्वको जसपाबाट अलग्गिएपछि महन्थ ठाकुर नेतृत्वको लोसपा एउटै गठबन्धनमा बसेको भने यो पहिलोपटक हो। ०६८ मा तत्कालीन भट्टराईको सरकारमा एकैपटक सातवटा मधेसकेन्द्रित दल सरकारमा सहभागी भएका थिए।

मधेस आन्दोलनका क्रममा आफ्नो मुद्दा सम्बोधनका लागि त्यतिवेला मधेसी जनअधिकार फोरम, मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक), मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), नेपाल सद्भावना पार्टी, सद्भावना पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टी र तमलोपा (प्रजातान्त्रिक)बीच संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा नै बनेको थियो। त्यतिवेला भट्टराईलाई प्रधानमन्त्रीमा निर्वाचित गराउन मधेसी मोर्चाको समर्थन नै निर्णायक रहेको थियो।

अहिले पनि राजनीतिक परिस्थिति उस्तै बनेको र सबै मधेसकेन्द्रित दल एक ठाउँ आउने वातावरण बनेको नेताहरूको दाबी छ। देशमा गणतन्त्र र संघीयताविरोधी शक्तिहरू देखिएका कारण संघीयता र गणतन्त्र पक्षधर एकै ठाउँमा उभिनुपर्ने अवस्था आएको जसपा सांसद राजकिशोर यादवले बताए।

सरकारमा जान तयार १२ सिट रहेको जसपाले अहिले गठबन्धनमा तीन मन्त्रालयको दाबी गरिरहेको छ। यसअघि एमालेसहितको गठबन्धनको सरकारमा प्रधानमन्त्री प्रचण्डलाई समर्थन गरे पनि जसपा सरकारमा गएको थिएन। उपराष्ट्रपति पद उसको मूल बटमलाइन थियो।

मधेसकेन्द्रित दलहरू एकै गठबन्धनमा भए पनि गठबन्धनभित्र दुई ध्रुव भने कायमै छ। जनमत, लोसपा र नागरिक उन्मुक्ति पार्टी कार्यगत एकता गरेरै एकातिर छन् भने जसपा अर्कोतिर। जसकारण एउटै गठबन्धनमा हुँदाहुँदै उपराष्ट्रपति निर्वाचनमा रामसहायप्रसाद यादवविरुद्ध जनमतले ममता झालाई उम्मेदवार बनाएको थियो।

यसअघि विपक्षी गठबन्धनमा रहेको र निर्वाचनमा फरक-फरक गठबन्धनसहित चुनाव लडेको ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी यसपटक जसपासँगै सरकारमा सहभागी हुँदै छ। संसद्मा चार सिट रहेको लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारीले माओवादी पुरानै गठबन्धनमा फर्किएको र तीन नयाँ दल पनि थपिएको अवस्थामा आफूहरू स्वाभाविक रूपमा सरकारको हिस्सा हुने बताउँछन्।

विकास निर्माण...

पृष्ठ १ बाट क्रमशः

पाँचपोखरी थाङपाल गाउँपालिकाको थुप्रै बस्तीलाई निकुञ्ज क्षेत्रभित्र समेटियो। हाल हेलम्बुको तिम्बुमा निकुञ्जको रेन्जरपोस्ट छ। त्यसमाथि रहेका एक दर्जन बस्तीलाई निकुञ्जले ज्यादती गरेको स्थानीय बताउँछन्।

मेलम्चीघ्याङका उर्गेन शेर्पाले निकुञ्जका कारण हेलम्बुवासी घाँस-दाउरा गर्न वन जान नपाएको बताए। गाईबस्तु चरणमा जान प्रतिबन्ध छ। घर बनाउँदा ढुंगा झिक्न निकुञ्जको अनुमति लिनुपर्छ। आफ्नै गाउँको ढुंगा प्रयोग गरेर घर बनाउँदा निकुञ्जलाई कर तिर्नुपर्छ

बुधबार ८ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.ह.नि.इ.न. १७/०६९/७७०

सात वर्षपछि लाओससँग खेल्दै नेपाल

सन् २०१६ को सोलिडारिटी कपमा नेपालले लाओसमाथि टाइब्रेकरमा जित निकालेको थियो

■ दशरथ रंगशालामा बुधबारदेखि सुरु हुने प्रधानमन्त्री श्री नेसन्स कपमा आयोजक नेपालसँगै लाओस र भुटान प्रतिस्पर्धा गर्दै



धेरैजसो सिनियर खेलाडी विदेश पलायन भएका कारण मुख्य प्रशिक्षक अबर्ल्टोले खेलाडी छनोटको मुख्य आधार नै सहिद स्मारक 'ए' डिभिजन लिगलाई बनाए। यसपटक सात युवा खेलाडी लाओस र भुटानविरुद्ध अन्तर्राष्ट्रिय खेलमा डेब्यु गर्ने सम्भावना।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोलीले बुधबार लाओससँग बुधबार सात वर्षपछि प्रतिस्पर्धा गर्दै छ। प्रधानमन्त्री कप श्री नेसन्स फुटबल प्रतियोगिताको उद्घाटन खेलमा घरेलु टोली नेपालले लाओसविरुद्ध भिड्न लागेको हो। नेपालले सन् २०१६ मा सोलिडारिटी कपमा लाओसविरुद्ध प्रतिस्पर्धा गरेको थियो। जसमा नेपाल विजयी भयो। फिफा वरीयतामा लाओस १८७ र नेपाल १७५औँ स्थानमा छन्। वरीयता आधारमा नेपाल विपक्षीभन्दा बलियो देखिन्छ। गत डिसेम्बरमा लाओसले म्यानमारलाई २-२ को बराबरी खेलेको थियो। त्यसपछि लाओसले पहिलोपटक अन्तर्राष्ट्रिय खेल खेल्न लागेको हो।

आफूभन्दा कमजोर प्रतिद्वन्द्वी भए पनि विपक्षीलाई कमजोर नआँक्ने नेपालका मुख्य प्रशिक्षक भिसेन्जो अल्बर्टोले मंगलबार आयोजित पत्रकार सम्मेलनमा बताएका छन्। कप्तान तथा गोलरक्षक किरण चेम्जोङले पनि विपक्षीलाई कमजोर रूपमा लिन नहुने जनाए। 'फुटबलमा वरीयताभन्दा पनि खेल महत्त्वपूर्ण हो,' प्रिपोस्ट म्याचअगाडि प्रशिक्षक अल्बर्टोले भने, 'हामीले अन्तर्राष्ट्रिय खेलमा प्राप्त मौकाको सदुपयोग गर्नुपर्छ।'

गत १७ फागुनदेखि मुख्य प्रशिक्षकको जिम्मेवारी पाएका अल्बर्टोले नेपाली खेलाडी प्रतिभावान् भएको बताएका छन्। 'नेपाली खेलाडी धेरै क्षमतावान् छन्,' अल्बर्टोले भने। श्री नेसन्स कपमा प्रतिस्पर्धा गर्ने नेपाली टोलीको घोषणा हुँदा सातजना नयाँ खेलाडी परेका छन्। जिम्मेवारी पाएको छोटो समयमा खेलाडी छनोट गर्न समस्या भएको प्रशिक्षक अल्बर्टोको भनाइ छ।

'मसँग छोटो समय भएकाले खेलाडी छनोट गर्न गाह्रो भयो,' उनले भने। खेलाडी छनोटका क्रममा उनले सहिद स्मारक ए डिभिजन लिगमा घरेलु खेलाडीको प्रदर्शन हेरेका थिए। यसैका आधारमा नेपाली टोली घोषणा भएको उनले स्पष्ट पारेका छन्। 'ए डिभिजन लिग चलिरहेको स्थानमा पुगेर खेल हेर्रे, यसबीचमा मैले थोरै समय पाएँ,' समस्या बताउँदै अल्बर्टो भन्छन्, 'यसैका आधारमा खेलाडी छनोट गरेको हुँ, यसपटक धेरै नयाँ खेलाडी छन्।'

खेलाडीलाई संगठित गर्न समय लाग्दा अभ्यासको समय पनि छोटो भएको उनले जनाए। 'प्रतियोगिताका लागि हामीले कम समयमा अभ्यास गरेका छौं, यसको नतिजा कस्तो हुन्छ, बुधबारको खेलले बताउनेछ,' उनी भन्छन्, 'धेरै सिनियर खेलाडी विदेश पयालयन हुँदा युवा खेलाडीले स्थान पाएका हुन्।'

नयाँ खेलाडीसामु चुनौती

नेपाली टोलीका कप्तान किरणले धेरै युवा खेलाडी सम्मिलित हुँदा प्रतियोगितामा चुनौती सामना गर्नुपर्ने बताएका छन्। 'हामीले निकै छोटो समयको तयारीमा प्रतियोगिता खेल्दै छौं,' किरणले भने, 'खेलाडी र प्रशिक्षकसमेतलाई चुनौती छन्, लिगको विश्रामको समयमा खेल हुन लागेको हो।' कप्तान किरणले धेरैजसो खेलाडी विदेश पलायन भएका कारण नै नेपाली टोलीमा समस्या थपिएको बताए। 'यसबीचमा धेरै खेलाडी विदेश पलायन भए, ती विदेश पुगेका खेलाडी हाम्रो पहिलो रोजाइका खेलाडी थिए,' विदेश पलायनको समस्या बताउँदै किरणले थपे, 'यसै कारण हामीले अझै धेरै चुनौती सामना गर्नुपर्ने भएको हो।'

नयाँ प्रशिक्षक भएकाले नयाँ तरिका र रणनीतिलाई पछ्याउनुपर्ने उनले बताए। प्रतियोगितामा सहभागी दुई राष्ट्र वरीयतामा मुनि भए पनि खेलको नतिजाबारे स्पष्ट भन्न नसकिने कप्तान किरणको भनाइ रह्यो। 'प्रतिस्पर्धामा वरीयताको अर्थ रहँदैन, मैदानमा जसले राम्रो खेल्छ, जित उसैको हुन्छ,' उनी भन्छन्। सन् २०१६ मा लाओसविरुद्ध प्रतिस्पर्धा गरेका किरणले वर्तमान समयमा उनीहरूमा धेरै परिवर्तन आइसकेको जनाए। 'त्यसबेला प्रतिस्पर्धा गरेको र अहिलेको लाओसबीच धेरै परिवर्तन आइसकेको छ,' विपक्षीलाई कमजोर नआँक्न आग्रह गर्दै किरणले जनाए, 'त्यसैले अहिले नै केही भन्न सकिँदैन।'

अन्तिम टोली

● **गोलरक्षक** : किरणकुमार लिम्बू, दीप कार्की, अभिषेक बराल
● **डिफेन्डर** : सनिश श्रेष्ठ, विकास खवास, अनन्त तामाङ, पदम भट्टराई, आदित्य चौधरी, निशान्त खड्का ● **मिडफिल्डर** : पुजन उपरकोटी, एरिक विष्ट, नवीन लामा, रोहित चन्द, कमल थापा, मणिकुमार लामा, भरत खवास ● **स्ट्राइकर** : आयुष घलान, नवयुग श्रेष्ठ, दीपकसिंह ठकुरी, अञ्जन विष्ट, आशिष चौधरी, सुमित श्रेष्ठ, मनीष डाँगी

नेपाली टोलीमा सात नयाँ अनुहार

नेपालका प्रशिक्षक अल्बर्टोले मंगलबार राष्ट्रिय टोलीको घोषणा गर्दा सातजना नयाँ खेलाडीलाई समावेश गरेका छन्। गोलरक्षक अभिषेक बराल, डिफेन्डरहरू सनिश श्रेष्ठ र पदम भट्टराई, मिडफिल्डमा नवीन लामा र मणिकुमार लामासँगै स्ट्राइकरमा सुमित श्रेष्ठ र दीपकसिंह ठकुरी पहिलोपटक राष्ट्रिय टोलीमा परेका छन्। पछिल्लो समयमा नेपालका युवा खेलाडी अस्ट्रेलियालगायत विभिन्न राष्ट्रमा पुगेका छन्। अझ राष्ट्रिय टोलीका नियमित एक दर्जनभन्दा बढी खेलाडी अस्ट्रेलिया पलायन भएका छन्।

■ लाओसको छोटो तयारी

नेपालविरुद्ध प्रतिस्पर्धा गर्ने लाओसका प्रशिक्षक माइकलले निकै छोटो तयारीबीच आएको जानकारी दिएका छन्। 'प्रतियोगिताका लागि हामीले निकै छोटो तयारी समय पायौं,' एक शब्दमा प्रशिक्षक माइकलले भने, 'फुटबलमा जितभन्दा विकास पनि महत्त्वपूर्ण पक्ष हो।' लाओसले फुटबल विकासका लागि सिनियरभन्दा युवा खेलाडीलाई बढी स्थान दिएको उनले जनाए।

'पछिल्लो समयमा हामीले सिनियर खेलाडीलाई विस्थापित गरेका छौं, यसक्रममा टोलीमा धेरै नयाँ खेलाडीले स्थान पाएका छन्,' राष्ट्रिय टोलीको निर्माणबारे उनले बताए, 'उनीहरूबाट राम्रो प्रदर्शन हुने अपेक्षा राखेको छु।' नेपालको घरेलु मैदानमा प्रतिस्पर्धा कठिन हुने उनको बुझाइ छ। 'नेपाललाई पहिलो घरेलु मैदान र समर्थकको फाइदा छ, यसमा हामी पछाडि छौं,' नेपाल र लाओसबीचको तुलना गर्दै उनले भने।

■ पाँच वर्षपछि भुटान खेल्दै

फुटबल विकासकै लागि तीन वर्षसम्म भुटानले घरेलु फुटबल प्रतियोगितालाई जोड दियो। यसै कारण भुटानले पछिल्ला केही वर्षमा कुनै पनि अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा सहभागिता जनाएन। नेपाल र भुटानबीच पाँच वर्षपछि प्रतिस्पर्धा हुन लागेको हो। नेपालले अन्तिमपटक सन् २०१८ को साफ च्याम्पियनसिपमा भुटानलाई हराएको थियो।

अन्तर्राष्ट्रिय फुटबल तथ्यांकअनुसार नेपाल र भुटानबीच १३ खेल भए। यसमा नेपालले सबै खेलमा जित निकालेको थियो। नेपालमाथि भुटानले एक खेलमा पनि जित हात पार्न सकेको छैन। भुटानका प्रशिक्षक पेमा पेमाले श्री नेसन्स कपमा प्रतिस्पर्धा गर्न आएको टोली बलियो भएको दाबी गरेका छन्।

'वास्तवमा यसपटकको भुटानी टोली बलियो छ,' उनले भने, 'प्रतियोगिताका लागि हामीले दुई महिना अभ्यास गरेका छौं।' नेपाल, लाओसले जस्तै भुटानले पनि नयाँ खेलाडीलाई प्राथमिकतामा राखेको छ। अहिले नयाँ र युवा खेलाडीको बाहुल्यता छ,' उनले भने, 'नेपाल बलियो छ, हामीले प्रतियोगितामा जित्ने लक्ष्य राखेका छौं।' यसैबीच, भुटानका कप्तान चेन्चोले नेपालमा आफ्नो टोलीलाई समर्थन हुने अपेक्षा राखेको जनाए।

खेल संक्षेप

पोखरेलको जोडीलाई उपाधि

संखुवासभा/ राष्ट्रव्यापी खुला ब्याडमिन्टन प्रतियोगिताको उपाधि राजु थापा र सिर्जल थापाको जोडीले जितेको छ। प्रतियोगिताको मंगलबार भएको फाइनलमा पुरुष डबलतर्फ संखुवासभाका पोखरेल र चितवनका थापाको जोडीले धरानका सूर्य श्रेष्ठ र सत्यम सुब्बाको जोडीलाई हराउँदै उपाधि हात पारेको हो। च्याम्पियनले ७५ हजार, उपविजेताले ५० हजार र तेस्रोले १५ हजार रुपैयाँ पाएका छन्। महिला डबलमा रोजी राई र सुष्टि राईको जोडी पहिलो भयो। काठमाडौंका सोमा गुरुङ र निकिता लामा दोस्रो भए। महिलातर्फ पहिलो हुनेले ४५ हजार, उपविजेताले ३० हजार र तेस्रो हुने जोडीले १० हजार रुपैयाँ पाएको आयोजकले जनाएको छ।

स्वर्णविजेता श्रेष्ठ ब्रान्ड एम्बासडर

काठमाडौं/ १३औँ दक्षिण एसियाली खेलकुद (साग)का दोहोरो स्वर्ण पदक विजेता मण्डेकाजी श्रेष्ठ प्यारागन पब्लिक स्कुलको ब्रान्ड एम्बासडरमा नियुक्त भएका छन्। खेलकुदमार्फत राष्ट्रलाई पुऱ्याएको योगदानको कदर गर्दै प्यारागन पब्लिक स्कुलले श्रेष्ठलाई दुई वर्षसम्मका लागि ब्रान्ड एम्बासडरमा नियुक्त गरेको जनाएको छ। श्रेष्ठले सन् २०१९ मा नेपालमा भएको १३औँ सागमा करँतेबाट दोहोरो स्वर्ण पदक जितेका थिए। एम्बासडरमा नियुक्त भएसँगै श्रेष्ठले मासिक रूपमा पारिश्रमिक पाउनुका साथै विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदा विद्यालयले सहयोग गर्ने सम्झौतामा उल्लेख छ।

तीन क्रिकेटर सम्मानित

कास्की/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका फास्ट बलर करण केसी मंगलबार सम्मानित भएका छन्। पोखराको नेपाल भूतपूर्व खेलाडी मञ्च र पोखरा क्रिकेट एकेडेमीले संयुक्त रूपमा केसीसँगै यू-१९ राष्ट्रिय क्रिकेट टोलीका सदस्य सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई एक कार्यक्रमबीच नगदसहित सम्मान गरिएको हो। विश्वकप क्रिकेट लिग-२ मा नेपाललाई तेस्रो स्थान दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका करणले २० हजार रुपैयाँ पाए। नेपाली यू-१९ टोलीलाई सन् २०२४ मा श्रीलंकामा हुने विश्वकपमा पुऱ्याउन भूमिका खेलेका खेलाडी सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरियो।

तिलोत्तमा गोल्डकपको सेमिफाइनलमा मनाङ



नयाँ पत्रिका

मनाङ मर्स्याङ्दी क्लब २२औँ तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। प्रतियोगिताको मंगलबारको खेलमा चारपटकको विजेता नेपाल पुलिस क्लबलाई २-१ ले हराउँदै मनाङ अन्तिम चारमा पुगेको हो। मनाङको जितमा प्रसन्न श्रेष्ठ र चेतनकुमार थारूले एक-एक गोल गरेका थिए। पुलिसका लागि बुद्धबल तामाङले एक गोल फर्काए। खेलअवधिभर प्राप्त अवसरमा गोल गर्न नसक्दा पुलिस क्वार्टरफाइनलबाट बाहिरिएको हो।

मनाङले पुलिसमाथि काउन्टर एट्याकमा दबाब राखेको थियो। खेलको ३२औँ मिनेटमा प्रसन्नले पुलिसको डिफेन्स तोड्दै डिबक्सबाट मनाङलाई १-० को अग्रता दिलाए। पहिलो हाफको दोस्रो इन्जुरी समयमा चेतनले मनाङलाई २-० को स्थितिमा राखे। उनले रिबाउन्डमा सहजै पहिलो बारमा गोल गरेका हुन्।

पहिलो हाफको तुलनामा पुलिस मध्यान्तरपछि कमजोर देखियो। मनाङले दोस्रो हाफमा सुधारिएको खेल प्रदर्शन गरे पनि थप गोल गर्न सकेन। दोस्रो हाफको १६औँ मिनेटमा बुद्धबहादुरले पोस्टभन्दा १८ यार्ड टाढाबाट पुलिसका लागि २-१ को गोलअन्तरका लागि गोल गरे। एक गोल फर्काएको पुलिसले खेल केही समय पडकमा लिएको थियो। यद्यपि, पुलिसका खेलाडीले अर्को गोल थप्न सकेनन्। खेलको अन्तिम समयमा पुलिसले प्राप्त फ्रिकिकमा गोल गर्न चुक्यो।

चारपटकको विजेता पुलिस

पुलिसले ०३५, ०५१, ०५४ र ०५५ सालमा तिलोत्तमा गोल्डकप जितेको थियो। तिलोत्तमा गोल्डकपमा गर्विलो इतिहास बनाएको पुलिस ०७४ र ०७५ सालमा उपविजेता बनेको थियो। २०औँ संस्करणमा पुलिस श्री स्टारसँग २-० ले पराजित भएको थियो। सेमिफाइनल स्थान बनाएको मनाङले अहिलेसम्म तिलोत्तमा गोल्डकपको उपाधि जित्न सकेको छैन। मनाङले अब फाइनल प्रवेशका लागि बिहीबार फ्रेन्ड्स क्लबको सामना गर्नेछ।

फ्रेन्ड्सले सेमिफाइनल स्थान पक्का गर्ने क्रममा एपिएफलाई २-१ ले हराएको थियो। प्रतियोगिताअन्तर्गत बुधबार सुदूरपश्चिम ११ र श्री स्टार क्लबबीच पहिलो सेमिफाइनल खेल हुनेछ। सुदूरपश्चिमले उद्घाटन खेलमा रूपन्देही ११ लाई हराएको थियो। श्री स्टारले हिमालयन शेर्पा क्लबलाई पाखा लगाउँदै अन्तिम चारको स्थान सुरक्षित गरेको थियो।

सिमरा गोल्डकपको तयारी पूरा



बारामा **वसन्त खतिवडा**

१३औँ जितपुर-सिमरा गोल्डकप फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ। सिमरा रंगशालामा मंगलबार आयोजकले पत्रकार सम्मेलन गरी सबै तयारी पूरा भएको जनाएको हो। गोल्डकप ९-१८ चैतसम्म हुने आयोजक समितिका महासचिव शम्भुसिंह ठकुरीले जानकारी दिएका छन्। प्रतियोगितामा १० टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा आयोजक नव जनजागृति क्लब, केबिए ग्लोबल बिएफसी चितवन, वीरगन्ज युनाइटेड, बागमती युवा, एनआरटी, एपिएफ, चर्च ब्वाइज युनाइटेड, हिमालयन शेर्पा र सातदोबाटो युथ क्लबले सहभागिता जनाउनेछन्। प्रतियोगिताको उद्घाटन खेलमा आयोजक नव जनजागृतिले ग्लोबल बिएफसीको सामना गर्नेछ।

प्रतियोगिताका विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ हात पार्नेछन्। प्रत्येक दिनको उत्कृष्ट खेलाडीलाई १० हजार र स्थानीय उदीयमान खेलाडीलाई १५ हजार दिने आयोजक क्लबका अध्यक्ष रामचन्द्र लामाले बताए। उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, सर्वाधिक गोलकर्ता र प्रशिक्षकले जनही २० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक थान मोटरसाइकल वा स्कुटर प्राप्त गर्नेछन्। प्रतियोगिता अवधिभर खेलाडी, प्रशिक्षक र अफिसियलको १० लाख, दर्शक र पत्रकारका लागि पाँच लाखको बिमासमेत गरिएको आयोजकले जनाएको छ।

रणजी ट्रफीमा नेपाली खेलाडीलाई मौका दिनुपर्छ : देसाई

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् र भारतीय क्रिकेट कन्ट्रोल बोर्डसँग नेपाली टोलीलाई भारतमा खेल्ने वातावरण मिलाउन आग्रह गरेको प्रशिक्षक देसाईले बताए



फाइल तस्बिर

एजेन्सी

नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रमुख प्रशिक्षक मोन्टी देसाईले नेपाली खेलाडीलाई भारतको प्रतिष्ठित क्रिकेट प्रतियोतिगा रणजी ट्रफीमा मौका दिनुपर्ने बताएका छन्। 'नेपाली खेलाडीलाई कम्तीमा भारतको रणजी ट्रफीमा मौका दिनुपर्छ,' भारतको चर्चित अनलाइन क्रिकबजसँग कुराकानी गर्दै नेपालका प्रशिक्षक देसाईले भनेका छन्।

देसाईको आगमनमा नेपालले आइसिसी विश्वकप क्रिकेट लिग-२ मा उत्कृष्ट प्रदर्शन गर्दै एकदिवसीय विश्वकपको सीधै ग्लोबल छनोटमा स्थान पक्का गरेको थियो।

गत साता नेपालले विश्वकप लिग-२ को १४०औँ खेलमा युएईलाई डकवर्थ लेविस नियममा नौ रनले हराउँदै ग्लोबल छनोट स्थान पक्का गरेको थियो। विश्वकप लिग-२ मा नेपालले ३६ खेलबाट ४० अंक बटुल्दै तेस्रो स्थान पक्का गरेको थियो।

आइसिसीले विश्वकप लिग-२ का शीर्ष तीन टोली जिम्बाबेमा हुने ग्लोबल छनोटमा सहभागी हुने जनाएको छ। देसाईले मुख्य प्रशिक्षकको जिम्मेवारी पाउनुअघि नेपाल विश्वकप लिग-२ को नाजुक अवस्थामा थियो। चार महिनाअघिसम्म नेपाल १८ अंकका साथ छैटौं स्थानमा थियो। तर, देसाईको आगमनपछि नेपालले १२ मध्ये ११ खेलमा उत्कृष्ट जित निकाल्यो। यसक्रममा नेपालले त्रिवि क्रिकेट मैदानमा दुईवटा सिरिजमाथि क्लिन स्विप परेको थियो।

देसाईको प्रशिक्षणमा १२ मध्ये ११ खेलमा जित

नेपाली क्रिकेटरले पछिल्ला १२ खेलमा देखाएको प्रदर्शनका आधारमा उनीहरूलाई रणजी ट्रफीमा मौका दिनुपर्ने धारणा प्रशिक्षक देसाईले राखेका हुन्। यसका लागि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) र भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई)सँग नेपाली टिमलाई भारतमा खेल्ने वातावरण मिलाउन आग्रह गरेको उनले बताएका छन्।

'यसबीचमा आइसिसी र बिसिसिआईका सचिव तथा एसिसी अध्यक्ष जयसँग कुरा गरेको छु,' क्रिकबजसँगको अन्तर्वार्तामा देसाईले भने, 'स्कटल्यान्ड र आयरल्यान्डका खेलाडीले इंग्ल्यान्डमा खेलिरहेका छन्, हाम्रो टोलीलाई पनि भारतमा खेल्न दिइनुपर्छ, त्यो पनि रणजी ट्रफीमा।' नेपाली खेलाडीले रणजी ट्रफीमा खेल्न अवसर पाउँदा आउने चार वर्षमा नेपाल टेस्ट खेल्ने राष्ट्र हुने दाबी उनले गरेका छन्।

'नेपालले रणजी ट्रफीमा खेल्न मौका पाएको खण्डमा हामी आगामी ४ वर्षमा टेस्ट खेल्ने राष्ट्र बन्न सक्छौं,' उनले भनेका छन्। अन्तर्वार्ताका क्रममा नेपालपछि क्रिकेट सुरु गरेको राष्ट्र अफगानिस्तान आइसिसीको पूर्ण सदस्य बनेको प्रसंग उठाएका छन्। उनी भन्छन्, 'अफगानिस्तानजस्तै हाम्रा छिमेकी देशहरू आइसिसीका पूर्ण सदस्य छन्, अफगानिस्तान र नेपालको क्रिकेट यात्रा एकै समयमा सुरु भएको हो।'

यसैबीचमा देसाईले नेपाली क्रिकेट समर्थकको खुबै प्रशंसा गरेका छन्। नेपाली समर्थकबीच देखेको क्रेज आफूले अरू देशमा नपाएको उनको भनाइ छ। 'ड्रेसिङ रुमबाट रूखमा प्रशंसकहरूलाई देख्दा अचम्मित र चिन्तित भएँ,' उनले भने, 'प्रशंसक रूखको हाँगादेखि घरका छतहरूमा थिए, मलाई एक समय रूखका हाँगा भाँचिन्छ जस्तो लागेको थियो।'

युएईका क्रिकेट प्रशिक्षक सिंह बर्खास्त

आइसिसी विश्वकप क्रिकेट लिग-२ मा युएईलाई उत्कृष्ट नतिजा दिलाउन नसक्दा मुख्य प्रशिक्षक रोबिन सिंहले गुमाए पद



दुबई/ युनाइटेड अरब इमिरेट्स (युएई)ले राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक रोबिन सिंहलाई पदबाट हटाएको छ। आइसिसी विश्वकप क्रिकेट लिग-२ मा युएईलाई उत्कृष्ट नतिजा दिलाउन नसक्दा प्रशिक्षक सिंह बर्खास्तीमा परेका हुन्। आइसिसी विश्वकप लिग-२ मा लगातार खराब प्रदर्शन भएपछि अहिले युएईको एकदिवसीय मान्यतासमेत जोखिममा छ।

लिग-२ को तालिकामा युएई छैटौं स्थानमा छ। युएईले यसै सातादेखि नामिबियामा एकदिवसीय विश्वकप ग्लोबल छनोटमा स्थान बनाउन प्लेअफ छनोट खेल खेल्दै छ। प्लेअफ छनोटमा शीर्ष दुई स्थान रक्षा गर्न नसक्दा युएईको एकदिवसीय मान्यता पूर्ण रूपले खोसिनेछ। युएईले शीर्ष तीनमा रहँदै जुन-जुलाईमा जिम्बाबेमा हुने एकदिवसीय विश्वकप छनोट खेल्ने अवसर चुकाएको थियो।

विश्वकप लिग-२ मा युएईले घरेलु तथा नेपालमा भएको सिरिज गुमाएको थियो। तालिकाकै सबैभन्दा कमजोर पपुवा न्युगिनीसँग लगातार खेलमा पराजित हुँदा युएईको विश्वकप लिग-२ को शीर्ष तीनमा पुग्ने सम्भावना समाप्त भएको थियो।

पछिल्ला १५ मध्ये तीन खेलमा जित निकाल्दा युएई छैटौं स्थानमा सीमित भयो। रोबिन सिंहको प्रशिक्षक युएईले कुनै पनि पक्षमा उत्कृष्ट प्रदर्शन गर्न सकेन। युएईको बलियो मानिएको ब्याटिङ निकै कमजोर देखियो। उनले खेलाडीलाई बारम्बार प्रयोग गरिरहँदा पनि युएईले विश्वकप लिग-२ को निर्णायक खेलहरू गुमायो। कुनै समय रोबिन सिंह भारतीय राष्ट्रिय क्रिकेट टोलीका अलराउन्ड खेलाडी थिए। मध्यक्रममा उनी विस्फोटक ब्याटिङ गर्न रुचाउँथे।

सिंहले भारतका लागि १३६ एकदिवसीय खेलमा दुई हजार तीन सय ३६ रन बनाएका थिए। उनले आफ्नो एकदिवसीय खेलमा एक शतक र नौ अर्धशतक बनाएका छन्। एकपटक मात्र टेस्ट खेलमा मौका पाएका सिंहले २७ रन जोडेका थिए। यसैगरी, १३६ एकदिवसीय खेलमा उनले ६९ विकेट हात पारे। उनले पहिलो श्रेणीमा १७३ तथा लिस्ट एमा १५० विकेट लिएका छन्। पहिलो श्रेणी क्रिकेटमा सिंहले २२ शतक र ३३ अर्धशतकको सहयोगमा ६ हजार नौ सय ९७ रन जोडेका थिए। लिस्ट एमा २२८ खेलबाट उनले चार हजार ५७ रन जोड्दा एक शतक र २० अर्धशतक लगाए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com